CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री गौरीशङ्कराभ्यां नमः

भूमिका ।

सर्वशक्तिमान् सर्वान्तर्यामी परमपुरुषका असीम कृपा कटाक्षले गर्दा आज मैले यो सानू पुस्तक पाठकवृन्दका समीपमा उपस्थित गर्न पायें, यो मेरो ठूलो सौभाग्यको विषय हो, हुन ता यो पुस्तक अतिशय सानू र क्षुद्र तथा चिरकालमा समाप्त भयेको छ विशेष रुचिकर कविप्रतिभाको अनुकूल महत्वको कुरा पनि यसमा केही छैन परन्तु कार्य जस्तोसुकै क्षुद्र र जतीसुकै कालमा समाप्त भयेको होस् ता. पनि कार्य-समाप्तिको अनन्तर कार्य-कर्त्ताका मनमा केही न केही आनन्दको सञ्चार अवश्यमेव हुदोरहेछ. जुन समयमा मैले यस ' सत्यकलि-सम्वाद ' को विषयमा हस्तक्षेप गरेथें, उस वेला मलाई यो पुस्तक यती वर्ष पछी यस स्वरूपमा समाप्त गरूला भन्ने स्वप्नमा पनि लागेको थियेन. उस वेला मैले आनन्दी लहडमा यस ग्रन्थको बीच बीचमा परेका तमाखू आदि विषयको वर्णनात्मक हास्य-रस"-प्रधान बीश पचीश श्लोक मात्र लेखी एक कुनामा फाली राखेको थियें, मनमा ग्रन्थका उपक्रमोपसंहार आदिको संभावना पनि थिएन. तर आज दश वर्ष पछी मेरा पूज्य-पाद पिताजी र मित्र-हरूका अनुरोधले तेस लहडका बीज- वापबाट यो सानू पुस्तक रूप फलोदय भयेको देखदा मेरै मनमा बडो आश्चर्य लगी रहेको छ. यसबाट स्पष्टतया बुझिन्छ कि-सर्वशक्तिमान् परमेश्वरको कार्य-संपादन-

उस मा

भने मजस्ता तुच्छातितुच्छ अयोग्य

प्रवेश, धार्मिक सङ्घर्ष, हिन्दू सबी देखी बीजवाप गरेर अहिले यो

प्रजाको दुर्गति, देवालय र प्रा निकाल्नू यो खाली ईश्वर का का-

चनीय अवस्था र हाहाकार, हि

अरू केही होइन. अस्तु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सारा भू-मण्डलमा जहाँतक आधुनिक लोकोत्तर सभ्यताको प्रकाश परेको थियेन. मानीसहरू सामान्य अन्न-वस्त्रादि-द्वारा आफ्नू गुजारा गर्दथे, वहाँ सम्म कसैको प्रतिभा जप, तप, योग, वेदान्त आदिको अगाध विषयमा गोता लगाँउदथ्यो कोही मान्त्रिक शस्त्रास्त्र को आविष्कार गर्दथे. कोही सहस्रशः राग रागिनीहरूको प्रत्यक्ष फोटो लिनामा व्यग्र थिये कोही भक्तिमार्गमा अपूर्व सोपान-श्रेणीको समावेश गर्दथे. कसैलाई दर्शनशास्त्रका ऊहाऽपोहले खींचेको थियो. एतावता उस वेलाको चाल-चलन, व्यवहार-प्रणाली सव अकैं आनन्दी थियो भूमण्डलमा मानीस पनि केही कंती नै थिये. जङ्गली नाबो सामा आदि अन्न र भूर्जपत्र, वल्कलादि वस्त्र ले पनि जनसमाजको निर्वाह चलदथ्यो. पारस्परिक इर्ष्या, द्वेष, मात्सर्य्य आदिको पनि विशेष प्रभाव जमेको थियेन. महर्षिहरू वर पिपल आदिका वृक्ष मनी वसेर वेदाऽनुकूल वडे वडे दर्शनशास्त्रहरूको शिष्य-वर्गमा प्रचार गर्दथे. सवको एकमात्र लक्ष्य निर्वाण पद सिवाय केही थियेन. प्रत्येक व्यक्ति "उदारचरितानां तु वसुधैव कुटुम्बम्", "आत्मवत्सर्वभूतेषु यः पश्यति स पश्यति" यही सर्वोच्च र सर्वानन्दी सिद्धान्तलाई लियेर अपूर्व शान्तिका साथ काल-क्षेपण गर्दथे सारा मनुष्यहरूको समाज उनको आत्मीय समाज थियो सारा भू-मण्डल उनको स्वदेश थियो. देशी, विदेशी, कालो गोरो, भन्ने यो भयङ्कर भेद-भाव उनमा विलकूल थियेन. सव जना अवर्णनीय प्रेमका साथ रहन्थे दुर्भाग्य-वश वा प्रकृतिको परिवर्तनशीलता-वश उस आनन्दी समयले पल्ट खायो. विस्तार विस्तार तेस ऋषि कालको, तेस सत्ययुगको, सुन्दैमा पनि मनमा अपूर्व शान्तिको सञ्चार गराउने
चार विचार सारा संसारवाट विदा भ
युग आयो सरलताको स्थान सङ्की
प्रत्येक भू-खण्ड, प्रत्येक समा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थाल्यो. सारा भू-मण्डलमा नाना प्रकारका धार्मिक सङ्घर्षले अड्डा जमायो. एतावता मानीसहरूको जीवन ले नै कोल्टो फेर्‍यो, थोरै काल-मा नै उही मनुष्य-समाज यसरी सङ्कीर्ण हुन आयो कि उसलाई खाली जीवनका निमित्त नै आफ्नू बल, पौरुष, बुद्धि, समय आदि तमाम खर्च गर्नु पर्ने भयो. प्रत्येक वैज्ञानिक विद्वान्‌हरू एक एक जीवनो-पयोगी भौतिक आविष्कारमा सन्नद्ध भये, ग्रन्थ लेखन-प्रणाली पनि देशोन्नति, समाज सुधार, उद्योग-धन्दा आदिको विषयमानै झुकन आयो, अर्थात् जुन लेखकका ग्रन्थमा आधुनिक समाज-सुधार आदि विषयको दिग्दर्शन र कला-कौशलको केही तरक्की रहँदैन सो ग्रन्थ सारा सभ्य मानिस हेय संझन थाले, प्रायशः समस्त संसारमा यही प्रथाले आफ्नू अधिकार जमायो. अरू दर्शन-शास्त्रादिको विषय ज्यादै नै अन्तर्हित भयेर गयो, यो सव प्राकृतिक परिवर्तन हो यस हवाको प्रतिकूल चलन चाहने जो एकाद व्यक्ति थिये, तिनको पनि ह्रास हुँदै गयो. अखीर जो हवाको अनुकूल चलन जान्दथे उनको यशोवृद्धि र प्रतिष्ठा संसारमा अटल भयो. एतावता सारा मनुष्य-समाजले नवीन परिपाटीको अनुगामी हुनै पर्‍यो.

मैले पनि यही समयानुकूल परिपाटीलाई लियेर हाम्रो पुराण व्यवस्थानुसार सत्य र कलिको बाहाली बर्खासीको सन्धि-समयमा उनी दुईको संवाद-स्वरूप जो यो सानू ग्रन्थ लेखेको छु. यसमा मैले मेरा क्षुद्र बुद्धिले भेटे सम्म रुचिकर शैली-द्वारा दुईजनाको उक्ति प्रत्यु-क्तिमा प्राचीन ऋषि कालको गौरव, अनन्तर हिन्दूहरू को असावधानी, इस्लाम धर्मको सहेतुक आविर्भाव, तेस वेलाको उच्च परिस्थिति, उसका उपर मुसलमानको कु-दृष्टि, हिन्दुस्थान मा मुसलमानहरूको प्रवेश, धार्मिक सङ्घर्ष, हिन्दूका उपर उनीहरूको अत्याचार, हिन्दू प्रजाको दुर्गति, देवालय र प्राचीन ग्रन्थको संहार, हिन्दूहरूको शो-चनीय अवस्था र हाहाकार, हिन्दूहरूमा दुर्व्यसनको प्रभाव, सामा-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ज़िक स्थितिको घोर परिवर्तन, हिन्दूहरूका विचारको क्षुद्रता, ऋषिकुल, ब्रह्मचर्य, वेदाध्ययन, इत्यादिको अन्त्य, पाखण्डमतको प्रचार, मुसलमानहरूको कठोर शासनदण्ड, उनीहरूको ऐश-आराम, तेसको कुपरिणाम, हिन्दूहरूको पुनरुत्थान-चेष्टा, मरहट्टाको उदय, उनमा पारस्परिक फूट, तेसले उनको शैथिल्य, सुन्दोपसुन्द-न्यायले मरहट्टा-मुसलमानको अधः पात; तेसै अवसरमा सु चतुर अंग्रेज-जातिको प्रवेश, उनबाट अत्याचारको शान्ति, कलाकौशलको अभिवृद्धि, हिन्दुहरूलेगरेको उनीहरूको स्वागत, उनीहरूले हिन्दूहरूलाई दियेको सान्त्वना, तेसबाट भयेको न्दिूहरूको प्रसन्नता, अंग्रेज-जातिको शासनको योग्यता, उनको सर्व-प्रियता र समानता, नेपालमा क्षत्रिय जातिको महत्व, नेपालको स्वाधीनता, नेपालमा प्राचीन धार्मिक स्थितिको परिपालन, सुयोग्य, प्रजा-वत्सल, महाराज चन्द्रसंशेर को उदय, इत्यादि विषय संक्षेपरूपले रूपकमा देखाउने चेष्टा गरेको छ. यसमा मुसलमानी ज़मानालाई लियेर सामाज़िक परिस्थितिको दिग्दर्शन गर्दा रूपकमा केही हास्य-रस पनि परे की होला, तेसमा मर्मज्ञ पाठकहरूले अरुचि गर्नु होवैन भन्ने आशा गर्छु. सत्यका उक्ति जती छन तिनमा यथा-शक्ति हाम्रा ऋषि कालको महामधुर सर्व प्रिय चाल-चलन , रहन सहन इत्यादि झल्काउने यत्न गरे कोछ. यसबाट पाठकहरूका मनमा आफना पूर्व पुरुषहरूका गौरव को प्रभाव पर्न सक्यो भने म आँफनू अहोभाग्य संझनेछु. हुनता यस ग्रन्थमा उल्लेख गर्नु पर्ने सहस्रशः विषय छुटेका छन् परन्तु ग्रन्थ प्रश्नोत्तरका रूपमा हुना ले ती सबको समावेश गर्दा ज्यादा नै भद्दा होला कि भन्ने डरले समावेश गर्न सकीन. कदाचित् पाठकहरूको यसमा अभिरुचि भयो र ग्रन्थ बढ़ाउने आग्रह देखियो भने द्वितीय आवृत्तिमा समावेश गरने छू.

मलाई यो ग्रन्थ प्रकाश गर्दा खेरी अत्यन्त खेदको विषय यो छ कि जुन वखतमा मैले यस ग्रन्थको अन्दाजी डेढशये श्लोकमात्र लेखे को थियें, उस वेला महर्षि-कल्प पूज्य-पाद पिताजी पं. दुर्गादत्त शर्मा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जयगुरु गणेश

॥ श्रीः ॥

कार्य-वश नेपालमा आउनु-भयो र ती सत्र श्लोकको अवलोकन गर्नु भयो. वहाँ सत्यनिष्ठ सत्यवादी हुनाले वहाँलाई सत्यका उक्तिमा विशेष आल्हाद लाग्यो र उन्नो-खेरि वहांले मलाई भन्नु-भयो कि-"यो ग्रन्थ चाँडै नै समाप्त गर म यसलाई आद्योपान्त हेर्दछु" उस वेला मैले सो आज्ञा शिरोपर गरें. केही दिन पछी पिताजी पनि घरमा जानुभयो. परन्तु पिताजी घर गये पछी दीर्घसूत्री हुनाले मैले सो कुरा भूली हालें. सत्य-कलि-सम्वाद जहाँको तहीं उत्तीकै रह्यो- गत वर्षको हिउँदमा म फेरी घर गयें, म पुग्नाका साथ पिताजी ले उही 'सत्य-कलिसम्वाद' को खोजो गर्नुभयो. तेस वेला मलाई सांह्रै नै अपशोच लाग्यो. आखिर 'यस साल यसलाई अवश्य पूरा गर्छु" इत्यादि कबूल गरी नेपाल आयें र सो पूर्ण गर्ने धन्दामा लागें. केही काल पछी सो ग्रन्थ पूरा गरेर पण्डित द्वारकानाथ पौड्यालय मार्फत प्रेसमा दियेको मात्र थियें, यस्तैमा अकस्मात् १९७६ साल ज्येष्ठ २६ गते शुक्ल द्वादशीको दिन ब्राह्म मुहूर्तमा पूज्यपाद पिताजी आँफुले चिराभ्यस्त योग-प्रणाली—द्वारा परम पुरुषको स्मरण गर्दै नश्वर देहलाई छोड़ेर कैवल्य पदमा प्राप्त हुनु-भयो. मैले वाहाँ जीवित छँदैमा वहांले अत्यन्त इच्छा राखेको यो ग्रन्थ वहाँका चरणारविन्दमा उपस्थित गर्न सकीन. यो मेरो दीर्घसूत्रीताको फलरूप दुर्भाग्य हो. यसबाट भयेको पश्चात्ताप न मैले विर्सेर विर्सिन्छ, न फालेर फालिन्छ. तथापि अब म यो सानू ग्रन्थ वहांकै अमर आत्माको चरणारविन्दमा समर्पण गरेर यो लेख समाप्त गर्न चाहन्छु.

यस पुस्तकमा मैले नवीन प्रश्नोत्तर प्रणाली-द्वारा जुन जुन विषय देखाउने चेष्टा गरेकोछु, ती सबमा सहस्रशः भूल भयेको होला, तेसमा गुणग्राही पाठक वृन्दबाट क्षमा रहला भन्ने आशा गर्दछु.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ज्ञिक स्थितिको घोर परिव...

द्वितीयाऽऽवृत्तिको भूमिका

विज्ञ ! पाठकवर्ग ! यो उही 'सत्य-कलि-सम्वाद' हो जो १९ ७६ सालमा वनारसमा छापियेर प्रकाश भयेथ्यो. नेपाली समाजले यस किताबका उपर विशेष प्रेमदृष्टि राखेको हुनाले र विद्यालयहरूका संचालक-वर्गले समेत यसलाई पाठ्य-श्रेणिमा शुभ स्थान दिनुभयेकोले मलाई यसको द्वितीयाऽऽवृत्ति निकालने सौभाग्य प्राप्त भयो अघी झैं अहिले पनि पाठकवर्गको यस किताबका उपर प्रेमदृष्टि बढदै गयो भने म आफनू परिश्रम पूर्णतया सफल संझी "सूक्तीनां प्रतिभानाञ्च मञ्जरीणाञ्च जृम्भितम्. नवमेव मनोहारि नारीणामिव यौवनम् ." भन्ने क्षेमेन्द्रको उक्ति अनुसार यथाशक्ति मातृ-भाषाको सेवा गर्ने चेष्टा गर्नेछु.

इति शुभम्

विनीतः—लेखनाथशर्मा पौड्यालय

८० टमेल, नेपाल.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जयगुरुगणेस

॥ श्रीः ॥

गौरीशङ्कराभ्यां नमः

सत्य कलिसम्वाद–

१

गर्थे प्रवेश धरणीतल तर्फ सत्य ।
जान्थ्यो कडा कलि अधोमुख उग्रचित्त ॥
त्यै बीचमा हुन गयो तिनको अपार ।
सम्वाद यो परम सुन्दर एकवार ॥

—***—

२

सत्यः—हे वीर ! भाइ! कलि ! सुन्दर ! हे पियारा! ।
वावू! तिमी किन भयौ यसरी अँध्यारा?॥
जान्छौ कता, किन यतातिर हेरदैनौ ।
उस्तो प्रसन्न अघि झैं किन आज छैनौ? ॥

३

कलिः—बाटामहाँ बहुत वर्ष पछी झलक्क ।
देखी अहो ! हजुरलाइ परें म छक्क ॥
चिन्है पनी कठिन भो सहसा मुहार ।
हेर्दैनथें किन म हे करुणाऽवतार ! ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४

सत्यः—बाबू ! थियौ तिमि कहाँ, म कहाँ, कहाँ यो–।
संयोग हामि दुइको हुन आज आयो ॥
सौभाग्यको दिन रहेछ, सहर्ष आऊ।
प्यारा ! प्रसन्न मुख पारि गला मिलाऊ ॥

५

कलिः—भाई म हूँ हजुरको, म अटेर जस्तो ।
दाज्यै ! भयें न चिह्नदा प्रभुलाइ उस्तो ॥
माफी मिलोस यसमा, हुनगो बिराम ।
गर्छू बडो प्रणय–पूर्वक यो सलाम ॥

६

सत्यः—भन्छू म आउ अलिवेर गला मिलाऊ ।
देखाउँछौ तिमि अपूर्व विचित्र भाऊ ॥
भाई ! भयें म यसले अलमल्ल भारी ।
के हो सलाम ? किन गर्न भयौ तयारी? ॥

७

कलिः—मेरा सफा सुदिनमा सबमा चलेको ।
अष्टाङ्ग–युक्त नतिको बदला बनेको ॥
यो हालकै चलन हो पहिले थियेन ।
दाज्यै! तसर्थ प्रभुले बुझिबक्सियेन ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

८

सत्य:—सुन्दापहाँ सुदिनको तिमिबाट नाम ।
मेरो भयो हृदय शीतल यो तमाम ॥
मालूम छैन तर त्यो दिनमा विशेष ।
के के गऱ्यौ, हुन गयो कति सम्म वेस? ॥

९

कलि:—साँचो कुरा विनति गर्दछु नाथ ! आज ।
दाज्यै ! हजूरसित के छ मलाइ लाज ? ॥
साम्राज्यको झिलिमिली गरनू गरेर ।
आई रहेंछु अहिले म हजूर नेर ॥

१०

सत्य:—धेरै भयो, सकल इन्द्रिय वर्ग बाँधी ।
भाई ! मता गरदथें दिनहूँ समाधि ॥
ब्रह्माजिका वचनले म हिजो हिंडेको ।
के जान्दथें झिलिमिली तिमिले गरेको ? ॥

११

कलि:—दाज्यै ! बनेर अधिराज नयाँ मिजाज ।
देखाउँदै विविध अद्भुत कामकाज ॥
लाखौं गरेर यश, नाम सबै कमायें ।
प्रारब्ध भोग सकियोर उठी म आयें ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१२

सत्यः—साम्राज्य मुख्य कसबाट मिल्यो कहाँको ? ।
कस्तो गऱ्यौ झिलिमिली कसरी वहाँको ? ।।
सम्पूर्ण यो तिमि खुलस्त गरी वताऊ ।
सुन्छू कुरा सब सहर्ष, न हत्पताऊ ।।

१३

कलिः—ब्रह्माजिबाट उहि भारतवर्ष एक ।
पाई गईकन सुधार गरी अनेक ।।
दाज्यै! गरें झिलिमिली उसमा विचित्र ।
साध्यै हुँदैन जसको लिइ मान-चित्र ।।

१४

सत्यः—भाई ! सुनी मधुर भारतवर्ष नाम ।
मेरो भयो हृदय गद्गद यो तमाम ।।
त्यो हो अपूर्व अधिको अति सभ्य देश ।
के के गऱ्यौ उसमहाँ तिमिले विशेष ? ।।

१५

कलिः—त्रेताऽदिका नियम-बन्धनले म जाँदा ।
दाज्यै ! थियो सकल भारतवर्ष सादा ।।
तोडेर वन्धन जती सब ती क्रमैले ।
पारें गयेर उसलाई नवीन मैले ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१६

सत्यः—हे वीर ! वत्स ! तिमि भारत तर्फ जाँदा ।
ज्यादा रहेछ कुन बन्धन–जन्य बाधा ? ॥
सोध्छै गयेर तिमिले जुन तोडनाले ।
छोयो सबै मुलुकलाइ नवीनताले ॥

१७

कलिः—आडम्बरी विधि–निषेध सिवाय अर्को ।
दाज्यै ! थियेन दृढ बन्धन कोहि चर्को ॥
तोडें उही सब गरी मिहिनेत भारी ।
जो तोडिंदा मुलुक नूतन भो तयारी ॥

१८

सत्यः—बिग्र्यो कुरा, मन झसङ्ग भयेर झस्क्यो ।
सम्बादमा अब भयङ्कर भाव निस्क्यो ॥
जो मूल हो मनुज जीवनको प्रधान ।
त्यै तोडिये पछिरह्यो अब के बयान?॥

१९

कलिः—दाज्यै ! विचार गरिबक्सनुहोस बात ।
व्यर्थै नहोस नबुझीकन अश्रु–पात ॥
तोडें भनेर बिनती गरनूत खाली ।
हो एक मात्र परिवर्तनको प्रणाली ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२०

सत्यः—त्यो ता स्वयं प्रकृतिनै समयाऽनुसार ।
गर्छे, कसैकन पनी पर्दैन भार ॥
केको गर्‍यौत ? तिमिले मिहिनेत भारी ।
भो गैन्ह देश जसबाट नयाँ तयारी ॥

२१

कलिः—दाज्यै ! स्वयं प्रकृतिलाइ पनी निमित्त ।
चाहिन्छ कोहि परिवर्तनमा प्रवृत्त ॥
यो तारतम्य नभये किन राम, कृष्ण ।
हुन्थे मनुष्य अवतार विषे सतृष्ण ॥

२२

सत्यः—मान्छू म यो सब कुरा, तिमिबाट भारी ।
भाई ! भयेछ परिवर्तनको तयारी ॥
त्यो बातमा तर तिमीकन त्यो प्रयास ।
ज्यादा पर्‍यो किन तहाँ, गर यो प्रकाश ?॥

२३

कलिः—आफू सिवाय अरु सभ्य कुनै नदेखी ।
गर्की रहेछ जुन लाखन वर्ष देखी ॥
त्यै देशमा अलिकती नगरी प्रयास ।
हुन्थ्यो नयाँ चलनको कसरी विकाश ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२४

सत्यः—बाबू ! 'नयाँ चलन' यै पदबाट ज्यादा ।
फस्कन्छ चित्त, बढ्दोछ असङ्ख्य बाधा ॥
पक्का भयेछ यसमा तिमिबाट भूल ।
हुन्थ्यो मलाइ यसरी किन नत्र शूल ? ॥

२५

कलिः—संसारमा वरिपरी हरएक देश ।
थाले जहाँ लिन समस्त नवीन भेष ॥
दाज्यै ! वहाँ फगत भारतलाइ मात्र ।
पारी दिऊँ म कसरी उपहास—पात्र? ॥

२६

सत्यः—यस्तो छ बाहिर अरूहरुको विचार, ।
यस्तो म छू, यति गरू यसरी सुधार ॥
भन्ने कुरा चतुर भारतवर्ष खास ।
जान्दैनथ्योर तिमिलाइ पऱ्यो प्रयास? ॥

२७

कलिः—मै सभ्य छू जगतमा, म सिँत छ जे छ, ।
वास्ता गरेर अरुको अब लाभ के छ ? ॥
यस्तो चढेछ उसका शिरमाथि गर्व ।
बिर्सी दियेछ सहसा व्यवहार सर्व ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२८

सत्यः—बाबू ! अवश्य तिनताक कुनै विशेष ।
चिन्ता–वितर्कबिच मस्त रहेछ देश ॥
छोडेर नत्र व्यवहार विचार–तत्त्व ।
गर्वी बनी किन गुमाउदथ्यो महत्व? ॥

२९

कलिः—झूटा हजूरसित भन्दिन नाथ ! अले ॥
चिन्ता–वितर्कहरु देखिन केहि मैले ॥
सेखी थियो फगत भारतमा प्रकाम ।
त्यै तोडदा हुन गयो अति धूमधाम ॥

३०

सत्यः—यो 'धूमधाम' पदले सहसा मलाई ।
पाऱ्यो बडो खलबली फिर आज भाई ! ॥
के के उपद्रव गऱ्यौ ? उसमा पछाडी ।
सम्पूर्ण त्यो भन यथार्थ तिमी नछाडी ॥

३१

कलिः—यो 'धूमधाम' पदको इतिहास खास ।
लामू छ, छैन अहिले कथनाऽवकाश ॥
विन्ती छ मान्यवर ! औसर माफ पाऊँ ।
बाटो तताऊँ, उठिबक्सनुहोस, जाऊँ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३२

सत्यः—भाई ! जहाँ–तक जबाफ पुरा दिंदैनौ ।
पक्का वहाँ–तक बिदा तिमि पाउँदनौ ॥
भन्ने कुरा भनि–दियें सब साफ साफ ।
जो योग्य हुन्छ, गर सोहि, छँदैछ माफ ॥

३३

कलिः—दाज्यै ! नछोडिकन यो इतिहास सुन्दा ।
छाती कडा गरनु पर्दछ वज्रभन्दा ॥
योबातको पनि रहोस जरूर याद ।
पर्नेछ भत्र पछिबाट बडो फसाद ॥

३४

सत्यः—छाती न पारिकन वज्र सरी कठोर ।
गर्थें म यो विषयमा किन हाय ! जोर? ॥
बाबू ! मलाई पनि त्यो छ समस्त याद ।
धन्दा नमान, परदैन कुनै फसाद ॥

३५

कलिः—आज्ञा भयो हुनत, तैपनि एक बार ।
दाज्यै ! हवोस अर्भ फेरि पनी विचार ॥
आखीरमा सुख मिले पनि आदिमा त ।
पक्का हुनेछ अति दारुण वज्रपात ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३६

सत्यः—माथै फुटे पनि म सुन्दछु त्यो बयान ।
टारेर बात टरदैन अवश्य, जान ॥
व्यर्थैं विलम्ब गरनु अत्र ठीक छैन ।
चाँडो गरी भन सबै, नभनी हुँदैन ॥

३७

कलिः—जिद्दी बढ्यो हजुरको यसमा बिछट्ट ।
लाचार छू , हिंडन पायिन आज झट्ट ॥
गर्छू तसर्थ इतिहास सबै बयान ।
संक्षेप–साथ, अब लाउनुहोस कान ॥

३८

सत्यः—रस्ता विषे फजुल गन्थनमा मलाई ।
रोक्यौ भनेर मनमा नरिसाउ भाई ! ॥
वक्तव्य गैन्ह भन, सुन्दछु बाबु ! जे छ ।
आखीरका समयमा लिइ जानु के छ ? ॥

३९

कलिः—ब्रह्माजिले जब भने मनमा दया ली ।
"बाबू ! गएर गर भारतमा बहाली" ॥
दाज्यै ! गयेर अनि फारस–तर्फ आट ।
हेरें सबै भरतखण्ड, भयें उराठ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४०

सत्यः—टाढै वसी मुलुकमा नपसी बिचैमा ।
आँखा उठाइकन केवल हेरदैमा ॥
भाई ! भयौ किन तिमी सहसा उराठ? ।
यै बातको अब लगाउ समस्त फाँट ॥

४१

कलिः—आनन्द-मग्न, हठिलो हरएक जात ।
मट्टी-समान, धनधान्य जवाहिरात ॥
दाज्यै ! जहाँ छ, उस देश-विषे मबाट ।
हुन्थ्यो र काम कुन ?,हा !!! म नहूँ उराठ ॥

४२

सत्यः—देखी धनाढ्य उस देश विषे विशेष ।
आनन्द-पूर्ण दुनियाँ सब हद्द बेस ॥
बिद्वेष-वह्नि तिमिमा बलदै-गयेछ ।
पक्का बुझें, अति अयोग्य कुरा भयेछ ॥

४३

कलिः—आफू गईकन दिलाइ नवीन रङ्ग ।
पल्टाउनूछ जसको व्यवहार ढङ्ग ॥
दाज्यैं ! उही छ मदले अलमस्त अन्ध ।
बिद्वेषको कसरि वेग हवोस बन्द? ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४४

सत्यः—देखी गभीर गरिमा उसको विचित्र ।
आगो–समान भुसको जलि भित्र–भित्र ॥
के के गऱ्यौ त मद तोडनका निमित्त ?
हे बाबु ! यो बहुत खायस गर्छ चित्त ॥

४५

कलिः—तैस्तो अपार धनधान्य–समृद्धि–शाली ।
त्यो देश दुःख नपरीकन एकपाली ॥
आज्ञा बमोजिम कसै चलदैन पक्का ।
भन्ने उठ्यो रिस, दियें उसलाइ धक्का ॥

४६

सत्यः—शङ्का बढ्यो बहुत, छाडन ठीक छैन, ।
लागूँ चुपै अब भने मन मानदैन ॥
हे वत्स ! हाय ! उस भारत माथि धक्का ।
कस्तो दियौ, सकल बात सुनाउ पक्का ? ॥

४७

कलिः—“धक्का” यही पद-विष छ भविष्य बात ।
ज्यादा गरेर जसले जलनेछ आँत ॥
यस्तै भनेर अहिल्यै उसको म नाऊँ ।
प्रत्यक्ष पारि प्रभुमा कसरी बताऊँ ? ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४८

सत्यः—यो बातमा हुन–गयेछ मद्याट भूल ।
लाचार भै गरदछू पहिल्यै कबुल ॥
झर्को नमान, भन काम उही म–नेर ।
सीमान्तमा बसि गऱ्यौ जुन झोकियेर ॥

४९

कलिः—के गर्दथें अरु कुरा, बसि केहि काल ।
बाँधी नक्काटि–शकुनू अति उग्र जाल ॥
पारें खडा प्रथम हिन्दु–विरुद्ध धर्म ।
थालें अनी विकट लूट र पीट कर्म ॥

५०

सत्यः—आफू थियौ कि उसमा तिमिनै गयेका ? ।
यद्वा थिये अरु कुनै अगुवा भयेका ? ॥
यो बातको गर यथार्थ सबै बयान ।
सुन्छू म छातिकन पारि शिला–समान ॥

५१

कलिः—तातार, भिल्ल, यहुदी, शक, कान्ति नाना ।
उन्मत्त जातिहरुलाइ गरी रमाना ॥
सम्पूर्ण देश बलपूर्वक त्यो लुटायें ।
दाज्यै ! घमण्डकन केहि अनी घटायें ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५२

सत्यः—जंमा भयेर सब दुष्ट कडा लुटेरा ।
घेरा दियेर लुट्दा घर–बार, डेरा ॥
त्यो आर्यजाति बदला लिनका निमित्त ।
भाई ! भयेन किन आखीरमा प्रवृत्त ? ॥

५३

कलिः—जंमा लुटेर धन औसर पारि भारी ।
डाँकू सबै तरि–गये पछि सिन्धु पारी ॥
कस्तै कडा रिस उठे पनि, अन्ध हिन्दू ।
दाज्यै ! तरोस कुन धर्म–विरुद्ध सिन्धु? ॥

५४

सत्यः—जानै हुँदैन कहिल्यै पनि सिन्धु–पारी ।
भन्ने सुनीकन भयें म त दङ्ग भारी ॥
भाई ! थियेन म छँदा अघि त्यो विचित्र ।
चाला, चलेछ कहिले उस देश भित्र ? ॥

५५

कलिः—आफू–विषे अरु-कसै–तिर–बाट बाधा ।
केही नदेखि धनमत्त भयेर ज्यादा ॥
दाज्यै ! जहाँ मुलुक त्यो चुलियो अपार ।
हाल्यो उहीं विविध, उग्र. निषेध–बार ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५६

सत्यः—संसार-मान्य, धनधान्य-समृद्ध, वेस ।
आफू सिवाय नभये-पछि अन्य देश ॥
सर्वत्र खूब बढनू-परने विशेष ।
उल्टा निषेध किन त्यो ?, भन यो अशेष ॥

५७

कलिः—सम्बन्ध, मेल गरदा अरु देश-सङ्ग ।
सर्ला कुनै दिन परस्पर रङ्ग-ढङ्ग ॥
भन्ने अघोर डरको जसमा छ खात ।
त्यो गर्दथ्यो किन अरू-सित-छूतछात ॥

५८

सत्यः—तेस्तो कठोर कुविचार लिई विशेष ।
संझी समस्त नरकै-सरि अन्य देश ॥
सम्बन्ध दूर गरनू उनको तमाम ।
हो भारतीय जनको पनि निन्द्य काम ॥

५९

कलिः—तेस्तै कुबुद्धि नभये उस देश भित्र ।
तातार, भिल्ल, यहुदी हुलि यत्र तत्र ॥
तेसै वृथा किन लुटाउँदथें तमाम ।
ती स्वर्ग-तुल्य नगरीकन राम ! राम !! ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६०

सत्यः—बाबू ! अनन्त नगरी उस देश भित्र ।
रत्नाऽऽदिपूर्ण महजूद थिये पवित्र ॥
त्यो लूटमा कति परे तिनमा प्रधान? ।
यद्वा उडे सब तिनी, गर यो बयान? ॥

६१

कलिः—लूटें प्रचण्ड ठह्र्यो, गणना गरेर ।
को लूटथ्यो र?, अहिले म हजूर–नेर ॥
बिन्ती गरू यति परे नगरी अनेर ।
पाये जती उति लुटे न लगाइ बेर ॥

६२

सत्यः—तातार भिल्लहरूको उहि लूटबाट ।
भाई ! वहाँ परिगयोकि त विल्लिबाठ ? ॥
यो बातमा मन भयै–भर साफ साफ ।
शङ्का नमान, सब दिन्छु कसूर माफ ॥

६३

कलिः—धोका दिई फगत लूट गरेर मात्र ।
हुन्थ्यो कहाँ सुदृढ भारत भिन्न–गात्र ॥
फेरी बन्यो पलकमा अघिकै समान ।
दाज्यै ! कसै सकिन तैपनि भित्र जान ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६४

सत्यः—त्यो लूटबाट उस भारतमा विपत्ति ।
भाई ! परेन जब आखिर एकरत्ती ॥
सान्है हताश भइ फेरि वहाँ बसेर ।
के के गऱ्यौ? भन सबै, नलगाउ बेर ॥

६५

कलिः—दाज्यै ! सुटुक अनि फूट र वैरलाई ।
जाऊ सिकिस्ति गर जल्दि भनी पठाई ॥
सम्पूर्ण देशकन आपसमा लडायें ।
आफू उहीं बसिवसी थपडी बजायें ॥

६६

सत्यः—भाई ! थियो अघि कडोरन वर्ष–सम्म ।
जो एकता सकल भारत भित्र टम्म ॥
त्यो ऐक्यले विकट फूट र वैरलाई ।
रोकी–दियेनछ तहाँ किन हाइ ! हाई !! ॥

६७

कलिः—भाईहरू सँग लडीकन कौरवाऽऽदि ।
सम्पूर्णका हुनगयो जहिले समाधि ॥
दाज्यै ! उसै दिन उड्यो जड एकताको ।
होला विचार प्रभुमा पनि यो कुराको ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६८

सत्यः—सुन्छू यहाँ जतिजती तिमिबाट बात !
भाई ! बुझयौ उतिउती जलदो छ आँत ॥
के सोधनू छ अब, तैपनि फूटबाट ।
के के भयो? भन दुरुस्त गरी, नढाँट ॥

६९

कलिः—कजोर भो मुलुक, धेर बने रजौटा, ।
दुर्धर्ष छत्रपति वीर रहेन यौटा ॥
साम्राज्यको जड उड्यो, हर–एक जाती ।
थाले तिखा शर चलाउन बन्धु–भाथी ॥

७०

सत्यः—हूँ हामि बन्धु सब, भारत हो स्वदेश ।
गर्नु छ के कलह आपसमा विशेष ॥
मै गो मिलूँ, विगडला पछिबाट खेल ।
भन्ने कतातिर गये छ विवेक, मेल ॥

७१

कलिः—लाखौंथरी चलि–रहेछन धर्म–पन्था ।
गामै पिछे दिनदिनै बढदोछ कन्था ॥
लाखौं चुढा पनि, ठुला हरएक जात ।
को मेलमा अघि सरोस विवेक–साथ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

७२

सत्य:—त्यस्तो भयङ्कर जहाँ बढ्दोछ फूट ।
लक्ष्मी रहन्थिन वहाँ कसरी अटूट ॥
हा !!! अन्ध भारत ! बढेछ कुबुद्धि ज्यादा ।
यो बातले मकन भो हुनु-सम्म बाधा ॥

७३

कलि:—दिग्दार मानि मनमा-प्रभुबाट नाथ ! ।
आज्ञा भयो अति मुनासिब यो कुरा त ॥
साँचै कुबुद्धि बढदा उसको समस्त ।
राष्ट्रीय भाव हुनगो उसबाट अस्त ॥

७४

सत्य:—पारेर आफुकन मूर्ख-समान सादा ।
राष्ट्रीय भाव सब शून्य भयेर जाँदा ॥
के भन्दथे सकल भारतका विचारी? ।
बाबू ! म यै सुननमा अब छू तयारी ॥

७५

कलि:—स्वार्थी भये सब, परस्पर वैरभाव ।
जंदै-गयो, उडि-शक्यो अघिको प्रभाव ॥
के भन्दथे ति बिचरा चुपचाप लागे ।
रस्ता खुल्यो अनि समस्त मलाइ आगे ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

७६

सत्यः—कस्तै भयेत पनि आपसमा विरोध ।
केही अवश्य हुनुपर्दछ भित्र बोध ॥
बिग्ग्र्यो उसै कसरि त्यो मुलुकै समस्त ? ।
साँचो कुरा गर भये-भरको दुरुस्त ॥

७७

कलिः—बाँकी थिये नृपति जो बलिया विवेकी, ।
एकाध, योग्य उनको पनि तोडि सेखी ॥
रत्नाऽऽदि देश-भरका बरबाद पारी ।
ठेलीदियें सब लगीकन सिन्धु-पारी ॥

७८

सत्यः—भाई ! सुनी-नशकना इ कुरा सुनेर ।
मेरो चरक्क चिरियो सब छाति हेर ॥
बाँकी नरेशहरुको पनि सेखि सारा ।
तोड्यौ लियेर तिमिले कसको सहारा? ॥

७९

कलिः—लोदी, पठान फिर तूगल-मोगलाऽऽदि ।
जो जो थिये यवन घार विधर्म-वादी ॥
दाज्यै ! उनै अघि सरेर गरे तमाम ।
आज्ञा-मुताबिक वहाँ अति उग्र काम ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

८०

सत्यः—ताल्यो कपाल, मन भो बहुतै उराठ, ।
सोधूँ कती, कति सुनूँ अरू बिल्लिबाट ।।
फेरी पनी हुन गयो कुन उग्र काम ।
त्यो दिव्य देश बिच? हा! शिव! राम! राम!! ।।

८१

कलिः—मै हूँ भनी कडकने बलिया विवेकी ।
बाँकी नरेशहरुका शिरमाथि टेकी ।।
गद्दी लिये यवनले, पिटपाट पारे ।
पाये जती मुलुक चूर्ण गरी उजारे ।।

८२

सत्यः—बोलाउँदा अवि तिमी—कन काल—वेला ।
पक्का रहेछ, परियेछ अवश्य फेला ।।
यो जान्दछू हृदयले, मन मान्दैन, ।
चाँडो गरी भन सबै, अब बेर छैन ।।

८३

कलिः—हिन्दू असाध्य चुटिये, लुटिये तमाम ।
देवाऽऽलयादि—तक सुन्दर दिव्य धाम ।।
मानू मशान—बिच भूत—समान दाई ! ।
देशै भरी यवन खूब डटे रमाई ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

८४

सत्यः—दोस्रो महाप्रलयको महिमा–समान ।
यो घोर बात सुनदा पनि दुष्ट कान ॥
भाई ! खडा छ अझ कथै सुनुला भनेर ।
फेरी पनी भन भये–भर एक–फेर ॥

८५

कलिः—आर्तध्वनि क्षणमहाँ भरियो दिशामा ।
खोला बगे रगतका घनघोर लामा ॥
स्त्री–जातिको तक सनातन धर्म–खम्बा ।
दाज्यै ! ढल्यो, हुनगये सब ती विकम्बा ॥

८६

सत्यः—लागी रहेछ रिंगटा, धडकन्छ छाती ।
बाबू ! मलाइ हुनुसम्म भयो नजाती ॥
मूर्छा पनी अब हुनेछ, अवश्य जान ।
चाँडो गरी सब सुनाउ तिमी बयान ॥

८७

कलिः—आबाल वृद्ध–वनिता–तक रैति सारा ।
पक्री असंख्य उनको नसुनी पुकारा ॥
जो जो सुझ्यो उहि गरेर दियेर सास्ती ।
थाले निमोठन तहाँ दिनरात ज्यास्ती ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

८८

सत्यः—हेरी पुलुक मुखमा चुपचाप लागी ।
फेरी उठ्यौ किन तुरुन्त बिदा नमागी ? ॥
एकाग्र छू म सुर पाउँदछू समस्त ।
बाबू ! नभाग, भन गैन्ह कुरा दुरुस्त ॥

८९

कलिः—दाज्यै ! कतै कतल-आम, कतै छ फाँसी ।
मस्जीद बन्दछ कतै शिवलिङ्ग नाशी ॥
सारा कतै नगर जल्छ, कतै छ लूट ।
यस्तै उपद्रव थियो उसमा अटूट ॥

९०

सत्यः—आंशू बहे बहुत, कण्ठ सुकेर आयो ।
शोकाऽग्निले हृदय भस्म गरी डढायो ॥
ज्यादा भयो, बहुत शोधन शक्ति छैन ।
संक्षेपमा यवनको भन त्यो कु-चैन ॥

९१

कलिः—विद्याऽऽलयादि सब चूर्ण गराइ ढाली ।
आगा विषे सकल पुस्तक पत्र हाली ॥
पीली दिये रिस गरी, सहसा धुवाँको ।
मुस्लो उठ्यो, सब उड्यो उसमा यहाँको ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६२

सत्यः—हुन्थे मनुष्यहरु ती जसबाट सभ्य ।
सारा उनै सकल भूतलमा अलभ्य ॥
पोलें पछी विविध पुस्तक पत्र भाई! ।
के के गरे यवनले? भन सो बुझाई ॥

६३

कलिः—काटी टुपीकन झिकी जप—सूत्र माला ।
सारा द्विजातिहरुका चडकाइ गाला ॥
राखी दिये बल गरी शिरमा कुरान ।
केही रहेन उनको धन, धर्म, मान ॥

६४

सत्यः—यस्तो सुनी नशकनू घटना रटाई ।
हिन्दूहरूकन थिचे पछि फेरि भाई ?
कस्तो भयो स्थिति तहाँ? भन जल्दि केही ।
यै दुर्दशा सुननमा छ तयार देही ॥

६५

कलिः—गाई ! छपाछप तहाँ गिंडिये अनेक ।
रैती लुके वन पसीकन एक एक ॥
दाज्यै ! उड्यो सब कुरा, बलिया मुसल्ले ।
मर्ताऽधिराज सरि भारत भित्र हल्ले ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

९६

सत्यः— उस्ती पवित्र शुभ भारत-भूमि माथी ।
गोघात-पातक र दुर्जनका ति लागी ॥
हा ! दैव! हाय ! शिव ! हा ! जगदीश ! देव ! ।
यो बातले मरि-गयें म अवश्यमेव ॥

९७

कलिः— दाज्यै ! विनाहक उसै नरुनूहवोस ।
केही गरेर पनि राखनुहोस होस ॥
जो जो हुने भइ-शक्यो, अब चीत खाई ।
रोयेर लाभ कुन हुन्छ हजूरलाई ? ॥

९८

सत्यः— गोघात-रूप अति दारुण वज्र-पात ।
यो कान बीच परदा अति कष्ट-साथ ॥
मूर्छा भयेछ सहसा, समझन्न केही ।
काँपी-रहेछ अझ हेर समग्र देही ॥

९९

कलिः— गो-मेधता अघि-अघी पनि नित्य हुन्थे ।
भन्ने कुरा म सबका मुखबाट सुन्थें ॥
प्राचीन चाल पनि त्यो किन वज्र-पात- ।
जस्तो भयो हजुरमा, बुझियेन बात ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१००

सत्यः— गो–मेधको छ कुन वास्तव गूढ अर्थ ।
गोघात यो छ कुन, हाय! भयो अनर्थ ॥
धिक्कार कालगति, यो दुनियाँ समस्त ।
छाती फुटेर किन जल्दि हुँदैन अस्त ॥

१०१

कलिः— खाली ति दूतहरुको सुनि काम काज ।
यस्तो अत्याहट पर्‍यो प्रभुलाइ आज ॥
मेरो चरित्र अफ्न फेरि कहाँ सुनाऊँ ।
दाज्यैं! बिदा दिनुहवोस, म जाइ–जाऊँ ॥

१०२

सत्यः—आई–रहेछ अब होस क्षमा, नजाऊ ।
तिम्रो चरित्र पनि सुन्दछु बाबु! आऊ ॥
जो जो भये पनि सहें, अघि झैँ न ठान ।
राज्याऽभिषेकतिरको गर क्यै बयान ॥

१०३

कलिः—गर्दैं–थिये यसरि दूतहरू तमासा ।
आई पुग्यो शुभ मुहूर्त समीप खासा ॥
दाज्यै ! थियेन सरजाम कुनै तयारी ।
गो–रक्त नै हुनगयो अभिषेक भारी ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१०४

सत्यः—रैतीहरूकन पिसी बल–हीन पारी ।
तेस्तो सुनी–नशकनू अभिषेक धारी ॥
के के गर्‍यौ? फिर तहाँ परिपाठ भाई ! ।
बाँकी नराखि भन त्यो अहिले मलाई ॥

१०५

कलिः—दाज्यै ! अकिञ्चन अनाथ उनै विकम्बा ।
रैतीहरू फिर गरी बटुलेर जम्बा ॥
थालें जमाउन विचित्र नयाँ प्रबन्ध ।
गुप्त भयेर मुलुकै– भर मन्द मन्द ॥

१०६

सत्यः—खायेर त्यो यवनबाट कठोर मार ।
रैती सबै भइशके–पछि लुप्त–सार ॥
केको प्रबन्ध अझ फेरि नवीन अर्को? ।
लागी–शक्यो अब त विघ्न मलाइ झर्को ॥

१०७

कलिः—कन्या दिनू यवनलाइ, हुनू गुलाम, ।
सारा छुती समझनू, गरनू सलाम, ॥
छोडी–दिनू विधि–निषेध, लिनू सुविस्ता ।
दाज्यै ! यही बुझनुहोस नयाँ व्यवस्था ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१०८

सत्यः—जातीय भाव सब त्यो यसरी विकामी ।
पारेर लादिकन भारतमा गुलामी ॥
फेरी गऱ्यौं कुन कुरा? भन त्यो म सुन्छू ।
सुन्दा जती पिर परोस सबै सहन्छू ॥

१०९

कलिः—दाज्यै ! म के गरदथें अरु काम काज ।
ताके-बमोजिम मिले पछि राजताज ॥
त्यै राज्यकै विषयको गरि इन्तजाम ॥
काटी दियें दिन जती सुखमा तमाम ॥

११०

सत्यः—कल्पान्तको अनल-तुल्य बनेर भारी ।
मारे पछी सकल भस्म-समान पारी ॥
पैऱ्हेर ताज कसमा फिर इन्तजाम ।
गर्नु पऱ्यो? भन खुसीसित यो तमाम ॥

१११

कलिः—त्यै मारकाट पनि त्यो शठ अन्ध जाति ।
छोडेन भित्र हठ गर्न अनेक-भाँती ॥
विस्तार तेहि हठ तोडनका निमित्त ॥
गुप्त भयें म फिर शासनमा प्रवृत्त ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

११२

सत्यः—तेस्तो प्रबन्ध गरि शासनमा प्रवृत्त ।
भाई ! तहाँ तिमि हुँदा फिर उग्र-चित्त ॥
मन्त्री थियो कुन महाऽऽशय? त्यो बताऊ ।
सुन्छू म आज उसको पनि नाउँ गाउँ ॥

११३

कलिः—दाज्यै ! थिये जुन बडा चतुरा गभीर ।
मेरा सहाय अघि फूट र वैर वीर ॥
मन्त्री उनै हुन-गये फिर हिन्दुलाई ।
थाले गलाउन अनेक छटा रटाई ॥

११४

सत्य—यस्ता तिमी, सचिव उत्कट वीर उस्ता, ।
मिल्दैनथ्यो र किन राज्य-विषे सुविस्ता ॥
भाई ! हुँदाहुन तहाँ अरू एक-एक ।
काजी-जज-प्रभृति मान्य पनी अनेक ॥

११५

कलिः—मात्सर्य, लोभ दुइटा हुन मुख्य काजी ।
रैती पनी सब थिये उनदेखि राजी ॥
दाज्यै ! निशाफ गरने जज बुद्धिमान ।
कोही थियेन अरु घूस-सरी प्रधान ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

११६

सत्यः—नाऊँ सुनेर जजको सहसा मलाई ।
लागी-रहेछ मन भित्र अचम्म भाई ! ॥
कस्ता थिये कसरि काम चलाउँथे ती ? ।
बाबू ! न ढाँटिकन झट्ट सुनाउ तेती ॥

११७

कलिः—हो दिव्य मूर्ति उनको मन-मोहकारी ।
मुद्दा सबै छिनदथे बहुतै सपारी ॥
डाँक्छ खुनीकन पनी उनले माहात्मा ।
पारे, थियेन मुलुकै-भरमा दुरात्मा ॥

११८

सत्य—तिम्रा हितेच्छु चतुरा बलिया प्रधान ।
काजी-जज-प्रभृतिको सुनियो बयान ॥
भाई ! अरू पनि कुनै विजयी, विवेकी, ।
सामान्य, मान्य सरदारहरू थियेकी ? ॥

११९

कलिः—विश्वास-घात, व्यभिचार, कुतर्क, जाल ।
ढाँचा, डँकैति, छल, दम्भ, झुटो, अकाल ॥
इत्यादि लाखन थिये अरु भारदार ।
हुन्थ्यो कहाँ यति नभे मुलुकै उजार ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१२०

सत्यः—ती भारदार सचिवाऽऽदि सबै सभामा ।
जंमा भयेर दिन-रात मवो हुँदामा ॥
सिद्धान्तमा वसद्थ्यो कुन नीति सच्चा ? ।
भन्थे बुझीकन सबै कसलाइ कच्चा? ॥

१२१

कलिः—यागाऽऽदि धर्म जति दुःख विना हुँदैन ।
त्यो दुःखबाट धन सम्पति पायिंदैन ॥
पापै तसर्थ बढिया, अरु हो विकम्बा ।
सिद्धान्त यै वसद्थ्यो सबबाट जंबा ॥

१२२

सत्यः—तैस्ता अलौकिक भयंकर भारदार- ।
द्वारा बढाइकन त्यो मतको प्रचार ॥
धर्म-स्वरूप तरुमा धसदा कुठार ।
के पाउँथ्यौ तिमि हरे! शिव ! भित्र सार? ॥

१२३

कलिः—तैस्तो कडा नियम त्यो नगरे त फेरी ।
धर्माऽभिमान लिइ गज्ज परी नटेरी ॥
गर्दीन छूत म अरू-सित भन्न बेर ।
के लाउँथ्यो प्रबल भारत त्यो अटेर ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१२४

सत्यः—तेस्तो अलौकिक गरेर मत-प्रकाश ।
त्यो राज्य-भोग गरदा तिनताक खास ॥
धर्माऽधिकार-युत राज-गुरु प्रधान ।
बाबू ! थियो कुन ? तिमी गर सो बयान ॥

१२५

कलिः—जो त्र्यक्षरी " चिलिम " मन्त्र छ तेहि मात्र ।
आधार एक लिइ भस्म गराइ गात्र ॥
लोकोपकार रसले गरने तपस्वी ।
बूढा तमाखु गुरुराज थिये यशस्वी ॥

१२६

सत्यः—जो भारदारहरुको मत हो प्रधान ।
त्यो ता सबै गरि-शक्यौ अघि नै बयान ॥
सिद्धान्त राज-गुरुको फिर एकवार ।
विस्तार साथ भन खूब गरी विचार ॥

१२७

कलिः—चोखो जुठो सब समान बनी-रहोस ।
सानू ठुलो भनि विचार कुनै नहोस ॥
सिद्धान्त यै सकलमा गुरुले बसाये ।
विद्वान् गुणीकन पनी नलिमा फसाये ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१२८

सत्यः—ढाँचा बुझें गुरुजिको अवलाइ सिर्फ ।
मेरो छ यो हृदय उत्सुक सैन्य तर्फ ॥
बाबू ! तसर्थ अब पल्टनको व्यवस्था ।
सारा सुनाउ जसबाट लियौ सुविस्ता ॥

१२९

कलिः —दारिद्र्य रोग दुइ उत्कट सैन्य मेरा ।
दाज्यै ! गरेर उस भारतभित्र डेरा ॥
फैलाउँदै चतुरतासँग लाल आँखा ।
भन्काउँथे सकलका मुखमाथि माखा ॥

१३०

सत्यः—धन्वन्तरि -प्रभृतिका अघिका पुराना ।
पीयूष-तुल्य रस ओषधि-कल्प नाना ॥
बाबू ! कतातिर गये र कडा कराल ।
त्यो व्याधिको जड जम्यो उसमा विशाल ॥

१३१

कलिः—गर्थे भने जिजुहरू अघि वैद्य-काज ।
मूर्खै खनाति पनि बन्दछ वैद्य-राज ॥
जो जो सुझ्यो उहि गर्‍यो रुपयाँ निकाल्यो ।
रोगी मर्‍यो कुपथको निहुँ पारि टाल्यो ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१३२

सत्य—निद्रा, विहार, गति, भोजन, काज—काम ।
राखी सदा नियमित स्थितिमा तमाम ॥
आरोग्य पालन गरे किन रोग हुन्थ्यो ।
यो बातलाइ दुनियाँ कन कौन थुन्थ्यो ?

१३३

कलिः—काढी तरक्क पसिना दिनरात डोको ।
बोके पनी उदर-गर्त रहन्छ भोको ॥
पायो जहाँ जसरि जो सब त्यो चपायो ।
निस्क्यो उपद्र अनि भीषण रोग आयो ॥

१३४

सत्यः—आँखा छली तिनि दुवै दलवाट उंकी ।
आत्माऽभिमान लिइ उन्नति तर्फ लंकी ॥
कोही बढ्योकि ? अथवा दुनियाँ समस्त ।
त्यै सैन्यले गरिदियो चुपचाप अस्त ? ॥

१३५

कलिः—दारिद्र्य रोग दुइलाइ दियेर लात ।
उंकी अलीपर पुगेपनि फूर्ति साथ ॥
आलस्य ऐश गढि काटनमा समर्थ ।
कोही थियेन किन सोधनुहुन्छ व्यर्थ ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१३६

सत्यः—आलस्य–ऐश–गढिका दुइ टाकुराको ।
रक्षा गरेर रहने वलियो मजाको ॥
हाकीम हो कुन ? तिमी उसको तमाम ।
विस्तारसाथ भन काम र नाम धाम ॥

१३७

कलिः—दाज्यै ! उनै परम वृद्ध पवित्र–नामा ।
धर्माऽधिकारि गुरु नै दुइ टाकुरामा ॥
ढांचा गरी घुमदथे दिन–रात नित्य ।
सो संझि दङ्ग अभ्रसंम हुंदैछ चित्त ॥

१३८

सत्यः—हेवावु ! बृद्ध गुरुको कुल, काम, नाम ।
सिद्धान्त-पूर्ण मत याद भयो तमाम ॥
वाँकी छ नाम गुरु–मा गुरुपुत्रको त ।
विस्तार साथ भन सो पनि कौन होत ? ॥

१३९

कलिः—"तन्द्रा" पवित्र गुरुमा गुरुकी पियारी ।
साथै सदैव रहने मन लट्ठ पारी ॥
दाज्यै ! सुयोग्य गुरुपुत्र थिये "तरङ्ग" ।
दिन्थे सवैकन उनी हर–एक रङ्ग ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१४०

सत्यः—तेस्ता प्रबन्ध सित राज्य ठुलो जमाई ।
त्यो दीन भारतविषे वसदा रमाई ॥
रानीहरु पनि थियेकि कुनै पियारी ? ।
यै वातमा छ अब उत्सुक चित्त भारी ॥

१४१

कलिः—झिल्के वडी नरखटे रसकी झकारी ।
रानी थियी "कुमति" नामक मुख्य प्यारी ।
दाज्यै ! उसै सँग मरी दृढ अङ्कमाल ।
काँटे निरन्तर सुखैसित गैन्ह काल ॥

१४२

सत्यः—तेस्ती प्रिया कुमतिका वशमा परेर ।
आनन्द साथ गरदा रस—रङ्ग धेर ॥
निर्धा प्रजा जकडने व्यवहारलाई ।
बाधा त केहि तिमिलाइ परेन ? भाई ॥

१४३

कलिः—प्यारी लिई सँग सँगै गरदै चरित्र ।
घुँथें म नित्य सवका घर भिन्न-भिन्न ॥
दाज्यै ! थियेन दुनियाँहरुलाइ पत्ता ।
गुसै रहेर सव तोडदथेँ म सत्ता ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१४४

सत्यः—वैराऽऽदि वीरहरुबाट विचित्र जाल ।
बाँधी भिया कुमतिको गरि अङ्कमाल ॥
त्यो राज्यभोग गरदा सुख–साथ जार्ता ।
छोरा पनी हुन गयेकि अनेक–भाँती ? ॥

१४५

कलिः—चोरी, विहोस, मद, वञ्चन, रण्डिवाजी, ।
दम्भाऽऽदि पुत्रहरु पाइ थिये म राजी ॥
नातीहरू पनि भये वदनामि, शोक, ।
धिक्कार आदि भरियो अनि गेन्ह लोक ॥

१४६

सत्यः—तेस्ता विचित्र परिवार तयार पारी ।
आनन्द–भोग गरदा मुलुकै उजारी ॥
भाई ! वताउ दरवार कहाँ बनायौ ।
पक्का हुकूम दुनियाँकन के सुनायौ ? ॥

१४७

कलिः—जूवा, सुवर्ण, झगडा, मदिरा इ चार ।
दाज्यै ! अपार दरवार थिये तयार ॥
भन्थें सवैकन वहाँ वसि एकनास ।
थामीरहू जसरि हुन्छ अभागि सास ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१४८

सत्यः—जूवा, शराबहरु ती बहुतै खराब ।
उन्मादक व्यसनको परदा प्रभाव ॥
रैती तिमी सित भयेकि ? कुनै विरक्त ।
यद्वा थिये सकल निर्मल राज–भक्त ॥

१४९

कलिः—जूवा, शराबहरुमा धन–धान्य पोली ।
दाज्यै ! जहाँ लिनुपऱ्यो चिमटा र झोली ॥
व्यर्थै वहाँ रिस गरेर उठोस कौन ।
मुर्दा सरी सब भये दुनियाँ वि मौन ॥

१५०

सत्यः—रैती सबै भइ–शकेछन भीख माँगी ।
खाली झुँडी भरिलिने विचरा अभागी ॥
सोधूँ म फेरि उनको शुभ बात कौन ?
बाँकी रहेन अब हाय ! शिवाय मौन ॥

१५१

कलिः—झोली जहाँ लिनुपऱ्यो भनतेत खाली ।
हो दैन्य–सूचक निकृष्ट पद–प्रणाली ॥
फोरे पनि शिर गई घरका नजीक ।
को पाउँथ्यो शिव! हरे !! तिनताक भीख ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१५२

सत्यः—भाई ! यहाँ जति कुरा विनती चढायौं ।
छाती भसक्क उतिले तिमिले डढायौं ॥
भिक्षा पनी नमिलने कुन हेतुले हो ?
त्यो आदि कारण सुनाउ मलाइ जे हो ॥

१५३

कलिः—उर्ली रहेछ "जजिया" फिर मालपोत ।
पुग्दैन खान पनि जत्ति जमीन जोत ॥
हेर्‍यो जतातिर उही छ बडो भिखारी ।
को दिन्छ भीख अनि आफनु पेट मारी ? ॥

१५४

सत्यः—सम्पत्तिको धुकुटि शून्य भई उडोस ।
आफैं मरोस वरु, भिक्षु वृथा नहोस ॥
भन्ने महर्षिहरुका उपदेश चाहीं ।
गर्दैनथे कि जन कोहि विचार काहीं ? ॥

१५५

कलिः—तेस्ता ति दान गरने सब बात लुच्चा ।
पाये दिने पनि थिये ऋषिलाइ घुच्चा ॥
आफू मरे पछि त डूम वनोस राजा ।
ढाँटी छलीकन उडाउनु लड्डु खाजा ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१५६

सत्यः—कुत्ता पनी सहज शक्तछ पेट भर्न ।
खाना नपाइ कहिल्यै शक्दैन मर्न ॥
पाई मनुष्य–जुनि कौन भयो विशेष ?
धिक्कार! हीन–मति भारत दीन देश ॥

१५७

कलिः—शास्ता कडा यवन-राज, सुनाइ छैन ।
हिन्दू भने पछि अघोर कसिन्छ ऐन ॥
खाली हुनूछ भरिया लिइ मौन भेष ।
निस्कोस मर्त्य जुनिको कसरी विशेष ? ॥

१५८

सत्यः— जो जो भन्यौ सुनि लियेँ सब त्यो व्यवस्था ।
कत्ती भयेन तर चित्त–विषे सुविस्ता ॥
के सोधनू छ, बदली शकियेछ ढाँचा ।
भाई ! कतै छन कि तैं पनि कोहि साँचा ? ॥

१५९

कलिः—धोका दिईकन सुटुक्क उघारि ढोका ।
पारेर टापटिप बाँधि अनेक पोका ॥
चोरी गरेर हिंडने जनका हजारौं ।
साँचा पनी छन, कती विनती म पारौं? ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१६०

सस्य:—आखीरमा त यमले सब लेखि लेखी ।
गोता दिनेछ भनि कत्ति पनी नदेखी ॥
रैतीहरू ति किन चोरन–तर्फ लागे ।
धर्मोपदेश कसरी सब दूर भागे ? ॥

१६१

कलि:—दुर्भिक्षको छ बढती, उबजा हुंदैन ।
हड्डी पिसे यवनले, गति केहि छैन ॥
आगो बल्यो हृदयमा, रहदैन होस ।
चोरी–सिबाय दुनियाँ अनि के गरोस? ॥

१६२

सत्य:—यागाऽऽदि कर्मतिर केहि बढाइ राग ।
इन्द्रादि देवहरूलाइ चढाइ भाग ॥
दुर्भिक्षभारकन टारनमा समर्थ ।
कोही थियेन कि हरे! किन भो अनर्थ ? ॥

१६३

कलि:—दाज्यै! अनन्त धन–सम्पति माथि सारा ।
चंके पछी यवनको दिन–रात मारा ॥
यागाऽऽदि कर्म गरने कुन भीखमङ्गा ? ।
हिन्दू थिये सकल हीन अनाथ नङ्गा ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१६४

सत्यः—श्रद्धा–समेत जल, चन्दन, धूप, बाती ।
पाये पनी खुस हुँदाहुन देवता ती ।।
त्यो बात मालुम थियेनकि लोकलाई ? ।
रोक्दा दिये यवनले अथवा रिसाई ? ।।

१६५

कलिः—तेस्ता कडा यवन ती धनका भकारी ।
कर्मिष्ठ हामि सब हाय ! भयौं भिखारी ।।
के चाटियो अब शिलाहरु पूजनाले ।
यै बोलि हिन्दुहरु बोलन लागि हाले ।।

१६६

सत्यः—छोडी सबै तरहबाट फलाभिलाष ।
कर्म सदा गरदथ्यो जुन जाति खास ।।
त्यै आर्य जाति शिव ! हा ! धनका निमित्त ।
तेस्तो अवाच्यतक बोलनमा प्रवृत्त ! ।।

१६७

कलिः—स्वाधीनता-मणि अमूल्य जहाँ रहन्छ ।
दाज्यै ! वहाँ विधि–बमोजिम कर्म हुन्छ ।।
दासत्वमा लय भये पछि गैह्र सत्व ।
निष्काम कर्म तिरको कुनसुन्छ तत्त्व ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१६८

सत्य:—दुर्दैवको छल बुझी ध्रुवझैं उठेर ।
जे हुन्छ होस भनि जङ्गलमा गयेर ॥
भाई ! भयेनकि कुनै तपमा प्रवृत्त ?
दासत्वको जड उखाड्नका निमित्त ॥

१६९

कलि:—मेरी प्रिया कुमतिको छ कडा मनाई ।
फर्काउँछे विषय-लम्पटता फुल्याई ॥
हेरीरहेछ अविवेक पुलीस दाऊ ।
दज्यै ! चलोस कसरी वनतर्फ पाऊ ॥

१७०

सत्य:—ली ब्रह्मचर्यकन पच्चिस वर्ष सम्म ।
पारी तपोवल र वीर्य शरीर टम्म ॥
सामर्थ्यवाट परमेश्वरसम्म लाई ।
थर्काउने चलन शून्य भयोकि भाई ?

१७१

कलि:—आयुष्य भो सकल पच्चिस वर्ष खाली ।
साध्यै थियेन अघिका ति कुरा समाली ॥
सानै भये पनि पुग्यो जब आठ वर्ष ।
भैगो तुरुन्त तरुणी-जनदेखि हर्ष ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१७२

सत्य:—सानै छँदा गुरुजिका घरमा पठाई ।
विद्या, विचार, तसमा शिशुवर्गलाई ॥
लाई दिये किन शये नपुगी बिचैमा ।
तेस्तो गरी मरद्थ्ये सब पछिसैमा ?

१७३

कलि:—छोरो छ–वर्ष नहुँदै मिलर्दा बुहारी ।
खोजी विवाह नगरे सब ठीक पारी ॥
माता–पिताऽऽदि सबको बदनामि हुन्छ ।
लोकाऽपवाद ननिको अनि को सहन्छ ? ॥

१७४

सत्य:—हूँ हामि को ? किन भयो अहिले विवाह ? ।
यै बात छैन जुन दम्पतिलाइ थाह॥
तेस्ता अजानकन आपसमा भिडाइ ।
के लाभ हुन्छ ? दुनियाँ कन हाई! हाई! ॥

१७५

कलि:—देख्यो जहाँ अलिकती शिशुता हटेकी ॥
कन्या तहाँ यवन लम्पट निर्विवेकी ॥
थाले कडा नजर लाउन, यै निमित्त ।
हिन्दू भये शिशु–विवाह–विषे प्रवृत्त ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१७६

सत्य:—तेसो भये त वरवाद भये प्रजा ती ।
यो बातमा त हुनगो वहुतै नज्राती ॥
तेजी वढालु वलियो भरिलो जवान ।
निस्केन निश्चय कुनै अधिको समान ॥

१७७

कलि:—सेखी-सवारि-बिच गज्ज परी चढेका ।
आफैं मपाइँ भइ खूब गरी वढेका ॥
दाज्यै! थिये जनहरू तिनताक ज्यादा ।
कोही वढेनक्कि भनेर नहोस वाधा ॥

१७८

सत्य:—नेता कडा यवनती, सब देश-बन्धु ।
भोकै रुने धुरु धुरू भिकि अश्रु-विन्दु ॥
तेस्ता ति दुर्दिन--विषे पनि गज्ज गर्का ।
देखाउनू किन हरे! कसलाइ धंकी ॥

१७९

कलि:—दो-चार कौडि जसको धुकुटी-विषे छ ।
त्यो लोक-मान्य जमलाइ विचार के छ ?
इन्द्रै पनी तृणसरी उसका अगाडी ।
यै गर्वले धसि दियो मुलुकै विगाडी ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१८०

सत्यः—आखीरमा सकल सपति, भोग, चैन ।
छोडी चटक्क सबले नगई हुँदैन ॥
राखूँ सबै सित सदैव सहाऽनुभूति ।
भन्ने कतातिर गयेछ पवित्र नीति ? ॥

१८१

कलिः—यस्तो गरें; यति भयो, अब यो गरे त ।
पायिन्छ तेस जनको घर–बार, खेत ॥
यै तर्कले हृदय नित्य विगारि दिन्छ ।
को बन्धुमाथि अनि कोमल भाव लिन्छ ? ॥

१८२

सत्यः—लाखौं ठुला लखपति चणमा गयेको ।
कर्माऽनुसार यश दुर्यश फैलियेको ॥
देखेपछी फिर लिनू किन क्षुद्र–भाव ।
कस्तो कडा विकट तामस त्यो स्वभाव ! ॥

१८३

कलिः—पैसा–विषे सकलको ममता छ ज्यादा ।
गर्न्दैन कोहि यश, दुर्यश, मृत्यु–वाधा ॥
जे हुन्छ होस; धनको मुख हेर्न पाये
देवाऽदिदेव सबका मनका रमाये ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१८४

सत्यः—धारी कठोर मन, निर्दय भाव पाली ।
हेरेर नित्य धनको मुख मात्र खाली ॥
लानू थियो र सँगमा कुन वस्तु सार ? ।
हुन्थ्यो हिरिक दुनियाँ उसमा अपार ॥

१८५

कलिः—उल्टा भने पनि सबै हुन जान्छ सुल्टा ।
पायिन्छ हान्न अरुका मुखमा अघुल्टा ॥
सिँत्त दरिद्र जन धाउँछ राखि आश ॥
यै हो यथार्थ धनसञ्चयको सुवास ॥

१८६

सत्यः—तैस्तो भये पछि धनी–जनको विचार ।
दुःखी दरिद्रहरूको व्यवहार–भार ॥
के थामियोस, कसरी उनको समाज ।
सुध्रोस, हाय! कसबाट बचोस लाज ॥

१८७

कलिः—गंकन्छ एकतिर एक फरक्क फर्की ।
दोस्रो लरक्क लमकन्छ तरक्क तर्की ॥
तेस्रो म पो प्रबल छू भनि गर्ज्ज पर्छ ।
चौथो मनैमन जलीकन कोप गर्छ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१८८

पाचौं मपाइँ प पनी कम छैन मन्छ ।
छैटो कुनातिर गयेर फुली रहन्छ ॥
स्वार्थै थियो सकलका शिरमा सवार ।
को गर्दथ्यो अघि सरेर परोपकार ? ॥

१८९

सत्यः—धर्मज्ञ, योग्य, उपदेशक, बृद्ध, पाका ।
जम्मा भई कचहरी गरि खोलि आँखा ॥
कर्तव्य–हीन सब ती शठ अन्धलाई ।
संझाउने चलन लुप्त थियोकि? भाई! ॥

१९०

कलिः—अन्धा भये सब, चढ्यो कुविचार फूर्ती, ।
सारा उडे कचहरी उपदेश अर्ती ॥
गुण्डा–हरु फगत गुप्त सभा कुमेटी ।
गर्थे लुकीकन फकाउनलाइ केटी ॥

१९१

सत्यः—घाँटीविषे यवनको अति घोर फन्दा ।
कर्तव्यको हृदयमा नहिं केहि धन्दा ॥
गुण्डा बनेर हिंडने अझ, मूर्ख अन्धा ।
होलान कौन अरु भारत–वासि भन्दा ? ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१९२

कलिः—भाँडा–कुँडा झिटिमिटी सब बेच–भाँच ।
पारी थपक्क रुपयाँ लिइ चार पाँच ॥
रण्डीहरूसित गई न फसे त दाई ! ।
को गन्दथ्यो पुरुषमा फिर तेसलाई ॥

१९३

सत्यः—हा दैव ! हाय ! शिव ! हाय ! जहाँ अनेक ।
विद्वान् सदा गरदथे श्रुतिको विवेक ॥
त्यै देशका सब उनै जन सर्वनाशी ।
मूर्खाऽतिमूर्ख बिचरा कुलटाऽभिलाषी ! ॥

१९४

कलिः—आयो जहाँ यवनरूप कराल आँधी ।
दाज्यै ! वहाँ सब उडे निगमाऽऽगमादि ॥
खाली थियो यवन-पाठ्य कुरान मात्र ।
मिल्दैनथे गुरुकुलस्थित विप्र–छात्र ॥

१९५

सत्यः—उस्तो हिमाऽचल सरी दृढ दुर्निरीक्ष्य ।
धर्माऽऽदि–दिव्य-फल–शोभित वेद–वृक्ष ॥
निर्मूल भैकन सबै कसरी उडेछ ? ।
धिक्कार! काल–गति, उग्र कुरा भयेछ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१९६

कलिः—भिक्षा जहाँ छ अति दुर्लभ, छैन शिक्षा,
हुन्थ्यो वहाँ कसरि उन्नत वेद–रक्षा ॥
आखीरमा चलिगयो उसमा प्रहार ।
पाखण्ड–शस्त्रहरुको दृढ़ दुर्निवार ॥

१९७

सत्यः—त्यै वेदका भर परी जगतै अनित्य ।
देखेर मोक्ष–पद माथि झुकाइ चित्त ॥
आनन्द–साथ रहने अति दूरदर्शी ।
कस्ता भयेहुन? कहै ! सब ती महर्षि ॥

१९८

कलिः—पाली कपालकन, बेसरि भस्म धारी ।
बच्चा ! खिला शिवबुटी भनि ठीक पारी ॥
लाटा–सुधाकन ठगी हिंडने ठगाह ।
वाहेक सिद्ध मुनिको त थियेन थाह ॥

१९९

सत्यः—लाई ललाट भर भस्म, जटा जुटाई ।
भिक्षा गरेर फिरने सब सिद्धलाई ॥
भाई ! भन्यौ किन विनाहकमा ठगाह ? ।
यो बातले मकन हुन्छ अघोर दाह ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२००

कलि:—भट्टी विषे छ अखडा, पिउनू छ प्याला, ।
जोडिन्छ राति कुलटा सित टप्प गाला ॥
तेस्ता ति सिद्ध सब केवल भस्म-धारी ।
लुच्चा ठगाह नभये, हुन के विचारी ?॥

२०१

सत्य:—ज्ञानी तपःप्रबल यो सब भस्म गर्ने- ।
सामर्थ्यले सहित काल समेत हर्ने ॥
उस्ता महर्षिहरुको उहि भेषहाय !
भाई! भयो त ठगको ठगने उपाय? ॥

२०२

कलि:—कोही भये ति सबमा दुइ चार सिद्ध ।
दाज्यै ! म छैन तिनको कहिल्यै विरुद्ध ॥
ज्यादा गरी तर अयोग्य टगाह मात्र ।
बन्थे महर्षि कृत भेष लिई सुपात्र ॥

२०३

सत्य:—तेस्ता ति सन्तहरुको गुण-गान चाहीं ।
भैगो कदापि सुननू नपरोस काहीं ॥
बाबू ! गृहस्थहरुमा बरु वेदवाद ।
बाँकी कतैतिर थियोकि ? गराउ याद ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२०४

कलि:—खाली जनै पहिरने महिमा सिवाय ।
बाँकी थियो र उनमा पनि कौन हाय! ॥
छोड्यो लवेद नबुझे दिन लोक कौडी ।
वोकोस दुःखकन को श्रुति-तर्फ दौडी ? ॥

२०५

सत्य:—स्वाध्याय, तर्पण, जपाऽऽदिक पञ्च यज्ञ ।
कर्त्तव्य जानि दिनहूँ गरने विधिज्ञ ॥
विद्वान् गृहस्थ जन छैनकि कोहि भाई!
तैसै उड्यो कसरि हा!!! श्रुतिको पढाई ? ॥

२०६

कलि:—दाइयै! बजाइरन् वेदल पञ्चपात्र ।
चौवीस वर्ण कन संझनुसम्म मात्र ॥
बाँकी कहीं कहि थियो श्रुतिसिद्ध काम ।
नामाऽवशेष हुनगो अरुता तमाम ॥

२०७

सत्य:—यो बातले अलि अली अहिले मलाई ।
आईरहेछ मनमा सुख-शान्ति भाई! ॥
चौवीस अक्तर भला दिनहूँ त्रिकाल ।
संझे पनी किन हटोयिन दुःख-जाल ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२०८

कलिः—दाज्यै! अहो! अझ पनि प्रभुमा त्रिकाल–।
सन्ध्याऽऽदिको स्मृति छ, पाउनुहुन्न चाल ॥
तेस्तो भये किन जनै भिरनू सिवाय।
निःशेष भो सब कुरा भनुला म हाय! ॥

२०९

सत्यः—भाई! अवश्य नगरी नहुने प्रधान।
अन्त्येष्टि फेरि दशकर्म र पिण्ड–दान ॥
इत्यादिको गति थियो कुन तेस–ताक।
यद्वा थिये ति सब वेद विना बिमाख? ॥

२१०

कलिः—मन्त्राऽर्थ, छन्द, विनियोग र सूर सार।
ऋष्याऽऽदिको सकल शून्य थियो विचार ॥
हुन्थे सबै फगत कर्म हतौडिबाट।
हेरी लिंदा सब विधान थियो उराठ ॥

२११

सत्यः—सोध्यो जती समय खर्च गरी अमूल्य।
उत्ती मरुस्थल–विषे छ दवाऽग्नि–तुल्य ॥
वेदान्तको अझ तहाँ गति के हुँदोहो?।
कस्तो गरी कुन कुना बिच त्यो रुँदोहो? ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२१३

कलिः—एकै छ ब्रह्म सबमा परिपूर्ण भन्ने ।
धेरै थिये, जुट्दथे सब लोक सुन्न ॥
दाज्यै ! परन्तु व्यवहार विचार गर्दा ।
काल्लो थियो सकलका मन भित्र पर्दा ॥

२१३

सत्यः—वेदान्तका विषयमा तिमिले मलाई ।
"पर्दा थियो" भनि कह्यौ जुन बात भाई !
विस्तार साथ म सुनूँ उसको बयान ।
सारा खुलस्त गर, कत्ति झिजो नमान ॥

२१४

कलिः—छाती छ वज्रमय, धर्म छ खूब टाढा, ।
देहाऽभिमान ममता बढ्दो छ गाढा ॥
पैसा कतै दिनु परे पसिना बहन्छ ।
'ब्रह्मै छ पूर्ण सबमा' मुखले कहन्छ ॥

२१५

सत्यः—भो भो, भयो, पुगिशक्यो सब घाँटि सम्म ।
वेदान्तले म हुनुसम्म भयें अचम्म ॥
योगाऽऽदि दर्शन विषे बरु केहि सत्ता ।
भाई! भये भन, सुनूँ उसको म पत्ता॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२१६

कलिः—योगी जहाँ छिपिशके सब काल–चक्र ।
देखी सही नशकनू घनघोर वक्र ॥
योगाऽऽदिको फिर वहाँ कुन हुन्छ पत्ता ? ।
दाज्यै ! भये सकल ती सहसा विपत्ता ॥

२१७

सत्यः—वेदान्त–वेदहरुको गति त्यो सुनेर ।
भाई ! भयें अधमरा–सरिको म हेर ॥
केही भये अब कतै स्मृतिको प्रचार ।
चाँडो गरी जलन यो मनको उतार ॥

२१८

कलिः—दाज्यै ! उही शुभ सनातन दिव्य वेद ।
हो धर्मशास्त्रहरुको पनि मुख्य फेद ॥
तेही ढलेपछि कहाँ उनको प्रचार ।
हुन्थ्यो, सबै भइ–शके खतडा असार ॥

२१९

सत्यः—आचार–दण्ड–नियमाऽऽदिक काम सारा ।
कोही नभैकन शुभ स्मृति को सहारा ॥
भाई ! वहाँ चलदथ्यो कसरी प्रजाको ? ।
सच्चा जवाफकन द्यौ अब यो कुराको ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२२०

कलि:—आचारको भइशक्यो अघिनै विचार ।
दण्डाऽऽदिको विनति गर्दछु मुख्य सार ॥
कानून हो यवनको जुन काल-रूप ।
हुन्थ्यो प्रचण्ड उहिमाफिक दण्ड खूब ॥

२२१

सत्य:—नाना-प्रकार इतिहास, कथा, पुराण ।
त्यो दिव्य वेद-तरुका फुलले समान ॥
कस्ता भये हुन? कठै! जड काटिंदामा ।
रोईरहेछ मन त्यो सब संझदामा ॥

२२२

कलि:—अल्पज्ञ छट्टु कविले सब अण्डबण्ड ।
पारी कथाहरु झिकीकन खण्डखण्ड ॥
उल्था गरी हरिदिये उनको महत्व ।
केही रहेन तिनमा पनि सार सत्व ॥

२२३

सत्य:—व्यासाऽऽदिका कठिन मार्मिक गूढ बात ।
बाबू! यथार्थ नबुझीकन एकजात ॥
व्यर्थै पुराण-महिमा बरबाद पारी ।
हुन्थ्यो हरे! कविजिको कुन मान भारी? ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२२४

कलिः—मानै लिने मन हुने कविले त दाई ! ।
वीराऽऽदि आठ रसचाहिं सबै पचाई ॥
शृङ्गार–मै धसनुपर्दछ नित्य चित्त ।
गुण्डाहरूकन खुसी गरना–निमित्त ॥

२२५

सत्य—भाई! कठै !! जुन समाज गला शुकाई ।
लागी–रहेछ रुन गास र वासलाई ॥
शृङ्गार–हास्यहरुले उसको भलाई ।
के हुन्छ ? धन्य कविजीहरु हाई!हाई!!॥

२२६

कलिः—हाँसी किताब पढदा अति चाख मानी ।
कोही रसातल पुगे पनि के छ? हानि ॥
जो हुन्छ होस, कविजीकन मुख्य खाली ।
चाहिंन्छ दीन दुनियाँ ठगने प्रणाली ॥

२२७

सत्यः—बाबू ! कवित्व कविको बुझियो तमाम ।
भैगो, नल्यौ ति कविको अत्र फेरि नाम ॥
सुन्छू म तन्त्रतिरको वरु केहि हाल ।
साँचो कुरा भन, नपार यसै हवाल ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२२८

कलिः—जादू टुना र मुहुनी फिर फूक–फाक ।
इत्यादिमा अलिकती जुन भो चलाक ॥
दाज्यैं ! उही परम तान्त्रिक हो भनिन्थ्यो ।
त्यो देखि भिन्न अरु तान्त्रिक कौन हुन्थ्यो?॥

२२९

सत्यः—भाई ! प्रगड जुन तान्त्रिक मार्गबाट
हुन्थे अकिंचन समेत महाविराट ॥
त्यै मार्गको किन हरे ! शिव ! दुर्दशा त्यो ? ।
के सोधनू, मगज आज असंख्य तात्यो ॥

२३०

कलिः—तेस्तो महत्व–परिपूर्ण कुनै पुरानू ।
चाला कतै तिर भये किन चानुमानू ॥
हुन्थ्यो कठै !!! शिव ! हरे !! मुलुकै तमाम ।
हड्डी–पिसा यवनका पदको गुलाम? ॥

२३१

सत्यः— श्रोतव्य गैह्र सुनियो, मनभो भरङ्ग ।
भाई ! भयेछ सब भारतवर्ष भङ्ग ॥
देखिन्न केहि पनि जीवनको उपाय ।
हिन्दू डुबेछन हरे ! शिव ! हाय ! हाय !! ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२३२

कलि:—सानै भये पनि गईकन बाबु नेर ।
लौ अंश देउ भनि झट्ट खडा भयेर ॥
नाना–प्रकार झगडा गरनू सिवाय ।
साँचै थियेन अरु जीवनको उपाय ॥

२३३

सत्यः—माता पिता परम पूज्य पवित्र जानी ।
आज्ञा शिरोपर गरेर झिजो न मानी ॥
सेवा सदैव उनको गरने प्रबन्ध ।
भाई ! कतातिर गयो र भये ति अन्ध?॥

२३४

कलि:—"सासू नजाति" भनद्दै दुलही नवीन ।
आई जहाँतलक काख विषे घुसीन ॥
माता पिता सब ठुला उहिं संमलाई ।
प्यारी मिले पछि त पूछ्नि छैन दाई! ॥

२३५

सत्यः—चुक्ली सुनी युवतिको निज-जन्म–दाता ।
माता पिता सित पनी सब तोडि नाता ॥
धौ अंश झट्ट भनने ति कपूतलाई ।
लज्जा थियेन कि अलिकति केहि भाई! ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२३६

कलिः—बाँधा पसेर गहना दिनुहोस नाथ !
भन्छे प्रिया यदि भने पनि खुसि–साथ ॥
मञ्जूरि नै गरदथे, अरु बातलाई ।
केको ति जोइटिंगरे कन लाज? दाई! ॥

२३७

सत्यः—सम्पूर्ण जन्म जसले सँगमा रहेर ।
काटी लिनूछ सुख दुःख सबै सहेर ॥
तेस्तो अवाच्य भनली कसरी उसैले ? ।
यो बात निश्चय पत्यायिन बाबु ! मैले ॥

२३८

कलिः—जे हुन्छ होस, गहना नदिये त नाथ ! ।
जान्छू म माइत, अवश्य रहन्न साथ ॥
भन्ने कुरा गरनमा, चुकदीन नारी ।
पक्का छ यो, कसम खान म छू तयारी ॥

२३९

सत्यः—अर्धाऽङ्गिनी म इन की, सुख दुःख जो छ
भोगौं दुवै सँग वसी कन, यै निको छ ॥
भन्ने विचार नगरी गहना निमित्त ।
स्त्रीले पनी किन हुनू हठमा मह्त्त ? ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२४०

कलिः—दाज्यै ! छ वर्ष नहुँदै घरमा गयेकी ।
विक्षा–विहीन बिचरी पशु झैं भयेकी ॥
स्त्रीलाइ खालि गहना, कपडा, विवाद– ।
बाहेक होस कुन दम्पति–धर्म याद ? ॥

२४१

सत्यः—तेस्ती अशिक्षित छुची, छिचरी, घमण्डी, ।
ओठे जबाफ गरदी, झगडालु, चण्डी ॥
अर्धाऽऽङ्गीनी सित बसीकन राम ! राम ! ।
दुःखी गृहस्थ कुन गर्दछ काज काम ? ॥

२४२

कलिः—पैसा भये अलिकती पिटपाट पारी ।
भुल्याइ केश कपडा, गहना उतारी ॥
'लौं राँड! जाः' अब भनेर निकालि–दिन्छ ।
निर्धो भये सब सही पदमा नुहुन्छ ॥

२४३

सत्यः—यसै अशिक्षित छ यो, यसका निमित्त ।
सम्झाउँ युक्ति सित दम्पति–धर्म–तत्व ॥
भन्ने विचार नगरी पिटपाट पारी ।
फाली दिनू किन ? कठै !!! जनमै विगारी ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२४४

कलिः—तारुण्य–भोगतिरको महिमा सिवाय ।
गर्थ्यौं विचार कुन त्यो सव? हाय ! हाय !! ॥
खाली नवीन–रमणीजन–सङ्ग पाये ।
सौभाग्यका सुदिन पूर्ण गरी उदाये ॥

२४५

सत्यः—विद्या नता, न महिमा, नत मान, धर्म, ।
पैसा नवा, नन बुता, नत बुद्धि शर्म, ॥
दाम्पत्य–शान्ति न कतै, नत चाल रम्य, ।
साह्रै डुवेछ उसको सुख तारतम्य ॥

२४६

कलिः—यस्तै विषाद परला प्रभुमा पछाडी ।
भन्ने कुरा हृदयले अघिबाट ताडी ॥
'बाटो तताउँ' भनदा हुनगो रिसानी ।
दाज्यै ! वृथा किन रुने अब दिक्क मानी? ॥

२४७

सत्यः—सोधें तिमी सित यहाँ हर–एक फेर ।
सन्देश बेस जसको सुतुला भनेर ॥
त्यै देशको सब सुनीकन दुर्दशा यो ।
सन्तापले हृदय खूब गरी सुकायो ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२४८

कलि:--के गर्नु-हुन्छ, उसले समयाऽनुसार ।
कत्ती पनी न गरदा स्थिति फेर-फार ॥
खाली घमराडकन तोडनलाइ मैले ।
गर्नुपर्‍यो सकल दुर्गति त्यो क्रमैले ॥

२४९

सत्य:--बाबू! बनेर उस माथि दयालु-तुल्य ।
बोल्यौ मिठ्यो वचन यो अहिले अमूल्य ॥
साँचै उठ्यो कि? तिमिमा लहरी दयाको ।
देखेर त्यो विकट दुर्गतिमा गयाको ॥

२५०

कलि:--तेस्तो भयङ्कर अवस्थिति देखदामा ।
पग्लन्छ वज्र पनि, निश्चय पर्छ धामा ॥
भाई मता हजुरको, कसरी समर्थ ।
हुन्थे गरी रहनलाइ सधैं अनर्थ? ॥

२५१

सत्य:--यत्ती मलाइ अहिले तिमिले भनेको ।
बोली सुनेर मन हेर खुसी बनेको ॥
निस्के अवश्य अब सुन्दर बात भाई ? ।
चाँडो बताउ पछिको घटना बुझाई ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२५२

कलि:—ज्यादा भयो, अब गयो यसको घमण्ड, ।
पारूँ वृथा अफ्रूती फिर खण्ड खण्ड ॥
भन्ने दया हुनगयो, शिरको प्रचण्ड ।
फाली दियें यवन–शासन–रूप दण्ड ॥

२५३

सत्य:—तेस्तो तरङ्ग चलनु तिमिमा दयाको ।
सौभाग्य हो विकल भारतका प्रजाको ॥
भाई ! गऱ्यौ तर कसो गरि त्यो समस्त ।
तेस्तो कडा यवन–शासन–दण्ड अस्त ? ॥

२५४

कलि:—ल्यायेर अँस–गढिमा मद–मत्त सारा ।
जम्ब गरी यवन भारत–भाग्यमारा ॥
हिन्दूहरूकन भनें अब ठोक जाऊ ।
फेरी घमण्ड नलिये, बढिया छ दाऊ ॥

२५५

सत्य:—तिम्रो अपार करुणामय सूचना त्यो ।
पायेर भारत विषे कुन जाति तात्यो ? ॥
कोही डरेकि ? अथवा सब एक साथ ।
थाले भयङ्कर चलाउन लात हात ? ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२५६

कलिः—मौका मिले दृढ भयङ्कर खोरबाट ।
गर्दैन सिंह किन उंकनलाइ आँट ॥
दाज्यै ! उठ्यो सकल भारत सुस्तसुस्त ।
पट्टीहरू शिरविषे गरदै दुरुस्त ॥

२५७

सत्यः—वैराऽऽदिले विकल निर्धन दीन-चेत ।
सम्पूर्ण जाति उस ठाउँविषे पुगे त ? ॥
विश्वास हुन्न यसमा सहसा मलाई ।
साँचो कुरा गर, नछोड तिमी फुल्याई ॥

२५८

कलिः—दाज्यै ! अरू चुरिफुरी गरि एकबार ।
लत्रे सबै यवनबाट पऱ्यो र मार ॥
खाली ठुलो विविध अकल बुद्धि छाँटी ।
थाले सदा लडन वीर कडा मराठी ॥

२५९

सत्यः—दावाऽग्नि-दग्ध वनमा जल-वृष्टि तुल्य ।
यो बातले मकन शान्ति मिल्यो अमूल्य ॥
को हो ? परन्तु पहिला तिनताक तेस्तो ।
सोझै गयेर लडने जगदीश जस्तो ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२६०

कलिः—दुःसाध्य त्यो यवन–पातन–बीज–वापी ।
राजा "शिवाजि" हुन मुख्य बडा प्रतापी ॥
तेस्तो महाचतुर, धार्मिक, नीति–सिन्धु ।
जन्मेन कोहि मछँदातक अन्य हिन्दू ॥

२६१

सत्यः—यो दिव्य "धार्मिक" विशेषणाले मलाई ।
फेरी पनी थपिदियो सुख शान्ति भाई! ॥
श्रद्धा परन्तु उनको कुन धर्म माथी ।
ज्यादा थियो ? भन, दया गर यो म–माथी ॥

२६२

कलिः—गो–वेद–विप्र–अबलाहरुमा विपत्ति ।
काहीं पनी यवनबाट नहोस कत्ति ॥
यै मुख्य धर्म मन भित्र लियेर नित्य ।
राजा तिनी लडदथे दृढ धीर–चित्त ॥

२६३

सत्यः—स्याबास वीर शिवजी सरिको शिवाजी ! ।
मारी लियेछन अपूर्व पवित्र बाजी ॥
यो बातले म हुनुसँम भयेँ प्रसन्न ।
इच्छा बढ्यो हृदयमा अरु बात सुन्न ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२६४

कलिः—साम्राज्यरूप बलियो अति उच्च खम्बा ।
दाज्यै! फुट्यो यवनको, सब भो विकम्बा ॥
हिन्दूहरू समय माफिक एक एक ।
लागे मिलेर सब गर्न ठुलो विवेक ॥

२६५

सत्यः—गर्दैरहू तिमि सरासर बात सारा ।
यो दिव्य शान्ति–सुखको नटुटाइ धारा ॥
प्रत्येक अक्षर मलाइ सुधा–समान ।
लागी–रहेछ अहिले, तिमि सत्य जान ॥

२६६

कलिः—फेरी चल्यो मधुर संस्कृतको प्रचार ।
वेदान्त–वेदहरुको भरियो विचार ॥
हेर्‍यो जतातिर उतै छ पवित्र खास ।
सौभाग्य बाल–रविको मधुर प्रकाश ॥

२६७

सत्यः—टाटा थिये नयनमा अघिसम्म काला ।
सारा दिशा अब म देखदछू उज्याला ॥
लागी–रहेछ मनमा झलमल्ल–घाम ।
बाबू ! प्रसङ्ग यसरी बिचमा न थाम ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२६८

कलिः—प्राचीन गौरव-लता सहसा पलायो ।
हर्षाऽश्रुले सकल भारतलाइ छायो ॥
स्वाऽधीनता-मणि लियेर समग्र जाति ।
थाले यहाँ खुसि मनाउन भाँति भाँति ॥

२६९

सत्यः—काटेर त्यो यवन-शासन-काल-रात ।
सौभाग्य बाल-रविको मिलदा प्रभात ॥
कस्तो अहा ! खुसि हुँदा हुन आर्य-जाति ?।
गायेर छत्रपतिको मधुर प्रभाती ॥

२७०

कलिः—दाज्यै ! थिये अति खुसी सब देश-वासी ।
जंदै थियो छिन छिनै धन-धान्य-राशि ॥
बेसै थियो सब कुरा, तर एक बात ।
फेरी भयेछ विनु बादल वज्रपात ॥

२७१

सत्यः—हा ! दैव ! एक छिन मात्र भयेर दङ्ग ।
मैले यसै हुनुपर्‍यो बिचमा भरङ्ग ॥
धिक्कार ! काल गति, त्यो कुन वज्र-पात ।
फेरी परेछ—नसुनीशकनू छ बात ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२७२

कलि:—दाज्यै ! कुनै दिन समस्त खिचेर चित्त ।
विश्रामका लहडमा म थियें प्रवृत्त ॥
त्यै बीचमा सुरुसुरू गइ फूटले त ।
फोरीदियेछ उनको सब त्यो निकेत ॥

२७३

सत्य:—पर्दा गिर्‍यो हृदयमा घनघोर कालो ।
फेरी पर्‍यो अब मलाइ बडो उकालो ॥
के के भयो फिर वहाँ उस फूटबाट ? ।
बाबू ! यथार्थ भन तत्व कुरा, नढाँट ॥

२७४

कलि:—तत्कालमा उहि असम्भव भ्यागुताको ।
धार्नी समान सब हालत भो प्रजाको ॥
थाले मपाइँ हुन आपसमा समस्त ।
फेरी भयो चपल भारत-भाग्य अस्त ॥

२७५

सत्य:—तिम्रो विना हुकुम त्यो शठ फूटलाई ।
केको थियो र अधिकार? गयेर भाई ! ॥
फोरी-दियेछ घर त्यो सब हाय ! हाय ! ॥
त्यो काममा कुन दियौ तिमिले सजाय ? ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२७६

कलिः—मन्त्री उही छ अधिको, उसलाइ दण्ड ।
ठोके त मैकन पनी गरला कि खण्ड ॥
भन्ने भयो भय ठुलो, अधिकारि-वर्ग ।
थाल्यो कमैसित हटाउनलाइ सर्व ॥

२७७

सत्यः—उल्टा चल्यो जलधिमा पहिल्यै बतास ।
जाला जहाज कसरी नपरी विल्यास ॥
जानी-शकें सकल यो, तर चित्त पापी ।
बाबू ! खडा छ अझ निश्चल कान थापी ॥

२७८

कलिः—त्यै फूटले गरि अलीकति आर्य तन्त्र ।
आँखा खुले यवनका, गढिबाट उत्रे ॥
भारी चल्यो फिर दुवै तिर काट-मार ।
दाज्यै ! परस्पर समान परे प्रहार ॥

२७९

सत्यः—खोलो बराबर बग्यो दुइ धारबाट ।
देखिन्छ हेर अझ सम्म समान ठाँट ॥
बाबू ! पछी तर तहाँ कुन धार मित्र ।
बग्यो सफा विजय-मेघ बनेर मित्र ? ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२८०

कलिः—सुन्दोपसुन्द सरि तुल्य बनेर नित्य।
गर्दै थिये रण दुवै दल खिन्न-चित्त ॥
त्यै बीचमा चतुरतासँग हेरि दाऊ।
अंग्रेजले स्थिर गरे उसमाथि पाऊ ॥

२८१

सत्यः—बाबू ! रहेछ सब भारत भाग्य-हीन।
फेरी भयेछ विचरो अरुकै अधीन ॥
सोधूँ वृथा अब कती, गर बन्द बात।
जानू जहाँ छ उहि मार्ग सिधा समात ॥

२८२

कलिः—दाज्यै ! सबै बितिसक्यो उसको अभाग्य।
अंग्रेजबाट दिनहूँ खुलदोछ भाग्य ॥
सारा बयान सुनि-बक्सनुपर्छ नाथ ! ।
तेसो भये सहज शीतल हुन्छ माथ ॥

२८३

सत्यः—बाबू ! बताउ पहिले उनको स्वदेश।
फेरी गरे कसरि भारतमा प्रवेश ? ॥
कस्ता थिये तिनिहरू ? कुन चालबाट।
लागेत गर्न उसमा फिर राजपाट ? ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२८४

कलिः—हो जन्मभूमि अति दूर समुद्र पारी ।
व्यापारको निहुं लियेर तरे ति वारी ॥
गोरो छ वर्ण, छन गैह्र विवेकदार ।
थामीरहेछन सुखैसित राज्य–भार ॥

२८५

सत्यः—जस्तो गरे यवनले अघि हिन्दु–माथी ।
लाती दिईकन उपद्र अनेक–भाँती ॥
अंग्रेजको पनि थियोकि दवाव उस्तै ? ।
यद्वा गरे वश–महाँ सव सुस्तसुस्तै ? ॥

२८६

कलिः—दाज्यै ! भये त उनको पनि भाँति–भाँती
त्यै घोर जोर जुलुमीमन रैति–माथी ॥
सोझै चलीशकदथ्यो उहिल्यै प्रहार ।
साम्राज्यका जडविषे दृढ दुर्निवार ॥

२८७

सत्यः—नौनी–बरावर भये पनि दूरवासी ।
गौराङ्गका नगिचपा गइ हाँसि हाँसी ॥
सम्पूर्ण शासन दिनू कठिनै छ काम ।
राजी भये कसरि आर्यहरू तमाम? ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२८८

कलिः—फन्दा जती यवनका सब काटि-दिन्छौं ।
आऊ तिमी शरणमा, खुसि-साथ लिन्छौं ॥
यो घोषणाकन दिने बल-बुद्धि-सिन्धु ।
अंग्रेजको कसरि छोड्डुन काख हिन्दु? ॥

२८९

सत्यः—भैगो, हुने भइ-शक्यो, अबलाइ खाली ।
लिन्छौं स्वयं सकल शासनको प्रणाली ॥
भन्ने सुयोग्य उनका मनमा विचार ।
भाई ! उठेनछ तहाँ किन एकवार ? ॥

२९०

कलिः—अत्यन्त वीर विजयी बहुतै भला ती ।
गौराऽङ्ग-तर्फ न भुकीकन हिन्दुजाति ॥
पापी कडा यवनका दृढ जालबाट ।
तेसै कहाँ छुटदथ्यो र, गरोस आँट ॥

२९१

सत्यः—गौराङ्ग-तर्फ सब भारतवर्ष-वासी ।
लागे पछी ति मुशलेहरु सर्वनाशी ॥
तेसै भयेकि चुपचाप ? कुनै कुराको ।
फेरी भिके खलबली ? भन जो भयाको ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२९२

कलिः--जो घोर पाप गरियो अघि हिन्दुमाथी।
त्यै पापको फल मिल्यो भनि ठोकि छाती ॥
लागे सबै ति पछुताउन मात्र खाली।
हुन्थ्यो र के? खलबली पछिको निकाली ॥

२९३

सत्यः—साम्राज्य त्यो यवनको सब नाशियैछ।
यो बातले खुस म छू बढिया भयैछ॥
बाबू! परन्तु विजयीतिर ढल्कँदा ती।
के भन्दथे सकल निर्मल आर्यजाति? ॥

२९४

कलिः—हे सभ्य! शूर! विजयी-गण! कीर्ति-सार!।
हामी थियौं यवन-शासनले उजार ॥
सौभाग्यले तिमि मिल्यौ, अब छैन ताप।
भन्दै जुटे तिनिहरू सब चूपचाप ॥

२९५

सत्यः—तेस्तो पवित्र सरलाऽशय शान्ति-सार।
सारा निवेदन सुनी तिनको अपार ॥
कस्तो दिये ति विजयीहरूले जवाफ?।
विस्तार-साथ भन त्यो पनि बाबु! साफ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२९६

कलिः—धन्दा नमान, अघि झैं जुलुनी हुँदैन ।
पक्का तिमीकन ठुलो मिलनेछ चैन ॥
स्वर्गीय शासनविषे तिमि आज आयौ ।
सौभाग्यले सुदिन देखन बल्ल पायौ ॥

२९७

इच्छाऽनुरूप गर निर्भय धर्म कर्म ।
पर्दैन फेरि तिमिलाइ कदापि मर्म ॥
रक्षा–निमित्त, सब हामि खडा रहन्छौं ।
आईपरे भय कुनै सब तोडि–दिन्छौं ॥

२९८

तिम्रा विशेष सुखमा सुख माननेछौं ।
आपत्तिमा फगत दुःख मनाउनेछौं ॥
बन्धुत्व–बन्धन–विषे सब छौं निबद्ध ।
हाम्रो हुनेछ सबमा व्यवहार शुद्ध ॥

२९९

शिक्षा दिई तिमिहरूकन केहि काल ।
अज्ञान–जाल सब फालि कडा कराल ॥
स्वाराज्य–संम दिउँला तिमिलाइ हामी ।
धन्दा नमान, सब छौं दिलदार नामी ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३००

यो सान्त्वनाकन दिँदै सबलाइ काख ।
राखेर मानिकन बन्धु–समान शाख ॥
थाल्यो हुकूमत चलाउन गौर–जाति ।
अत्यन्त धैर्यसित कत्ति पनी नमाती ॥

३०१

सत्यः—अत्यन्त शीतल भयो हुनु–सम्म आँत ।
पायेर यो मधुर सूक्ति–सुधा–प्रपात ॥
तेस्तो अनभ्र जल–वर्षणका पछाडी ।
के के भयो? भन समस्त कुरा नछाडी ॥

३०२

कलिः—हर्षाऽश्रु–पूर्ण गरि लोचन–रूप बाँद ।
लाखौं चढाइ उनमा शुभ धन्यवाद ॥
हिन्दू परस्पर मिले खुसिसाथ सारा ।
प्यारा बनी नृपतिको गरदै सहारा ॥

३०३

सत्यः—राजा प्रजा सब सहर्ष बढाइ हात ।
भाई ! परस्पर मिलेछन भक्ति–साथ ॥
यो बात पछ बुझियो, अवलाइ खालि ।
त्यो मेलको फल पनी भन एकपाली ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३०४

कलिः—लागे मिलेर सब उन्नति-तर्फ रैती ।
बन्दै भयो यवन-शासनको डुँकैती ॥
सम्पूर्ण भारत भयो सहसा प्रफुल्ल ।
दाज्यै ! वसन्त ऋतुको वनराजि-तुल्य ॥

३०५

सत्यः—उस्तो विषाद पहिले, अब हर्ष यस्तो ।
प्रास्थानकालिक मुहूर्त रहेछ कस्तो? ॥
बाबू ! तिमी गर अरू पनि क्यै बयान ।
सारा बयान नगरी अब दिन्न जान ॥

३०६

कलिः—विज्ञानको उदय भो, कल-कारखाना ।
लाखौं खुले नगर-बीच नवीन नाना
हेर्‍यो जताऽतिर उतै इलमी छ लोक ।
अन्यायबाट कहिल्यै परदैन शोक ॥

३०७

सत्यः—बाबू ! सुन्यो जति जती शुभ बात, उत्ती ।
उर्लेर जान्छ उसमा मनको प्रवृत्ति ॥
फेरी पनी भन सरासर गैन्ह बात ।
तेसै न छोड घटना तिमि एकजात ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३०८

कलिः—सम्पूर्ण रैतिहरुको सुखका निमित्त ।
खर्ची अनन्त धन खूब लगाइ चित्त ॥
थाले सुधारन तहाँ मुलुकी प्रबन्ध ।
गौराङ्ग वीरहरु ती सब मन्द मन्द ॥

३०९

सत्यः—बोली पलाभर पनी बिचमा नरोक ।
रोक्यौ भने मकन पर्दछ फेरि शोक ॥
आईरहेछ अब शीतल शान्ति-धारा ।
यो बीचमा नगर बन्द तिमि पियारा ! ॥

३१०

कलिः—बन्धुत्वमा सकल बद्ध भये मनुष्य ।
संझे सबै मनुज-जीवनको रहस्य ॥
निस्क्यो सबै-तिर पुरातन-तत्त्व-खोज ।
दाज्यै ! बढ्यो विविध गौरव रोज रोज ॥

३११

सत्यः—त्यो भयेछ अधिको शनि उग्र बक्र ।
पल्टेछ खूब-सित भारत-भाग्य-चक्र ॥
यो संझदा हृदय भो हुनुसंम दङ्ग ।
बाबू ! सबै अरु पनी भन जो छ रंग ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३१२

कलिः—पक्का बने सडक, सेतु भये तयार ।
लाखौं ठुला नद–नदी–बिच वार पार, ॥
थाले जहाज पनि सागर–पार जान ।
व्यापारको खुलन गो सहसा मुहान ॥

३१३

सत्यः—बेरोकटोक जलमा चलनू जहाज ।
व्यापारबाट दिनहूँ बढनू समाज ॥
पक्का सफा सडक सेतु हुनू तयार ।
क्या धन्य वीर विजयीहरुको बिचार ॥

३१४

कलिः—साधारणै विषयले प्रभुलाइ दङ्ग ।
पारी दियो, बढि–गयो खुसिको तरङ्ग ॥
कस्तो अलौकिक वहाँ रमिताछ हाल ।
यो कत्ति छैन मनमा प्रभुलाइ ख्याल ॥

३१५

सत्यः—जसो छटा अधि अधोगतिको निकाल्यौ ।
उस्तै गरेर अब उन्नति भन्न थाल्यौ ॥
साँचैन भारतविषे गजबै भयेछ ।
सुन्छू सबै भन, अलौकिक बात के छ ? ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३१६

कलिः—दाज्यै ! सदा चलिरहेछन लागि धारा।
ट्राम्बे र साइकल, मोटर, रेल सारा ॥
तेसै तिनी सडकमा हिंड्नू परेत ।
मानीस हुन्छ सहसा बिचमा परेत ॥

३१७

सत्यः—विज्ञानको विपुल त्यो महिमा-विकास ।
सुन्दा भयें म उसमा अभ्र साऽभिलाष ॥
केही भये अरु पनी समझी बताऊ ।
सुन्छू सबै प्रणय-साथ, न हत्पताऊ ॥

३१८

कलिः—रस्ता विषे छन दुवैतिर पूर्ण तार ।
गंकीरहेछ भरिला चिजले बजार ॥
लागीरहेछ सबका घर टेलिफोन ।
बल्दोछ नित्य बिजुली पनि कोण कोण ॥

३१९

सत्यः—त्यो इन्द्रजालमय उन्नतिको तमासा ।
जानौं भनेर अरु इन्द्रिय राखि आशा ॥
आईपुगे सकल कान-विषे विशेष ॥
बाबू ! सबै गर बयान, न राख शेष ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३२०

कलि:—लाखौं हुँदोछ कलका बलबाट काम ।
मानीसको सितिमिती पर्दैन काम ॥
त्यो संझदा मन अझै अलमल्ल हुन्छ ।
जत्ती गरे पनि बयान उसै रहन्छ ॥

३२१

सत्य:—सारा सुनाइ रसिला चटकै समान ।
फेरी पनी अकलका कलका बयान ॥
हेवत्स ! आज कलि-नाम यथार्थ पार ।
संक्षेपले गरि मलाइ यसै नटार ॥

३२२

कलि:—खाना पकाउँछ कलै, कलको छ गाना ।
देखाइ दिन्छ कल अद्भुत दृश्य नाना ॥
हँकन्छ नित्य कलले, कल दिन्छ पानी ।
जानिन्छ बात कलले परबाट तानी ॥

३२३

भाँडा बनाउँछ कलै, कल खन्छ खानी ।
देखाइ-दिन्छ कल काल झिजो नमानी ॥
धागा झिकेर कपडा कल खूब बुन्छ ।
ढुङ्गा मुढा सब कडा कल पेलि-दिन्छ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३२४

लेखा–पढी छ कलको, कलको सिलाई ।
वाणिज्य खेति कलको, कलकै हिंडाई ॥
दाज्यै ! पिसान कलको, कलको कुटाई ।
शय्याऽऽसनादि कलको, कलकै लडाई ॥

३२५

मानीसलाइ जति पर्दछ काज काम ।
त्यो हालमा छ कलका भरमा तमाम ॥
यो काम हुन्छ कलले यति काम हुन्न ।
भन्ने कुरा सितिमिती शक्दिन भन्न ॥

३२६

सत्यः—गन्धर्व–लोक सरि भै–शकियेछ देश ।
सौभाग्यले सब अहा !!! हुनुसंम बेस ॥
भाई ! गयेर कहिले अब देखुला म ।
यो बातमा हृदय उत्सुक भो प्रकाम ॥

३२७

कलिः—भो खूब दुरुस्त भने प्रभुलाइ जान ।
दाज्यै ! मगाइ–लिनुहोस यहीं विमान ॥
केको छ कंति अहिले प्रभुका निमित्त? ।
हाजीर सेवक छँदैछ अनन्य–चित्त ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३२८

सत्यः—बाबू ! गयेर अलका-पुरमा कुबेर ।
थेटी निकासि गरदा हुन-जान्छ बेर ॥
भैगो कुरा गर हुसी-रित केहि काल ।
लगाटा विमानतिरको सब दूर फाल ॥

३२९

कलिः—चाहिन्छ निश्चय भने अहिले विमान ।
पर्दैन दूर अलका पुर-संम जान ॥
दाज्यै ! दिये खबर भारत-नाथ-नेर ।
हाजीर हुन्छ अहिल्यै नलगाइ बेर ॥

३३०

सत्यः—फुस्ल्याउँछौकि तिमि? वास्तव बात भन्छौ? ।
भाई ! मलाई अथवा सपना कहन्छौ ? ॥
मानीसबाट बनला कसरी विमान? ।
यो बातले अकलगूम भयें म, जान ॥

३३१

कलिः—ढाँटी हजूरकन वा सपना बताई ।
दाज्यै! थियोर कुन लाभ? यहाँ मलाई ॥
साँचै छ यो सब कुरा, नभये पत्यार ।
पाऊ विषे कसम खान म छू तयार ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३३२

सत्यः—तेसो भये त अब भारत-वर्ष भित्र ।
स्वर्गीय कौतुक जुटेछ बडो विचित्र ॥
पक्का पनी सितिमिती झुकदैन चित्त ।
मानीसको सुरपुरी-सुख-का निमित्त ॥

३३३

कलिः—दाज्यै ! हजूर हुनुहुन्छ बडो विचारी ।
गर्नूभयो पलकमा अनुमान भारी ॥
साँचैँ महेन्द्र-पुरको सुख-शान्ति-धारा ।
पाये बराबर खुसी दुनियाँ छ सारा ॥

३३४

सत्यः—बिसींशकेँ यवन-शासन-जन्य बाधा ।
आश्चर्य हर्ष मनमा बढ्दोछ ज्यादा ॥
बाबू ! भये अरु कुरा पनि गैह्र सुन्छू ।
आनन्दका जलधि-बीच डुबी-रहन्छू ॥

३३५

कलिः—शिक्षा, पुलीस, पहरा, व्यवसाय, भारी ।
न्याय प्रबन्ध, गुण-जाँच, सभा तयारी ॥
सर्वत्र डाँक, मनि-आडर, हुण्डि सारा ।
चंकीरहेछ शुभ शासनको सितारा ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३३६

सत्यः—यस्तो अपार सुख–साधन भोग सुन्दा ।
मेरा बढ्यो हृदयमा फिर एक धन्दा ॥
पाई सहायकन चैन विलास बेस ।
भाई ! भयोकि ? फिर नास्तिकता–प्रवेश ॥

३३७

कलिः—लाखौं–थरी खुलिरहेछन पाठशाला ।
विद्या अनेक पढ्दाछन बाल बाला ॥
उर्ली–रहेछ दुनियाँ–भर धर्म–चर्चा ।
धर्मँ–निमित्त सबको बढ्दोछ खर्चा ॥

३३८

सत्य–-धर्माऽर्थ खर्च दुनियाँ गरदोरहेछ ।
हेवत्स ! यो पनि बडो बढिया भयेछ ॥
धर्म–स्वरूप तर हेरनु–पर्छ खास ।
कस्तो छ भित्र उसमा फलको विकाश ? ॥

३३९

कलिः—जस्तो छ मुख्य जसको कुल–धर्म–कर्म ।
त्यो तेहि धर्म–पथको बुझि भित्र मर्म ॥
विस्तार गर्छ निज–बन्धुविषे विशेष ।
जान्दीन भित्र फल बेस छकी ? नबेस ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३४०

सत्यः—बाबू ! खडा छ कुल-धर्म भने विशेष ।
निस्कन्छ सुन्दर परिणाम अवश्य बेस ॥
शङ्का रहेन यसमा, अब नीति-सार ।
संक्षेपले सकलको भन एक बार ॥

३४१

कलिः—ईर्ष्या, मनो-मलिनता, छल दूर होस ।
थामी कुल-स्थिति सबै दुनियाँ मिलोस ॥
भागोस वैर भय, देश धनी बनोस ।
कोसीस यै छ सबको, घट्दोछ दोष ॥

३४२

सत्यः—आयेछ ठीक पथमा सबको विचार ।
पाई-शकेछन मनोहर नीति-सार ॥
राजा प्रजा उभयको यसमा छ लाभ ।
धन्यै रहेछ विजयीहरुको प्रभाव ॥

३४३

कलिः—तेस्तै प्रभाव नभये उति दूरबाट ।
आई गरी यवन-शासन छाँट काँट ॥
गन्धर्व-लोक सरि पारन दीन देश ।
तेसै तिनी शक्दथे कसरी अशेष? ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३४४

सत्यः—तिम्रो अजेय अघिको बलियो विशाल ।
दारिद्रय-रोगमय सैन्य कडा कराल ॥
के काम गर्छ अहिले ? कुन ठाउँमा छ ? ।
तेसै उहीं सुति रहे छकि? वा बिदा छ? ॥

३४५

कलिः—विद्यौषधाऽऽलय अनेक, अनाथ-शाला ।
लाखौं सभा-सदन, लेक्चर,शिल्प-शाला ॥
इत्यादिका नगिचमा उसको निवास ।
हुन्थ्यो कहाँ ? हटि-रहेछ बनी हताश ॥

३४६

सत्यः—पायेर त्यो मधुर निर्भय शान्त रङ्ग ।
हिन्दूहरू सब हुँदा हुनुसंम दङ्ग ॥
भाई ! भयेनकि ? अहो ! तिमिलाइ डाह ।
यद्वा रहेन उसको अघिबाट थाह ? ॥

३४७

कलिः—इच्छा थियो फगत भारतको मलाई ।
प्राचीन गर्बकन तोड्नु-संम दाई ! !!
त्यो कामना पुगि-शक्यो पहिल्यै तमाम ।
लिन्थेँ म डाह किन फेरि उसै दिकाम ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३४८

सत्यः—निर्वैर भो सकल देश भनी बतायौ ।
आफूपनी सँग कुनै नलियेर आयौ ॥
बैराऽऽदि वीरहरु बाबु ! कता हराये ?
भागेकि ? दैव–गतिले बिचमा बिलाये ॥

३४९

कलिः—मेरी प्रिया कुमतिलाइ गरेर जारी ।
भागी गयें ति सब मूर्ख समुद्र–पारी ॥
खाली बुढा गुरु तमाखु चुरोट–रूप ।
नाती लियेर घुमदाछन दिव्यरूप ॥

३५०

सत्यः—सुन्दा अरू विषय-वर्णन हर्ष–साथ ।
बाबू ! नसोधि नहुने भुलियेछ वात ॥
कस्तो छ आजकल गो–कुलको व्यवस्था ? ।
आपत्ति नै छकि ? मिल्यो अथवा सुविस्ता ॥

३५१

कलिः—जातीय धर्म कुलमा जसको छ जस्तो ।
पक्का रहन्छ उसको व्यवहार उस्तो ॥
ज्यादा रहस्यकन खोजनु ठीक छैन ।
निर्दोष मात्र भवमा कहिं पायिँदैन ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३५२

सत्यः—गोरक्ष–पात अझ भारत–भित्र बन्द ।
पक्का रहेनछ, बुझें सब मन्द मन्द ॥
भाई ! भयो मन भरंग, रहेन ह्याऊ ।
राखूँ गईकन तहाँ कसरी म पाऊ? ॥

३५३

कलिः—सन्ताप मानि यसरी चित्तमा तरङ्ग ।
ज्यादा झिकी हृदय पारि वृथा भरङ्ग ॥
बन्दैन नाथ ! कहिल्यै पनि काज काम ।
जाऊँ, उठौं, डुबि शकेछन गैन्ह घाम ॥

३५४

सत्यः—जान्छू म जान त, परन्तु वहाँ म आज ।
पुग्दीन निश्चय, परेछ झमक साँझ ॥
बाबू ! गईकन कहाँ वसुला म वास ।
यै बातले हृदय केहि भयो उदास ॥

३५५

कलिः—सुता न होस यसको प्रभुलाइ ज्यादा ।
पर्दैन वासकन पाउनलाइ बाधा ॥
नेपालको शिखर त्यो नगिचै छ भारी ।
दाज्यै ! सरासर हवोस उहीं सवारी ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३५६

सत्यः—आयेछ साँझ-बिचमा किन को विदेशी ? ।
के भन्छ यो ? किन बनेछ अपूर्व-भेषी? ॥
इत्यादि यो खलबली उठला र ज्यादा ।
होला कि ? रात-बिच नाहक बाबु ! बाधा ॥

३५७

कलिः—यस्तो लिई परम पावन साधु-भेष ।
गर्दा गयेर उस देश-बिषे प्रवेश ॥
दाज्यै ! हुनेछ पहिल्यै प्रभुको विशेष ।
सत्कार स्वाऽऽगत सबैतिरबाट बेस ॥

३५८

सत्यः—यो बातले हृदय दंग भयो समस्त ।
चिन्ता-तरङ्ग हुनगो मनबाट अस्त ॥
त्यो देशमा अतिथि-पूजन-आदि काम ।
चल्दैछ के ? भन सविस्तर यो तमाम ॥

३५९

कलिः—नेपालको हजुरमा महिमा र काम ।
यदै रहेनछ हरे ! शिव ! राम ! राम ! ॥
जान्-हवोस पहिले उसमा हजूर ।
होला अनी हृदय शान्त सबै जरूर ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३६०

सत्यः—भाई ! यहाँ–तक म लाखन वर्ष बाद ।
आई–रहेंछु कसरी सब होस याद ॥
साचैं म जान्दिन कुनै उसको महत्व ।
संझेरले भन म छू स्थिर एक–चित्त ॥

३६१

कलिः—यै उच्च दिव्य तुहिनाचलदेखि पारी ।
कोल्टामहाँ मुलुक त्यो छ पवित्र भारी ॥
हेर्नू–हवोस यसमाथि चढी हजूर ।
गुह्येश्वरी पशुपति प्रभुको गजूर ॥

३६२

त्यो देखि पश्चिम दिशातिर राजधानी ।
दोस्रो अनन्त गुण–गौरवको छ खानी ॥
देखिन्छ गैन्ह उसको पनि कान्ति–धारा ।
यै शैलका शिखरबाट झलक सारा ॥

३६३

शास्त्रानुसार उसमा सब राजपाट ।
चल्दोछ वीरवर क्षत्रिय जातिबाट ॥
प्राचीन धर्म–महिमा स्थिति आज सम्म ।
पाइन्छ त्यो मुलुक भित्र समस्त टम्म ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२६४

अन्याय छैन उसमा, छल दम्भ छैन।
गो वेद–विप्रहरुको अपमान छैन ॥
पाखण्ड छैन, बहुधा मत–भेद छैन।
यौटा मनुष्य पनि धर्म–विरुद्ध छैन ॥

३६५

चल्दोछ खूब–सित दान र यज्ञ याग–।
देवाऽर्चनाऽऽदि शुभकर्म वहाँ सराग ॥
विश्वास भक्ति सबमा बढदैछ दाई ! ।
बन्दैन शास्त्र–विधि छोडि कुनै मपाईं ॥

३६६

दाज्यै ! जहाँ सविधि पण्डित सोम–पान।
भूपाल गर्छन सुवर्ण तुला–प्रदान ॥
त्यो देशमा अतिथि–पूजनको बयान।
हो सूर्यका नगिच जुन्किरिको समान ॥

३६७

दाज्यै ! खडा छन अहा ! झलमल्ल चन्द्र।
साऽनन्द पारि सब लोक अजात–तन्द्र ॥
हेर्दैं सफा मधुर चाँदनि वारि पारी।
चाँडो चलोस अब ता प्रभुको सवारी ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३६८

सत्यः—शान्ति, क्षमा, यम, दमाऽऽदि जहाँन सारा ।
आई-रहेछन पछिल्तिर लागि धारा ॥
जाऊँ म खालि कसरी उनका निमित्त ।
पर्खूं कि एक छिन शान्त गराइ चित्त? ॥

३६९

कलिः—नेपाल-बीच अहिले प्रभुको छ वास ।
जाओ तिमीहरु सबै नभई हताश ।
भन्ने कुरा म भनुला, यहि पर्छ पन्था ।
दाज्यै ! बसेर नतुनूँ अब धेर कन्था ॥

३७०

सत्यः—तेसो भये उहिं गई बसुला म वास ।
आफैं तिमी भनि-दिये समचार खास ॥
दिन्छू शुभाऽऽशिष तिमीकन बाबु ! जाऊ ।
ब्रह्माजि-नेर गइ हाल सबै बुझाऊ ॥

३७१

कलिः—त्रेताऽऽदिको स्थिति पनी प्रभुबाट धेर ।
आज्ञा भयो बहसमा हर-एक फेर ॥
मालूम भो कसरि त्यो? प्रभुलाइ नाथ! ।
यो बातमा त अलमल्ल छ यो अनाथ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३७२

सत्यः--ब्रह्माजिका समितिमा सब देव आई ।
गर्दा परस्पर कुरा बहुतै रमाई ॥
सुन्थें अघी विषय भारतको, यसैले ।
सोधें समस्त उहि-माफिक आज मैले ॥

३७३

कलिः--दाज्यै ! बुझ्यो मन, म जान भयें तयार ।
यो दण्डवत् गरदछू अब एक बार ॥
जो भो सलाम पहिले भुलमा परेर ।
माफी मिलोस उसमा नलगाइ बेर ॥

३७४

सत्यः--मेरो समस्त अघिको तिमिलाइ बानी ।
यादै छ, गर्दिन कतै म वृथा रिसानी ॥
माफै छ त्यो सब कुरा तिमिलाई जान ।
जाऊ तिमी, खुस म छू अघिकै समान ॥

ग्रन्थ-समाप्ति

३७५

सम्वाद सत्यकलिको दुइ चार बार ।
हेरी सहर्ष उसको लिनुहोस सार ॥
भन्दै बडो प्रणाय-पूर्वक जोडि हात ।
लत्रन्छ सज्जनहरूसँग लेखनाथ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीः

पं. लेखनाथशर्मा पौड्यालयले

निर्मित

(ऋतु-विचार)

नामक

नेपाली भाषाको खण्ड-काव्य

"जोरगणेश छापाखाना" पाको पोखल्ड्याङ

नेपालमा

छापी

प्रकाशित भयो

सर्वाधिकार ग्रन्थकर्ताको अधीन छ.

द्वितीय वार २०००

सम्वत् १९९१ साल

मूल्य ।५८ पैसा

पाइने ठेगाना-

८० नं. ठचहील, काठमाण्डू, नेपाल.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीः

भूमिका

निःसारविरसः कायः साऽपायोऽयं क्षणात्ययी ।
परोपकारलेशेन याति संसारसारताम् ॥

विज्ञ पाठकवर्ग ! यो उही ' ॠतुविचार ' हो जो १९७३ सालमा श्रीराजगुरु " खगेन्द्रराज " पण्डितज्यूका कृपादृष्टिले सानू 'बुद्धिविनोद' नामक प्रश्नावलीको साथ निर्णयसागर प्रेस बम्बई मा छापियेर प्रकाशित भयेको थियो. जुन वेला मैले यसको रचना गरेथें उस वेला यसले नेपाली समाजको दृष्टिकोणमा यती सम्म प्रिय स्थान लिन शकला भन्ने मेरो मनमा पनी थियेन. प्रतिदिन समाजमा यसको आशाऽतीत प्रचार र खोजी भयेको देखदा मलाई बडो आनन्द लाग्यो. ॠतुविचार को नेपाली समाजले यसरी आदर गर्नाको कारण यसको योग्यतामात्र हुनुपर्दैन कि विज्ञ पाठकवर्गको ' गुणायन्ते दोषाः सुजनवदने ' भन्ने सूक्ति अनुसारको गुणग्राही-पना पनी हुनुपर्दछ.

जस्तो यसको नेपाली समाजमा प्रचार भयो उस्तै गरी यसले विद्यालयहरुका पाठ्यश्रेणिमा समेत शुभ स्थान पायेको हुनाले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मलाई यसको द्वितीय संस्करण निकालने सौभाग्य प्राप्त भयो. मैले पनी यथाशक्ति यसलाई छात्रवर्गको उपयोगी बनाउनाका निमित्त केही परिवर्तित र विशेष परिवर्धित गरी नेपाली भाषाको एक तुच्छ खण्डकाव्यको स्वरूपमा पाठकवर्गको अगाडी उपस्थित गरेकोछु. अघी जस्तै गरी अहिले पनी यसले समाजमा विशेष प्रेमको स्थान पाउन शक्यो भने म आफ्नू परिश्रम पूर्ण सफल सम्झनेछु; फेरी "सूक्तीनां प्रतिभानाञ्च मञ्जरीणाञ्च जृम्भितम् नवमेव मनोहारि नारीणामिव यौवनम्" भन्ने क्षेमेन्द्रको उक्ति अनुसार अरू पनी दुई चार किताबहरू पाठकवर्गका अगाडी चाडैनै उपस्थित गर्ने प्रयत्न गर्नेछु. अघी यो ऋतुविचारका साथमा छापियेको प्रश्नावली (वुद्धिविनोद) पनी विशेष परिवर्धित भयेर भिन्नै छापिनेछ.

विनीत

१९९१ पौष १ गते
ठवहील ८०
नेपाल.

लेखनाथशर्मा पौड्यालस्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Karma 22.4.732 6.8.735

श्रीः

श्रीगौरी-शङ्कराभ्यान्नमः

वसन्त-विचार।

१

हिमालमा गयो जाडो लोक साऽऽनन्द देखियो।
उदायो रसिलो राम्रो ऋतु-राज वसन्त यो॥

२

नाम-शेष भयो सारा पुरानू शिशिर-स्थिति।
लियो वसन्तले अर्कै नयाँ गौरव-पद्धति॥

३

ऋतु हुन् अरु पाँचोटा वसन्त ऋतु-राज हो।
लोक गौरवले भर्नू यसैको मुख्य काज हो॥

४

वसन्तमा समानै छन् ठराडी गर्मी दुवै गुण।
तुल्य तुल्य दया दराड राजाका हुन विभूषण॥

५

देखिन्छ नाऽतिशीतोष्ण महिमा ऋतु-राजको।
दया-दराडज्ञ राजाको नीति झैं राजकाजको॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६

पशु–पक्षी, लता–वृक्ष लगायत चराऽचर ।
ऋतु–नायकको गर्छ प्रेमले स्वाऽऽगताऽऽदर ॥

७

सेतो कमलको छाता मञ्जरी–मय चामर ।
ऋतु–राजत्वका चिह्न देखिन्छन् अति सुन्दर ॥

८

भुमराहरु वीणाको दिव्य झङ्कार गर्दछन् ।
गुण–गायक भै पक्षी गानमा तान भर्दछन् ॥

९

वर्र वर्र लता–वृक्ष लावा झैं फुल छर्दछन् ।
पुतली नर्तकी–तुल्य नाचँदै अघि सर्दछन् ॥

१०

मलयाऽचलको वायु लगातार सिरी सिरी ।
कलीला पालुवा–रूप पङ्खा हम्कन्छ सुस्तरी ॥

११

सजायेकोछ सर्वत्र दिव्य सौन्दर्यको रथ ।
शान्तिको जल छर्केको खुला आनन्दको पथ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१२

सारा वन बगैंचामा सजायेको छ आसन।
ऋतु-राज उतैबाट गर्छ त्यो शुभ शासन॥

१३

दिव्य आनन्दको रङ्ग दिव्य-कान्ति-तरङ्ग छ।
दिव्य उन्नतिको ढङ्ग दिव्य सारा प्रसङ्ग छ॥

१४

त्यो दिव्य रङ्ग पायेका लता-वृक्षवनस्पति।
देखिन्छन् योग्य नेताका रैंतीझैं उन्नताऽऽकृति॥

१५

साना-तिना सबै-माथी फैलियेकोछ गौरव।
योग्यको आड पायेको विग्रला को कहाँ कब?॥

१६

पर्दा वसन्तको दिव्य प्रभाव पृथिवी सब।
विवेक-ज्योतिले शुद्ध विद्या-तुल्य बनिन् अब॥

१७

हजारौं-मुख भै निस्के लता-वृक्षऽऽदि हालमा।
लयाऽवस्था वितायेका जीव झैं सृष्टि-कालमा॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१८

आँकुरा, पिपिरा, साना झाइना, चिउला टुसा।
निस्के झपक्क सर्वत्र सान्है कलकलाउँदा ॥

१९

समाते सूर्यले फेरी उत्तराऽऽकाशको गति।
प्रतापीको सदाकाल किन हुन्थ्यो अधोगति ?॥

२०

दिनमा दीर्घता आयो रातले लघुता लियो।
ऋतु–राजत्वको सच्चा योग्यता स्पष्ट देखियो॥

२१

दीपका बीचमा मैलो धुवाँ झैं गुप्त भैकन।
अली अली चढेको छ दिनमा धमिलो–पन॥

२२

जुन जीवनको भाग रातको दिनमा सन्यो।
उसैले दिनको कान्ति पक्का केहि फिका गन्यो॥

२३

ऋतु–नायकले घाम मन्दै गर्ने लिई सुर।
तुँवालाको मिहीं पर्दा लगायोकि ? सबै–तिर॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२४

अली अली तुँवालाले छोपियेका दिगङ्गना ।
देखिन्छन् प्रमदा–तुल्य लज्जाले विनताऽऽनना ॥

२५

पृथिवी छन् शुगा--रङ्गी पिपिराहरूले गरी ।
हरियो रेशमी सारी लायेकी प्रमदा सरी ॥

२६

वनमा बागमा राम्रा पुष्प लाखौंथरी फुले ।
कुसुमाऽऽकर यो नाम साथै पाऱ्यो वसन्तले ॥

२७

आफ्नू शिल्प–सौन्दर्य–महिमाको प्रदर्शिनी ।
खोलिन् प्रकृतिले लाखौं फुलमा मनमोहिनी ॥

२८

प्रत्येक पुष्पको रूप, रेखा, रङ्ग अनेक छ ।
तर सौन्दर्यको ज्योति उनमा भित्र एक छ॥

२९

बेली, जाई, जुही, चम्पा, चमेली, मधु–माधवी ।
सबैमा भरियेको छ भरिलो मोहिनी छवि ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३०

पुन्नाग, कामिनी, कीप, कल्की, बकुल, मालती ।
साराको भिन्न–भिन्नै छ वासना रूप आकृति ॥

३१

बेगिन्ती पुष्पका भेद बेगिन्ती रूप वासना ।
एकै प्रवाहमा चल्छन धन्य हो विधि–कल्पना ॥

३२

पृथ्वीको दिव्य सौन्दर्य न अटायेर पट्ट भै ।
फुटी बाहिर निस्क्यो कि पुष्पका रूपमा सबै? ॥

३३

यस्तै सुवासना–पूर्ण पुष्पको तुल्य जीवनी ।
सृष्टि–सौन्दर्यका निंती चाहन्छन् देवता पनी॥

३४

कोही चहकिला पुष्प वासना नभये पनी ।
मूर्ख आडम्बरी जस्तै रूपका छन् बडा धनी॥

३५

बगैंचा सब देखिन्छ हजारौं फुलले गरी ।
वसन्तको बुटे तन्ना कसेको बैठकै सरी ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३६

कलीला पालुवामाथी बिछ्याएर फुलै फुल ।
वसन्त–श्री बसेकी छन् बनी सौन्दर्य–विह्वल॥

३७

लिई सौन्दर्य माधुर्य सौकुमार्थ थपी वहाँ ।
पुष्पको सिर्जना गर्ने विधाता धन्य हो अहा! ॥

३८

रसीला फुलमा आई रसीलो दखिखना हवा ।
कुन कारणले होला विस्तारै गर्छ 'वाहःआः'॥

३९

साना छुनूमुनू गर्ने बाल झैं कलिला फुल ।
ढुलूमुलू भई झुल्छन् वहँदा वायु शीतल ॥

४०

विस्तारै फुलका साथ खेली खेली मिलीजुली ।
सुटुक्क वासना चोरी चल्छ सुस्तै हवा छली॥

४१

देखेर आफनै जस्तो पुष्पको रूप–गौरव ।
मित्यारी लाउँदै फिर्छन् बागमा पुतली सव ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४२

फक्रेका फुल दाता झैं रस–धारा लुटाउँछन्।
झोलामा भित्रु झैं मौरी पोलामा त्यो जुटाउँछन्॥

४३

काव्यमा रसका लोभी कवि झैं लट्ठ भैकन।
प्रत्येक पुष्पमा थाले भ्रमराहरु झुम्मिन॥

४४

आनन्दी पुष्पमा कालो दुःख–रेखा–समानको।
तुच्छ त्यो भ्रमर–श्रेणि के होला पात्र मानको?॥

४५

गुणीका गुण झैं सारा रसधारा चुसीकन।
भूँ भूँ गरी उडी–दिन्छ स्वार्थी भ्रमरको गण॥

४६

रस–वेतनका लोभी यद्वा भ्रमर–शिक्षक।
आफनू जीविका गर्छन् पढाई पुष्प–बालक॥

४७

हाँसी मुसुक्क विस्तारै शिर हल्लाउँछन् फुल।
भ्रमराको उही 'हुन्न' के होला कुनको भुल?॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४८

गुलाफको लगायेर विधिले लाल मोहर।
दियेको होकि ? वा बाग भृङ्गकै भोग खातिर॥

४९

भृङ्गले रस रित्याई चुसेको पुष्प-वाटिका।
देखिन्छ वैरिविध्वस्त निर्धो देश सरी फिका॥

५०

चीसो दक्षिणको हावा वहनाले सिरी सिरी।
लहरा पालुवा गर्छन् मन्द मन्द फिरी फिरी॥

५१

तालका सुरमा कोही सिपालू नटको भरी।
पुष्प-पल्लवको निस्क्यो हवामा नृत्य-माधुरी॥

५२

झर्दछन् भेटनाबाट पुराना पुष्प बर्बरी।
स्वर्गीय पुण्यको भोग शकेका पुण्यवान् सरी॥

५३

हावाको चालमा सारा पराग गगनै भरी।
फैलिंदोछ कवि-द्वारा वीरको वीरता सरी॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५४

परागै होकि ? त्यो माथी तुँवालाको स्वरूपमा ।
घाम केही फिका पारी चढेको अन्तरीक्षमा ॥

५५

तुँवालाबाट निस्केको सूर्यको कान्ति—माधुरी ।
झल्कन्छ वनमा मानु सुनको तपकै सरी ॥

५६

वसन्तले बुनी आफैं मिहीं पल्लव—चादर ।
माथमा वन—देवीको चढायो कि मनोहर ?

५७

प्रत्येक वृक्षमा निस्क्यो पुष्प—पल्लव—माधुरी ।
संसारी जीवको रागी वासना झैं थरीथरी ॥

५८

अशोक, महुवा, पैंयू, जम्बू, बकुल, चम्पक, ।
पलाशाऽऽदि सबै वृक्ष पुष्पले छन् झकाझक ॥

५९

कुनै राता, कुनै सेता, पँहेला भावका कुनै, ।
कुनै सुनौला देखिन्छन् आश्मानी रङ्गका कुनै ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६०

सिंदुरे वन–लक्ष्मीका स्यूँधाको सिंदुरै सरी।
देखिन्छ माझमा राम्रो तिलके तिलकै सरी॥

६१

वडो विशाल गम्भीर नील आकाश झैं वन।
झल्कन्छन् फुलका गुच्छा तारकातुल्य शोभन॥

६२

वनका बीचमा यौटा सिक्रो वृक्ष करीर यो।
वल विद्या गुमायेको भारतै तुल्य देखियो॥

६३

लता–जञ्जालले ज्यादा जकडेका कुनै रुख।
पापका वोझले ग्रस्त पापी झैं छन् अधोमुख॥

६४

लर्काई सुनगाभाको पुष्प–हार कुनै रुख।
विलासी झैं डटेकाछन् देखाई हँसिलो मुख॥

६५

साना ऐंसेलुका दाना टिपदा ती टपाटप।
ग्रामीण नारी संझन्छन् कानमा सुनका टप॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६६

निस्के नयाँ नयाँ लाखौं वृक्षमा मञ्जु मञ्जरी ।
रसीला प्रतिभा–शाली कविका कविता सरी ॥

६७

ऋषि झैं गरदै शुद्ध मञ्जरीमय भोजन ।
रातैमा कोइली लाग्यो स्वर्गीय सुर साधन ॥

६८

माधुर्य–सिन्धुको यौटा उर्लंदो लहरी–मय ।
त्यो दिव्य स्वरले गर्छ सारा हृदय तन्मय ॥

६९

अदना त्यो चरीलाई त्यो स्वर्गीय ‘ सरीगम ’ ।
सधाउने विधाताको धन्य हो त्यो परिश्रम ॥

७०

स्वर–माधुर्यको तेस्तो किन्नरै–तुल्य कोइली ।
रूपका लाजले होकि बोल्छ राती झुली झुली? ॥

७१

कोकिल–स्वर त्यो सुन्दा संयमीहरुको पनी ।
डग्मगाउन चाहन्छ समाधि–मय जीवनी ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

७२

कोइलीको कुहूकार सुन्यो राती जती जती ।
उती उती नयाँ लाग्छ यो सारा सृष्टि–पद्धति ॥

७३

कोइली–कागको भेद बोलीबाटै खुल्यो सब ।
मौकामा गुण जाहेर न भई रहला कब ॥

७४

अघीका वेद–विज्ञाता ऋषिको ॐ मनोहर ।
लाखौं चराचुरुङ्गीको सुनिन्छ मधुर स्वर ॥

७५

कुनै काँकाँ, कुनै कुर्र, कुनै चिर्र चिरीरिरी ।
शब्द–सौन्दर्य–भण्डार खोली बोल्छन् थरीथरी ॥

७६

पुष्प–पल्लवका साथै पक्षीको मोद मङ्गल ।
जुटनाले खुलेको छ नन्दनै–तुल्य जङ्गल ॥

७७

जुरेली, मुनियाँ, मैना, श्यामा, फट्टू, चिभे चरी,॥
धोबिनी सब देखिन्छन् उडने रागिनी सरी ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

७८

मोहिनी तिनको बोली, मोहिनी भाव–भङ्गि छ।
अङ्ग अङ्ग विषे भिन्नै मोहिनी रङ्गिचङ्गि छ ॥

७९

त्यो दिव्य रङ्गमा तेस्तो दङ्ग भै ती चरी सब।
मनाउँछन गला खोली स्वर्गीय कुन उत्सव ॥

८०

गन्धर्व–जातिको यद्वा यद्वा किन्नर–जातिको।
दिव्य गाना शिकेकाछन् तिनले भाँतिभाँतिको ॥

८१

त्यो चरीका चुचाबाट निस्केको शब्द–माधुरी।
उही यथार्थ संझन्छ जुन होला उही चरी ॥

८२

बोलने उडने लाखौं खिलौना काखमा धरी।
पालुवामा वसन्त–श्री खेल खेल्छिन् थरी–थरी ॥

८३

हेर्दा वसन्त–लक्ष्मीको तेस्तो त्यो मोहिनी छवि।
हृदयाऽऽकाशमा दोस्रै निस्कन्छन् प्रेमका रवि ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

८४

प्रत्येक वृक्षमा पक्षी आनन्दी गान गाउँछन् ।
त्यो सुन्दा जङ्गली जन्तु तल भैंमा रमाउँछन् ॥

८५

पवित्र प्रेम–गङ्गामा गर्दै नित्य निमज्जन ।
थाले हरिणका भाँक हरिणी–सित खेलन ॥

८६

पशु–पक्षी, लता–वृक्ष सबैको भित्र लक्ष्यमा ।
झल्कीरहेछ आनन्दी प्रेम–सौन्दर्य–पूर्णिमा ॥

८७

गौंथलीहरु साऽऽनन्द योग्य जोडी मिलीकन ।
माया चेतन झैं थाले गुण–कृत्य जमाउन ॥

८८

पालुवा फुल झैं राम्रा हलुका कपडाकन ।
पहिरी दुनियाँ लाग्यो वसन्तैको सखा हुन ॥

८९

कसैको अब जाँदैन भद्दा कन्था–विषे मन ।
कालाऽनुसारी साराज्ञ कवि झैं छन् सबै जन ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६०

दबाई जेवमा चम्पा लागे रसिक घूमन ।
सुगन्धका कुनै साक्षात् मूर्ति जस्ता बनीकन ॥

६१

वियोगी पान्थका आगे रसिलो ऋतु–नायक ।
भयो भारतका लेखा कलि झैं दुःख–दायक ॥

६२

कन्याङ्कुरुङ्को पङ्क्ति एकतामा जमीकन ।
सभ्य संसार झैं थाल्यो उत्तरोत्तर लंकन ॥

६३

त्यो मानू मधु–लक्ष्मीका माथको भृङ्गगुञ्जित ।
नील–पङ्कज–माला झैं देखिन्छ त्तण–लम्बित ॥

६४

वेंसी हिँउदमा झर्छ वर्षामा लेक पस्तछ ।
पहाडिया गृहस्थी झैं क्रौञ्चको श्रेणि वस्तछ ॥

६५

गाम वेंसी गरी लम्बा विचरा ती चरा सव ।
जीवन–क्रमको शिक्षा स्पष्ट दिन्छन् सगौरव ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

९६

तडागमा खडा फेरी भयो कमलको वन।
भित्री बीज छँदा सम्म मासिन्थ्यो र कुरा कुन? ॥

९७

नागले ऋतु–सौन्दर्य हेर्नलाई उँभो–तिर।
पानीबाट निकालेकि पद्मका रूपमा शिर?

९८

लक्ष्मीको वास त्यो खास देखी कमल पुष्पित।
भुन्न भुन्न गरी हर्द छुम्न थाले मधु–व्रत ॥

९९

हिलैमा भ्यागुतो बस्छ हिलैमा कमल–स्थिति।
स्थानले मात्र के गर्नू भिन्नै छ गुणको गति॥

१००

संसार नाट्य–शालाका छ–पर्दा–मध्य वास्तव।
ज्यादा वसन्त–पर्दामा खुसी छ जगतै सव॥

१०१

बहुत कम हुनाले काव्यको भङ्गि भाव
अलिकति मलि नै भो यो वसन्त-प्रभाव
भनिकन पहिले नै केहि सङ्कोच–साथ
बुधजन सँग विन्ती गर्छ यो 'लेखनाथ'॥

इति वसन्त–विचार।

समाप्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ

ग्रीष्म-विचार.

१

लेखी देखे-बुझे-सम्म वसन्त-महिमा सब ।
कविको लेखनी दौड्यो ग्रीष्म-वर्णनमा अब ॥

२

राम्रो वन-बगैंचाको वासन्ती कान्ति मन्द भो ।
मानू स्वर्गीय गङ्गाको मधुर स्रोत बन्द भो ॥

३

पुगे शनैः शनैः सूर्य मध्य आकाशमा अब ।
देखायेर पराकाष्ठा उत्थान-क्रमको सब ॥

४

प्रतापीको प्रतापाऽग्नि-शिखा जस्ता कडा दिन ।
दवाई जगतैलाई अब थाले खडा हुन ॥

५

शके-सम्म कर-द्वारा पृथ्वीको रस खींचन ।
अविवेकी विजेता झैं सूर्य लागी-रहेछन ॥

६

धपक्क भै बलेकाछन् घामले दिन बेसरी ।
दीपकाऽभ्यासमा व्यग्र विद्वान्का इन्द्रियै सरी ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

७

रश्मिका रूपमा ताता वर्षायेर तिखा सिया ।
सूर्यले गर्न आँटेकि विश्व-गोल छिया छिया? ॥

८

विषले मत्मतायेका काला काल-भुजङ्गको ।
फुङ्कार फैं बढेकोछ दन्दनाहट घर्मको ॥

९

सन्तापले जरी ज्यादा आकाशै धप्प भै कन ।
ज्वाला-जाल निकालेर बलनेहोकि दन्दन ? ॥

१०

त्यो नील भाग माथिल्लो सारा विश्व-कटाहको ।
दागै होकि त यैं चर्का ग्रीष्मका उग्रदाहको? ॥

११

संसार-भर ठण्डीको नामै छैन कतै-तिर ।
जता जाऊ उतै खार्ला गरमीको कडा पिर ॥

१२

घामको नाम पारेर कालले अति उत्कट ।
आफना लय-लीलाको देखायो चंचमावट ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१३

गरमीको कड़ा मुस्लो सल्कायेर सर्वैतिर ।
भसक्कै पार्न आँख्यांकि विधिले सृष्टि सुन्दर? ॥

१४

जल तात्यो, हवा तात्यो, तात्यो गगन, भूतल ।
सन्तको सङ्ग झैं यौटा वृक्ष–च्छाया छ शीतल ॥

१५

विश्राम गर्छन् निर्धक्क बटुवा वृक्षका मनी ।
आडमा योग्य राजाको दुनियाँ झैं सुखी बनी ॥

१६

जल शुक्तैं गयो सारा पृथ्वीबाट घरी–घरी ।
कराल कलिले गर्दा धर्मको महिमा सरी ॥

१७

साना–तिना नदी–नाला नाम–शेष बने सब ।
विना गाम्भीर्यको व्यक्ति रहन्थ्यो तापमा कब? ॥

१८

देखिन्छ उनमा तातो बलौटो अब केवल ।
विरसी मूर्खको क्रूर चित्त झैं धर्म–संकुल ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१९

बालुवा टेक्ना–साथ पैतालाकन पोल्दछ ।
पाद–प्रहारको मानू जवाफै स्पष्ट बोल्दछ ॥

२०

टाढा टिलविलायेको जल जस्तै मनोहर ।
मसीना बालुवा माथी झल्कन्छन् सूर्यका कर ॥

२१

विशाल मृगतृष्णा त्यो झल्कँदा दूर चंचम ।
देखने व्यक्तिमा पर्छ बडो आश्चर्यको भ्रम ॥

२२

कुनै त्यो मृगतृष्णामा चाँदीको भाव धर्दछ ।
पानीका भानले कोही दौडदै अघि सर्दछ ॥

२३

नगीचमा पुगी हेर्दा न त्यो चाँदी न त्यो जल ।
झल्कन्छ आँशुका साथै कठै! दुर्भाग्यको छल ॥

२४

घामैका डरले होकि ? ठूला नद–नदी सब ।
लुकाई लहरी–नृत्य खस्के तल–तलै अब ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२५

श्वास प्रश्वासको मात्र दिंदै दुःखित सूचन ।
गर्छन पहाडिया खोला डराइरै भित्र हुन्हुन ॥

२६

नष्ट भो घामले गर्दा हत्राको शीतलो-पन ।
रहन्थ्यो क्रोधका साथ दयाको आँकुरो किन? ॥

२७

बतास चल्दै-चल्दैन चलि-हाल्यो भने पनी ।
उष्णताले शके-सम्म बलेको हुन्छ दन्दनी ॥

२८

विधिले उग्र गर्मीको यो खलाँती फुकीकन ।
पसिना-रूपमा मस्ति गलायो लोकको किन ?॥

२९

न तुँवालो, नता मेघ, न हुस्सू छ नता हिम ।
घन्क्यो घनक सर्वत्र घामको जय-डिरिडम ॥

३०

बन्यो मशान झैं शून्य तातेका दिनको स्थिति ।
निस्कदैन कतै कोही माखो-तक सिती-मिती ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३१

निस्क्यो भनें कतै कोहीं ग्रीष्मका उग्र घाममा ।
देह–भन्दा अघी प्राण पुग्न चाहन्छ ठाममा ॥

३२

मणि--मन्त्राऽऽदिले रुद्ध नाग झैं हत–गौरव ।
छट्ट–पट्ट गरी वस्छ गर्मीले जगतै सव ॥

३३

शिरमा सूर्यको ताप, मनमा विरहाऽनल ।
बटुवा कुन होवैन बाटामा जीवनाऽऽकुल ॥

३४

तन गर्छ जलेवाको प्रशंसा मीनको मन ।
प्राण भन्छ म चाहन्छु मेघको दिव्य जीवन ॥

३५

पृथिवी–भर गर्मीको प्रवाहकन चाँजनें ।
चुला–तुल्य ठुला रस्ता ताता भतभति पोलने ॥

३६

ताता सडकमा ताता पसिनाकन खल्खली ।
चुहाई चल्दछन् पान्थ कष्ट–साथ गली गली ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३७

स्याँ स्याँ भै दम उर्लन्छ, शुकेकोछ सबै मुख ।
पियारो मित्र झैं लाग्छ त्यो वेला मार्गको रुख ॥

३८

देखिन्छ पसिना–पूर्ण पान्थको मुख त्यो घरी ।
रातो चुर्लुम्म पानीमा बुडेको कमलै सरी ॥

३९

बिचरा बीच बाटाको जल–शून्य कुवाकन ।
थाले पुलुक्क हेरेर आँशुले पूर्ण पारन ॥

४०

प्यासका साथमा श्वास श्वास–साथै निराशता ।
उर्लेर गर्न चाहन्छन् पान्थकोदिव्य पान्थता ॥

४१

हाली अनन्त सुस्केरा हिंडदा हिंडदा जल ।
जब पायो अनी आयो नवीन बल–मङ्गल ॥

४२

त्यो वेला त्यो सुधा–तुल्य पियेर जल कल्कली ।
लेटदा चित्तमा फुल्छ स्वर्गीय सुखको कलि ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४३

आमा समानकी निद्रा तत्कालै झप्प आउँछे ।
काखमा बटुवालाई राखी दर्द भुलाउँछे ॥

४४

बिउँभयो मृति–मूर्छाको अन्त्यमा वासना सरी ।
धूमधाम उही घाम उही बाटो कतैबरी ! ॥

४५

दुःखीका दुःखको याद दैवका मनमा भये ।
त्यो चर्को घामको पर्दा तत्कालै उल्टने थिये ॥

४६

भीष्म – सन्तापले पूर्ण शकुनि–ध्वनि–संकुल ।
कृष्ण–कादम्बिनी–शून्य जुवा झैं छ नभस्तल ॥

४७

कराउँदै घुमेकोछ काकाकुल घरी घरी ।
कान्ता खोजन निस्केको पान्थको प्राण झैं गरी ॥

४८

मेघ–मार्ग घुमी सारा नपाई मेघ–दर्शन ।
त्यो मेघ–भक्त लाग्योकि मेघ–मह्लार गाउन? ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४९

अथवा त्यो गई माथी विधाता–सँग शोकको ।
विकराल सबै हाल भन्न लाग्योकि लोकको ॥

५०

गम्भीर मगनै यद्वा ठानी स्वर्गीय सागर ।
पानी–खातिर त्यो मानी लंक्दो छ उँभोतिर ॥

५१

यद्वा विष्णुपदी होलिन यै विष्णुपदमा भनी ।
घुमी आकाश–गङ्गाको गर्छ त्यो उग्र खोजनी ॥

५२

त्यो निराधारमा तेस्तो निकाली करुण स्वर ।
नत्र त्यो घाममा धुंदै किन जान्छ उँभो–तिर ॥

५३

जलाशयहरू–नेर तुच्छ जीवन–खातिर ।
मरे पनी झुकायेन धीर चातकले शिर ॥

५४

सुन्दा चातकको तेस्तो तिर्खाले व्याकुल ध्वनि ।
नौनी–समान पग्लन्छ छाती पत्थरको पनी ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५५

त्यो मानी पक्षिको तेस्तो त्यो पानी–वूत धन्यछ ।
जसको इन्द्रमा मात्र भक्ति–भाव अनन्य छ ॥

५६

अरु साना–तिना पक्षी वनको मित्र मित्र छन् ।
रसीला वृक्षका पत्र उनका दिव्य मित्र छन् ॥

५७

विचरा ती चरालाई न चाराको उमङ्ग छ ।
न कुनै वन्य लीलाको भाव–भङ्गि–तरङ्ग छ ॥

५८

ज्वाला–जाल फिंजारेको खडेरी–रूप दानव ।
देखी डरी डरी दब्के किन्नरी झैं चरी सव ॥

५९

वैलाये घामले राम्रा भरिला पुष्प–पल्लव ।
दारिद्र्यले डढायेका दुःखी झैं गत–गौरव ॥

६०

माथी माथी सवै तर्फ फर फाली सुवाकन ।
अग्लो शिमल लाग्योकि शेतो मेघ बनाउन? ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६१

विद्वेषको विशेषज्ञ धीरका मनमा सरी ।
प्रभात घामको बाक्ला वनमा पर्छ बाहिरी ॥

६२

अँध्यारा अतमरा, खोल्ला, गुफा, डराङ्र ई सब ।
तापार्त पशु–पक्षीका विश्राम–स्थान छन् अब ॥

६३

असह्य तापका मारे हिजो आज सबै जन ।
नैष्कर्म्य–सिद्ध योगी झैं धुन थाले वनै–वन ॥

६४

हिम, चन्दन, कस्तूरी, मुक्ताहार, मृणालमा ।
व्यग्र देखिन्छ अत्यन्त विलासी–वृन्द हालमा ॥

६५

खेतमा खेतिवालाका रमणी–जन हालमा ।
पैहृन्छन पसिना–रूप मुक्ता–भूषण भालमा ॥

६६

निःशङ्क पिउँछन् पानी सिंहका साथमा मृग ।
एक–देशीयको हुन्छ दुःखमा ऐक्य सम्भव ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६७

पहिले वन गर्मीले उसिनेको समान छ।
डढेलो उसमा फेरी दुःखको के बयान छ? ॥

६८

निकाली अग्निको ज्वाला आपसैमा भिडीकन।
कुरुवंशी सरी थाल्यो वंश-श्रेणि विनाशिन ॥

६९

वेग-साथ बढेको छ डढेलो वनमा अति।
हिन्दूमा सर्व-संहारी क्रूर झैं भीषणाऽऽकृति ॥

७०

उताबाट उता सल्क्यो उताबाट उतातिर।
गर्दै चट्चटाऽऽकार छोपि-हाल्यो सबै-तिर ॥

७१

डढेलाले निल्यो झट्टै झार, पात दुवै-थरी।
कर्म सञ्चित, आगामी विज्ञान-ज्योतिले सरी ॥

७२

ठुला फेद-विषे आगो सल्केका वृक्ष हुन् जुन।
उनी प्रारब्ध झैं थाले हुस्त हुस्तै विलाउन ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

७३

तातो लपलपायेको रातो जिभ्रो भिकीकन ।
कराल काल लाग्योकि लपक्कै लोक चाटन ।।

७४

स्याँ स्याँ गरी निकालेका जिभ्रा जस्ता बडा तिखा ।।
देखिन्छन् टोडकाबाट ट्टत्तमा अग्निका शिखा ।।

७५

रुन्छन् कठै ! कुनै वृक्ष ठाडै चीं चीं गरी गरी ।
रस-रूप-सफा आँशु चुहाईकन बर्बरी ।।

७६

घरी झार, घरी पात, घरी वृक्ष, घरी लता ।
भस्म पारी डढेलाले उडायो वनको पता ।।

७७

आगाकादहले माथी उडेका चिचरी चरी ।
डढेलामा गिरे फेरी घानका तालले गरी ।।

७८

राती पाखा-पखेरामा देखिन्छ दव-माधुरी ।
कृष्णका कटिको लामो दिव्य पीताऽम्बरै सरी ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

७९

प्रत्यक्ष सर्व–संहारी महामारी–समान यो ।
आगाले जङ्गली जीव नाम–शेष गरी–दियो ॥

८०

वृष्टि छैन, कड़ा घाम बढ्दो छ प्रतिक्षण ।
डढेलो वसमा फेरी के रहन्थ्यो कहें ! वन? ॥

८१

डढेलाले डढायेको वन देखिन्छ यो घरी ।
नवाबको प्रतापाऽग्नि, रुल्केको भारतै सरी ॥

८२

उड़ायो ग्रीष्मले सारा वसन्त–कृत गौरव ।
नीच पापी दुरात्माले सन्तको कीर्ति झैं सब ॥

८३

यौटा गुलाफको पुष्प यस्तो ताप पनी सही ।
दुरुस्त अघि को जस्तै फुले को छ जहाँ–तहीं ॥

८३

उपकारी महात्माको चित्त झैं स्वच्छ कोमल ।
देखिन्छ भाग्यले यौटा शिरीष–तरुमा फुल ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

८५

गंभीर जलको भित्री तहमा नडुबीकन।
संसार-भर पायिन्न आनन्दी शीतलो-पन ॥

८६

क्षणिकाऽऽनन्दमा लुब्ध जीव झैं मोहजालमा।
जलमा मग्न भै गोता लिन्छन् रसिक हालमा ॥

८७

निस्कनू-दबिनू-रूप विश्व-क्रम-निदर्शन।
देखायेर सबै गर्छन् उन्मज्जन निमज्जन ॥

८८

देखिन्छन् जलमा पौडी खेल्ने ती थरी-थरी।
दिव्य आनन्द-गङ्गाका सजीव लहरी सरी ॥

८९

अस्ताऽद्रिका चुलीबाट घर्क्यो घाम अली जब।
जलवासी अनी हाँसी निस्कन्छन् तीरमा सब ॥

९०

ग्रीष्ममा सूर्यको छैन चन्द्रको झैं प्रशंसन।
भला हुन्थ्यो सदा-काल कहाँ ज्यादा गरंपन? ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

९१

दिन रात दुवैको छ चौथो याम मनोहर ।
चतुर्थाऽऽश्रम झैं आर्य-जातिको शान्ति-मन्दिर ॥

९२

क्षिनमा जीवनाऽऽशाको लहरा जो हराउँछ ।
चन्द्रिकाऽमृत पायेर रातमा त्यो पलाउँछ ॥

९३

उदयाऽचलमा चारु निस्कँदा चन्द्र-मण्डल ।
ढकमक भई फुल्छ मनः-कुमुद निर्मल ॥

९४

चन्द्रको चाँदनी स्वच्छ लिनलाई थरी-थरी ।
अटालीमा चढी बस्छन रातमा च्याखुरा सरी ॥

९५

प्रचण्ड घामले गर्दा शुष्क-प्राय चराचर ।
रसाई चन्द्रले पारे सार्थ नाम सुधाकर ॥

९६

कर्पूर-द्रव झैं चीसो चन्द्रको दिव्य चाँदनी ।
पर्दा सर्र रसायेर अङ्कुराउँछ जीवनी ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

९७

बिहानीपखको राती मिल्छ जो शीतलो–पन ।
विश्वको त्यै उष्णिखण्डामा झुण्डियेको छ जीवन ॥

९८

सुती–रहन्छ दुनियाँ सूर्योदय हुँदा पनी ।
अविद्याले अँध्यायेको वृद्ध भारत झैं बनी ॥

९९

लाग्छ लामू कडा तातो दिन कल्प–बराबरी ।
ठण्डा रात बिती–दिन्छ मानू एकै पला–सरी ॥

१००

के गर्छ नकली पङ्खा, के गर्छन् हिम, सर्बत ।
चूर्ण हुन्न विना मेघ गर्मीको पूर्ण बर्गत ॥

१०१

भरसख पढि सारा ग्रीष्मको यो विचार ।
मन–बिच लिनु–होला क्यै भये–देखि सार ।
भनि सविनय लत्री नित्य जोडेर हात ।
विनति सुकविलाई गर्छ यो 'लेखनाथ' ॥

इति ग्रीष्म–विचार समाप्त ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ

वर्षा-विचार.

१

ग्रीष्मको गरमी-भित्र घुमी खाएर चक्कर ।
कविको लेखनी दौड्यो वर्षा-वर्णन-खातिर ॥

२

प्रजाको हर्षका साथ जल-वर्षा गरीकन ।
आई-पुगी प्रिया वर्षा वर्ष-तुल्य बने दिन ॥

३

समुद्र चिर्दै उत्रेका मत्त दिग्गजको छटा ।
झल्काई गर्जदै निस्क्यो चौतर्फी घनको घटा ॥

४

सुन्दा दिगन्तमा दूर मेघको धीर गर्जन ।
मनो-मयूर उफ्रन्छ लोकको दङ्ग भैकन ॥

५

छोडी क्षितिजको रेखा सुस्त-सुस्तै उँभोतिर ।
मैनाक-तुल्य त्यो कालो उठायो मेघले शिर ॥

६

देखिन्छ नयनाऽऽनन्दी उसको कान्ति-माधुरी ।
टलक्क टल्कने चिल्लो नील पर्वतको सरी ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

७

खिंची लपलपाऽऽकार तर्वार विजुलीमय ।
गर्जन्छ रणमा मत्त वीर झैं मेघ निर्भय ।।

८

शिवले विषझैं सारा चर्को गर्मी पिईकन ।
थाल्योकि विजुली–जिभ्रो काढी मेघ मडारिन? ।।

९

घरी मिलिक मिल्कन्छ घरी गडगडाउँछ ।
घरी त्यो नगरा–तुल्य जोरले घुहुनाउँछ ।।

१०

अथवा जलको भारी गन्हुङ्गो भै गलीगली ।
चल्छ त्यो विजुली–रूप लट्ठी टेकी अलीअली ।।

११

विजुली नामको यद्वा छहरो अति निर्मल ।
स्वर्धुनीको खसेको हो छिचोली मेघ–जङ्गल ?

१२

यस्तै छ जीवन–ज्योति अँध्यारामा भनीकन ।
देखायो विधिले यद्वा विजुलीको निदर्शन ? ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१३

मिलिक्क मिल्कँदा मेघ प्रकाश जुन आउँछ ।
विश्वको जीवन–ज्योति उसैले जग्मगाउँछ ॥

१४

जो त्यो मिलिमिर्ली–रूप मेघको मन्द हास छ ।
उसमा तीव्र गर्मीका बलको उपहास छ ॥

१५

हास्य–गर्भित गम्भीर सुन्दा त्यो मेघ–गर्जन ।
सारा संसार संझन्छ भावि सौभाग्य–शूचन ॥

१६

मेघमाला मिले एकै–छत्त भै गगनै भरी ।
उर्लदै सिन्धुमा–चारै–तर्फबाट नदी सरी ॥

१७

नाट्य–शाला छ आकाश नाचने विजुली नटी ।
ताल दिन्छ तबल्ची भै मेघ धाकिटि धाकिटी ॥

१८

घरी घरी त्यो देखिन्छे मेघमा विजुली परी ।
कृष्णका काखमा मानू लेटेकी राधिका सरी ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१९

राम्रा नयाँ नयाँ रङ्ग निकालेर थरी थरी ।
मेघ चक्कर खाँदैछ कविको प्रतिभा सरी ॥

२०

जती हेर्‍यो उती राम्रो रङ्ग आकाशमा चढ्यो ।
मेघको विजुली–रूप झगडा विजयको गड्यो ॥

२१

घनक्क पारी घन्काई गम्भीर जय–डिण्डिम ।
गर्न लाग्यो महामेघ जलको वृष्टि झंझम ॥

२२

पहिला जलका विन्दु जोरले जुन आउँछन् ।
रूपमा पुतली–तुल्य धूपमा ती बिलाउँछन् ॥

२३

पहिले पृथिवी–माथी वर्षदा जल दर्दरी ।
सुगन्धि बाफ निस्कन्छ आनन्दोच्छ्वास झैं गरी ॥

२४

साना सीकरले सारा अङ्ग सर्र रसाउँछ ।
स्वर्गीय सुख–वर्षाको मनमा हर्ष आउँछ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२५

रसले रसिली पारी तातेकी पृथिवी कन ।
नगीचैमा वर्सा मेघ लाग्यो भारी मजा लिन ॥

२६

वर्षन्छ जलको धारा मेघबाट जती जती ।
विरही जनको छाती शुक्दोछ उती उती ॥

२७

वर्षदा जलका धारा मानू मानव–जातिका ।
स्वर्ग–सम्म पुऱ्यायेका तार झैं छन् जुदा जुदा ॥

२८

सारा सागरको खार चालने चलनी सरी ।
घुमदै स्वादिलो पानी मेघ छर्दछ छर्छरी ॥

२९

समानै जल सर्वत्र विवेकी मेघले दियो ।
सम–दर्शी महात्माको पक्षपात कहाँ थियो? ॥

३०

हवाको रूपमा चल्छ जहाँ दुर्भाग्यको बल ।
वर्षदैन उहीं मात्र मेघको जल शीतल ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३१

कालो भये पनी केही मेघको बाहिरी द्युति ।
झल्कन्छ चित्त–रेखामा भित्र उज्वल ता अति ॥

३२

विश्वको दुःख देखेर दयाधारी पयोधर ।
न पग्लेको भये–देखी के रहन्थ्यो चराऽचर ?॥

३३

न स्थान, मान चाहन्छ जाति, पाँति न गन्दछ ।
जल वर्षाउँदा मेघ मानू ब्रह्मज्ञ बन्दछ ।

३४

पवित्र परमात्माको भक्तिमा सत्य भक्त झैं ।
शीतला जलधारामा भिजेको छ प्रजा सधैं ॥

३५

घरी दरदराऽऽकार घरी सुस्तै सिमी–सिमी ।
जल–वर्षा लगातार गर्छ मेघ घुमी घुमी ॥

३६

चिरिन्छन् जल–धाराले नलिनी–पत्र चर्चरी ।
दुर्वाच्य–बाण–वर्षाले साधुको हृदयै सरी ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३७

दिनं रात दुवै कालो पारी धुंधुमियो झरी ।
मुख पेट दुवै मैला भयेको दुर्जनै सरी ॥

३८

झरीले छोपि-राखेका वर्षाका दिन छन् सब ।
अविद्याले अँध्यायेका जीव-तुल्य गत-प्रभ ॥

३९

अँध्यारो दिन देखेर चखेवी बिचरी चरी ।
रुन्छे व्याकुलता-साथ रात्रिको भ्रान्तिमा परी ॥

४०

जल-वर्षा गरी मेघ तृप्त छैन कुनै दिन ।
दाता देह छँदा सम्म के गर्ला मुष्टि-बन्धन ?

४१

यता उती कतै कत्ती डग्दैन घन-मण्डल ।
लब्ध-भूमि महात्माको चित्त झैं अति-निश्चल ॥

४२

कहाँ सूर्य, कहाँ तारा, कहाँ नक्षत्र-नायक ।
देखिन्छन कालले गर्दा जुन्किरी नै झकाझक ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४३

दिने मेघ सऱ्यो माथी, लिने खोला बगे तल ।
दिने लिनेको प्रत्यक्ष देखियो भेद उज्ज्वल ॥

४४

वर्षाउँदा अहो! यौटा मेघले जल–सम्पति ।
कुवा, खोला, नदी–नाला सबैमा छ समुन्नति ॥

४५

लोक भन्छ पुग्यो पानी किन्तु मेघ खन्याउँछ ।
यस्तै व्यक्ति महादानी लोकमा कहलाउँछ ॥

४६

पियारी बिजुलीलाई लोकले खींचदामहाँ ।
रिसायेको सरी मेघ गर्जदैछ जहाँ तहाँ ॥

४७

जथाभावी छरी पानी जुवाको हरुवा सरी ।
धुंमिन्छ छेउ लागेर कालो मेघ घरी घरी ॥

४८

जाति–पानी कतै छैन बाढीले सब मैलियो ।
भलले कलिले तुल्य एकैछत्त गरी–दियो ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४९

मेघ दिन्छ सफा पानी माटाले धमिल्याउँछ ।
गुणलाई पनी मूर्ख दोष-पूर्ण तुल्याउँछ ॥

५०

धमिला भलका साथ माछा पनि बडे बडे ।
कलिको सङ्ग पायेका दुराचार सरी बढे ॥

५१

काला पहाडमा सेता पानीका छहरा छुटे ।
कृष्णका छातिका मुक्ता-हारको उपमा लुटे ॥

५२

दायाँ बायाँ दुवै-तर्फ हान्दै खोला दगुर्दछन् ।
संसारमा छुचा यस्तै कामना अघि सर्दछन् ॥

५३

जरा खनेर खोलाले खसाल्ले तीरका रुख ।
छोटाको आड लागेर मिल्दैन कसै सुख ॥

५४

सारा कीट-पतङ्गाऽऽदि आत्तिये भेलमा परी ।
दारिद्र्यले डुबायेका भारतीय प्रजा-सरी ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५५

घुमाई लहरी–हात दौडन्छन नाचदै नदी ।
दानी पयोदको दिव्य झल्काई कीर्ति–कौमुदी ॥

५६

लडाउँदै मुढा ढुङ्गा खहरे गड्गडाउँछ ।
छोटो मानिस मौकामा ज्यादा जोस बढाउँछ ॥

५७

कलिले श्रौत–यागादि कर्म झैं बटुयाकन ।
झरीले बाटबाटैमा रोकेकोछ प्रतिक्षण ॥

५८

पार जाने डुँगा साँघू उडायो भलले सब ।
छोटो बढे–पछी विघ्न नगरी छोडला कब ॥

५९

हिले आहाल देखिन्छन धमीला भलले भरी ।
ज्यादा दुर्वासना–जाल जमेको हृदयै सरी ॥

६०

फुलायेर गला धोत्रो काढी सङ्गीतको धुवाँ ।
हिले आहालमा पाहा गर्न थाले 'टुवाँटुवाँ' ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६१

छिन्न भिन्न गऱ्यो मैला भलले मार्ग बेसरी ।
पाखण्डी मतले हाम्रो राम्रो वेद-पथै सरी ॥

६२

नौनी-समान वर्षाले गालेको भूमि-भागयो ।
करुणाले पगालेको सज्जनै-तुल्य देखियो ॥

६३

कुल्चदामा पनी गज्ज पर्ने मूर्ख-समानको ।
हिलो संसारमा निस्क्यो मूर्ति झैं अपमानको ॥

६४

लोकोपकारमा जत्ती खर्चन्छ जल-सम्पति ।
उत्ती उज्यालो देखिन्छ मेघको वदन-द्युति ॥

६५

बाँद बाँधी-दिंदा सोझै चढ्यो पानी कुला-भरी ।
चित्त रोकी सुषुम्णामा लगेको प्राण झैं गरी ॥

६६

बेसरी गाँजियो रोपो कुलाको जलले गरी ।
पुर्खाको धर्म-धाराले पढायेको कुलै सरी ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६७

खस्क्यो पर्वतको शोभा अनेक पहिरा परी ।
दुःखका चोटले गर्दा धीरको धीरता सरी ॥

६८

अघीका खुर्खुरे नाङ्गा तुच्छ डाँडाहरू पनी ।
तृण-सम्पत्ति पायेर बने सौन्दर्यका धनी ॥

६९

ग्रीष्म-तप्त वसन्तश्री नुहाई पोखरीमहाँ ।
हाँस्तै झुलुङ्ग निस्किन्की? पद्मका रूपमा अहा!!!॥

७०

कोइलीको मिठो बोली बिलायो कालले गरी ।
भ्यागुताको रुखो शब्द बढेकोछ घरी घरी ॥

७१

अगाध सिन्धुमा चुप्पै चल्छन तिमि, तिमिङ्गिल ।
भ्यागुतो खूब गर्जन्छ पाउँदा धमिलो भल ॥

७२

भ्यागुताको जहाँ वास उहीं कमल फुल्दछ ।
तर त्यो चाल पाउन्न हिलैमा मात्र भुल्दछ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

७३

कहाँ तुच्छ हिलो तेस्तो कहाँ कमलको रस ।
दुर्भाग्यले हिलैमा छ बिचरो भ्यागुतो खुस ॥

७४

संसार यो हिलो सारा पङ्क ईश्वर–भक्ति हो ।
जीव छन् भ्यागुता–तुल्य पङ्कको रस मुक्ति हो ॥

७५

अँध्यारा रातमा सुन्दा वर्षाको झ्झमाखट ।
परमाऽऽनन्दका ढोका स्वयं खुल्छन् खटाखट ॥

७६

मानू स्वर्गीय सङ्गीत–कलाको दिव्य माधुरी ।
वर्षन्छ जल–धाराको साथैमा त्यो थरी थरी ॥

७७

आकाश–गृहमा काली बुढिया मेघमालिका ।
घुंदछे रातमा बाली विजुली–मय दीपिका ॥

७८

खेतमा जलका धारा वर्षदा–चेरि बाहिर ।
उर्लन्छ खेतिवालाका मनमा सुख–सागर ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

७९

विरही–जनको श्रेणी आँशुले परिपूरित ।
पला पलामा दाँजिन्छ वर्षाको रजनी–सित ॥

८०

पखालियो, बग्यो, गैगो भलमा पुष्पको रस ।
भयो भ्रमरका निंती यो वर्षाकाल नीरस ॥

८१

विधिले फुलको सार कदंका फुलमा भरी ।
गोलाऽऽकार बनायांकि सबैं बग्ला भनी डरी?॥

८२

गुणका भारले नम्र गुणी–तुल्य अली तल ।
झुके दारीमका हाँगा लागनाले ठुला फल ।

८३

वनमा विरही बोली बोल्दछन् न्याहुली चरी ।
चिरिन्छ परदेशीको दुःखी हृदय चर्चरी ॥

८४

मेघको शब्द सुन्नाले प्रेमले दङ्ग भैकन ।
थाले मयूरका भाले नाचा नाची कराउन ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

८५

विरही–जनको छाती वज्रराले सरी चिरी ।
बोल्दछन् मत्त भै तित्रा 'तित्तिरी तितिरी' गरी ॥

८६

मानी त्यो हंसको श्रेणि पुग्यो मानसरोवर ।
अपमान जहाँ हुन्छ वहाँ को वास गर्छ र ? ॥

८७

तामे ढुङ्करका भाले करायेर घुमी घुमी ।
नाचेको देखदा–खेरी मन हुन्छ रिमी–झिमी ॥

८८

नाचें पुच्छर हल्लाई बोलि फेरी चिभे–चरी ।
वियोगिनी निभायेका कालका दूतिका सरी ॥

८९

झर्नाले शिरको सारा भुवा सारौ कठैबरी ।
मुडला भै घुमेकाछन् मानू जपणाकै सरी ॥

९०

इन्द्रिर्नाको प्रभा राम्रो झल्कदोछ थरी–थरी ।
अप्सराले खसालेका रत्नका हारको सरी ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६१

गर्मी–रूप बडो तेजी अल्झेको मेघ–पाशले ।
मृग हानी उभ्यायेकि कुनामा धनु इन्द्रले ? ॥

६२

अँध्यारो मुख लायेर मेघ लत्र्यो जती जती ।
उज्यालो खेतिवालाको चित्त हुन्छ उती उती ॥

६३

लांखुट्टे रोकनालाई मेघ–रूपी ठुलो झुल ।
हालेकि दिननाथैले छोपी टम्म नभस्तल ? ॥

६४

घूम–घाम अघी हुन्थ्यो बीचमा खालि घाम भो ।
अहिले घूमको काम, 'घूम–घाम' तमाम भो ॥

६५

साध्य छैन यहाँ–सम्म हरियाली बढ्यो भनी ।
पन्नाको कान्ति झल्कन्छ ईंट पत्थरमा पनी ॥

६६

बिझाउने बडा ठाडा देखदा बाँशका मुना ।
गाम पिर्ने पिराहाको मनमा हुन्छ संझना ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

९७

हेरी नशकनू पारी परखाल वडे बडे ।
नेपाली कविले खुट्टा काटेका वर्ण झैं लडे ॥

९८

घपक्क मेघको घुंटो हाली कुल–वधू–सरी ।
दिगङ्गना वसेकाछन् लुकाई मुख–माधुरी ॥

९९

लोकोपकारमा सुम्प्यो मेघले सब जीवन ।
सवै यस्तै भये देखि दुःख हुन्थ्यो हरे! किन? ॥

१००

वर्षाको सुरुमा हर्ष अन्त्यमा पनि हर्ष छ ।
विशेष अरुमा भन्दा वर्षामा यो प्रकर्ष छ ॥

१०१

हुनत मधुर मेरो छैन वर्षा–विचार
नजर गरनु–होला तैपनी एक–वार ।
भनिकन कर जोडी हार्दिक स्नेह–साथ
गरदछ कविलाई प्रार्थना 'लेखनाथ' ॥

इति वर्षाविचार समाप्त ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ

शरद्विचार.

१

गयो वहाड वर्षाको खडा भो रसिलो शरद् ।
अर्कै स्वरूपमा निस्क्यो कविको कल्पना–जगत् ॥

२

निस्के घन–घटा फोरी देखाई भरिलो छवि ।
अविद्या–जाल तोडेको इलमी राष्ट्र झैं रवि ॥

३

धेरै काल पछी मिल्दा मित्र–दर्शनको सुख ।
डुब्यो आनन्दमा लोक लगाई हँसिलो मुख ॥

४

लोकोपकारमा खर्ची अनन्त जल–सम्पति ।
मनस्वी धीर झैं मेघ वन्यो शान्त मुनि–व्रती ॥

५

कहाँ कालो कडा कान्ति कहाँ गर्जन–तर्जन ।
मेघले जलका साथै त्यागेछ सब दुर्गुण ॥

६

परोपकार–व्रतले गलेका मेघ पावन ।
प्रतिच्छन्द्र–रेखा झैं देखिन्छन् मन–मोहन ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

७

आफना जल–धाराले वढेको विश्वको खुसी ।
हेर्न लाग्यो कि वा मेघ खिस्स हाँसी पर्‍यै वसी ? ॥

८

रूप–रङ्गादिले शून्य सत्य–शेष कुनै घन ।
जीवन्मुक्त सरी थाले हावा–माफिक खेलन ॥

९

सेता बादलका टुक्रा कुना–काना अली अली ।
चल्छन् विस्तार विस्तारै कलिमा साधुझैं गर्ला ॥

१०

वडो उज्यालो आनन्दी भगवान् शङ्करै सरी ।
हिमालमा पस्यो मेघ विश्व–बाधा सबै हरी ॥

११

मेघ झैं विश्व–सेवामा लगाई शुद्ध जीवन ।
अन्त्यमा शान्ति जो लिन्छन् उनै हुन् मुक्ति–भाजन॥

१२

हरायी मेघका साथै उज्याली विजुली पनी ।
भर्ता गये पर्छा कान्ता रहन्थी अन्त के भनी ? ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१३

जगद्व्यापी उही मेघ टुक्रा टुक्रा भई–कन ।
हिन्दु–साम्राज्य झैं आज गिऱ्यो पायिन्न देखन ॥

१४

मेघले अघि वर्षामा गरेका पुण्य–वृष्टिको ।
फलरूप नयाँ रङ्ग निस्क्योकि सब सृष्टिको ? ॥

१५

दिव्य सौभाग्य–धारामा नुहाई भइ निर्मल ।
निस्केको तुल्य देखिन्छ उज्यालो विश्व–मण्डल ॥

१६

उनै दिन उज्याला छन् उज्याला छन् उनै निशा ।
उनै प्राणी उज्याला छन् उज्याला छन् उनै दिशा ॥

१७

दुःख दुर्दोषका साथै वर्षाले सब विश्वको ।
मैलो–पन पखाल्योकि प्रत्येक परमाणुको ? ॥

१८

वर्षा जाँगरिली दासी धोई पोती लिपी चली ।
शरद् मालिकिनी जस्ती गर्न थाली ढली–मली ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१९

शुकी–शक्यो हिलो सारा धुलो छैन रती–भर ।
रस्ता देखिन्छ सम्पूर्ण लिपेको झैं मनोहर ॥

२०

नर–नारी, लता–वृक्ष, पशु–पक्षी तमामको ।
ढाँचाले स्पष्ट देखायो आनन्दी राज्य रामको ॥

२१

न सर्दी छ, न गर्मी छ, न वर्षा छ, न घाम छ ।
अपूर्व यो शरत्काल सबैको सुख–धाम छ ॥

२२

निर्दोषी नयनाऽऽनन्दी शरत्का रसिला दिन ।
सधैं बस्ने भयेदेखि चाहिन्थे कविता किन ?

२३

न तुवाँलो, नता हुस्सु, न धूलो, न पयोधर ।
स्वच्छ देखिन्छ आकाश इन्द्र–नील–बराबर ॥

२४

कुइरो घामले भाग्यो, तुवाँलो वायुले छुट्यो ।
धुलो वर्षादले मार्‍यो, मेघ आफैं पछी हट्यो ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२५

सारा उपाधिले शून्य शून्य आकाश यो घरी ।
झल्कन्छ कल्पना–शून्य योगीको हृदयै–सरी ॥

२६

रातमा झल्कने ज्यादा ठुला साना हिरा–सरी ।
तारा झिली झिली गर्छन् त्यो नील गगनै–भरी ॥

२७

माथी छन् सक्कली तारा नक्कली तल जुन्किरी ।
तल माथी दुवै–तर्फ झनै तुल्य छ माधुरी ॥

२८

देवताका हिरा हुन् वा हुन् वा स्वर्गीय जुन्किरी ।
स्वर्धुनीका छिटा हुन् वा झल्कने ती थरी–थरी ?॥

२९

झल्कन्छ राती आकाश ती ताराहरूले गरी ।
योगीका सुख–शय्याको कार्चोपी चाँदनी सरी ॥

३०

रातमा रात राम्रा छन राम्रा छन् दिनमा दिन ।
सच्चा अमृतका टुक्रा कम–चेसी थिये कुन ? ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३१

शान्त भै ठाममा आये ठूला नद नदी सब ।
सबैको अस्थिरै हुन्छ उर्लंदो वेग-वैभव ॥

३२

जसरी भल आयेथ्यो गयो झट्ट उसै गरी ।
जबानीको कडा माद दौडन्छ विजुली सरी ॥

३३

वर्षाका जोरले मात्र उर्लेका खहरे जती ।
छोडी आडम्बरी फूर्ति बन्न थाले बक-व्रती ॥

३४

नदीका जलले छोड्यो सारा बगर सुस्तरी ।
ज्ञानीका मनले तुच्छ भोगको वासना-सरी ॥

३५

चुल्ठो-समान लर्केको नदीको मझ-धार छ ।
आनन्दी हंसको ताँती मानू सुन्दर हार छ ।

३६

आँखा-समान झल्कन्छ माछाको परिवर्तन ।
गहिरो भुमरी-रूप नाभि देखिन्छ शोभन ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३७

हलुका लहरी हात गाना कलकल-ध्वनि ।
नचरी लाउँदै चल्छन् नदी सागर-गामिनी ॥

३८

शरत्का सङ्गले सङ्ले धमिला पोखरी सब ।
सत्सङ्गको सफा रङ्ग सबैमा पर्छ वास्तव ॥

३९

वृक्ष, पर्वत, आकाश गर्व सौन्दर्यको गरी ।
पानीमा हेर्न लागेकि आफन्तु मुख-माधुरी ? ॥

४०

शनैः शनैः फिका पारी अघीको तेजिलो-पन ।
विम झैं दक्षिणाऽऽशामा लागे श्रीसूर्य लत्रन ॥

४१

कन्या-लङ्घन भो भन्ने संकोचैले अलीकती ।
झुकेका हुन्कि लाचारी-साथ ती पद्मिनी-पति? ॥

४२

दिननाथै उँधो लत्रे दिनको के कुरा छ र ? ।
जहाँ-सुकै पनी हुन्छ स्वामी-माफिक नोकर ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४३

तेस्ता प्रचण्ड तेजस्वी सूर्यको त्यो अधोगति ।
देखी हृदयले भन्छ अभिमान न ले रती ॥

४४

वर्षामा मेघले ज्यादा दबायेका दिवाकर ।
अत्यासले गलेछन्कि चलेछनकि उँधोतिर ? ॥

४५

धैर्यको शान्तिको दिव्य नमुना—तुल्य निश्चल ।
अघी भन्दा पनी ज्यादा उज्यालो छ हिमाऽचल ॥

४६

हिमका चुचुरा सारा साह्रै स्वच्छ मनोरम ।
देखिन्छन आत्म—विद्याका सिद्धान्त—सरि दुर्गम ॥

४७

बिहानै शिरमा पर्दा सूर्यको किरणाऽऽवलि ।
मूर्तिधारी तपस्या झैं झल्कन्छन् हिमका चुली ॥

४८

हिमालका पखेरामा तलै लत्र्यो पयोधर ।
शिवका कटिको लम्बा बगम्बर—बराबर ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४६

निस्कन्दा पद्मिनी–नाथ छिचोली पद्मको वन ।
मुसुक्क पद्मिनी हाँसे खुसीले दङ्ग भै कन ।।

५०

देखिन्छ अघिको भन्दा राम्रो कमल–संहति ।
चर्को विनाश–वेलाको वत्ती झैँ विमल–द्युति ।।

५१

थुँगा कमलका राम्रा देखिन्छन् पोखरी भरी ।
आकण्ठ जलमा मग्न अप्सराका मुखै–सरी ।।

५२

पद्मका पुष्पले पद्म–पोखरी ढकमक्क छ ।।
सुगन्धको मजा पाई हावा सारा गमक्क छ ।

५३

लियो सुगन्ध हावाले मिल्कायो तल केशर ।
तत्व पाये पछी फेरी खोष्टाको चाह के छ र ? ।।

५४

सुनौला रङ्गका ताजा चिल्ला केशरले गरी ।
सुवर्ण–मय देखिन्छन् सारा कमल–पोखरी ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५५

विधाताले खटायेका कमल-द्युति-जाँचना ।
जाँचकी-तुल्य भै घुंछन् भ्रमराहरू पुष्पमा ॥

५६

लक्ष्मीको वास त्यो खास फक्रेको पद्म-सन्तति ।
पाई दिव्य रसप्रेमी भ्रमरा मस्त छन् अति ॥

५७

विस्तारी गतिका साथै खोली दिव्य गला पनी ।
पद्मका वनमा गर्छन् कलहंस कल-ध्वनि ॥

५८

काव्यमा कविको दिव्य कल्पना-शक्तिको सरी ।
जलमा अति राम्रो छ हंसको गति-चातुरी ॥

५९

हावाले जलमा राम्रा लहरी जुन आउँछन् ।
झुलदै उनमा हंस डुङ्गीमा झैं रमाउँछन् ॥

६०

दुध पानी दुवै छान्ने ज्ञानी परम-हंस ती ।
निराला चालमा चल्छन् को जान्ने तिनको गति? ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६१

त्यो हंस–गतिले चल्छ जल निर्मल सुस्तरी ।
लयोन्मुख महात्माको चित्तको कलना–सरी ॥

६२

हंस हंसी दुवै बाँडी मृणाल मुखमा धरी ।
देखाउँछन् बडो राम्रो दाम्पत्य–प्रेम–माधुरी ॥

६३

धन, धर्म दुवै धान्ने धान्य–गौरवले उता ।
खेतमा भरियो भारी भरीलो रमणीयता ॥

६४

जीवनाऽऽनन्दको ज्योति प्रजाको स्वच्छ शीतल ।
बयेली धानमा खेल्छ गर्दै नयन–मङ्गल ॥

६५

एकैनास पसायेका अर्धचन्द्र–समानका ।
बाला लहबरा गर्दै झुल्दछन् खूब धानका ॥

६६

झुकेकोछ सबै धान्य ठाडो छैन कुनै पनी ।
उपकारी गुणी व्यक्ति यस्तै हुन्छ जहाँ पनी ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६७

खेतको मोहिनी शोभा हेरदा–हेरदैमहाँ।
ब्रह्ममा ब्रह्म–वेत्ता झैं लीन हुन्छ मनै वहाँ॥

६८

बदामी रङ्गको राम्रो देखदा खेतको छवि।
केशरी बागमा पुग्छन् उपमा खोजदै कवि॥

६९

कृषिको श्रम–साफल्य देखनाले प्रजा सब।
परमाऽऽनन्द पायेको योगी झैं छ खुशी अब॥

७०

हुटिट्याऊँ हिलेकौवा, जलेवा, बक, चाँचर।
खेतीका कुहुवा-तुल्य खेतैमा गर्दछन् घर॥

७१

साना रुगरुगायेर दौडने दिव्य खञ्जन।
गति–सौन्दर्यले सा-है गर्दछन मन–रञ्जन॥

७२

त्यो छिटो छरितो राम्रो तिनको फुर्फुरावट।
हेर्दा भित्र छचल्किन्छ प्रेम–पीयूषको घट॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

७३

जता हेर्‍यो उतै राम्रो आनन्दी रङ्ग लोकको ।
छैन संसारमा नाम–निशाना दुःख–शोकको ॥

७४

खोली कमलको छाता हंकाई काश–चामर ।
ऋतु–राजै सरी गंक्यो शरत्काल मनोहर ॥

७५

फुलमा मदको गन्ध भरियेको छतीवन ।
शरत्को वनमा बद्ध हात्ती–तुल्य छ शोभन ॥

७६

वनमा फल–पुष्पादि विशेष नभये पनी ।
झ्याँगियेको छ त्यो ज्यादा बनी गाम्भीर्यको धनी ॥

७७

वसन्तकै–सरी सारा बगैंचाको बहार छ ।
हावा वसन्तको भन्दा ज्यादा महक–दार छ ॥

७८

फुलेको हसना–रूप शरत्को मन्द हास छ ।
जसमा बहुतै चर्को वासनाको विकाश छ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

७९

हसनाको बडो हस्के देखी उत्ताउलो-पन ।
कुनामा केवरा लाग्यो जिब्रो काढी लजाउन ॥

८०

झलमल्ल शयेपत्री अभिमानी-समान छ ।
ज्यादा लत्रन जान्दैन रूपको खूप शान छ ॥

८१

बन्दै-छ गमला-रूप-खोरमा गुण-केशरी ।
तैपनी फुलको सातो हर्छ त्यो गुणले गरी ॥

८२

रसिलो हर-शृङ्गार वर्षाई पुष्प बर्बरी ।
स्वर्गीय वासना भर्छ महात्मा झैं वरी-परी ॥

८३

हंसराज नयाँ रङ्ग झिकी अत्यन्त दङ्ग छ ।
मानू सूर्यमुखीलाई सूर्य बन्ने उमङ्ग छ ॥

८४

रङ्गमा रेशमै-तुल्य ढङ्ग लोकै बिझाउने ।
रित्तो मखमली चुत्थो धूर्तै भन्न सुहाउने ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

८५

उता गोदावरी जम्मै फुलेर ढकमक्क छ ।
यता सरस नेवारी त्यो देखी अकमक्क छ ॥

८६

एतावता सबै–तर्फ शरत्को कान्ति–माधुरी ।
झल्कायेर फुलेकाछन् फुल राम्रा थरी–थरी ॥

८७

टल्कने हलुवाबेत लटऱ्याम्म रुखै–भर्रा ।
अम्बा लदाबदी जम्बै पाकेकाछन थरी–थरी ।

८८

कहाँ उस्तो हिलो मैलो, कहाँ यो मोहिनी छवि ।
कति राम्रो उदायेको विश्व–सौभाग्यको रवि ॥

८९

वर्षाको जलले पूर्ण मेघ–मण्डलमा पसी ।
चन्द्रले कालिमा दोष फालेछन्कि घसी घसी ? ॥

९०

चन्द्रको चाँदनी–रूप झल्कँदा राति गौरव ।
कपूरले लिपे–जस्तो देखिन्छ जगतै सब ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६१

आनन्दी देवता–तुल्य चन्द्रका रश्मिजालमा ।
पींगका रङ्गमा दङ्ग देखिन्छन् सब हालमा ॥

६२

जुनेली रातमा राम्रो सुन्दा चहचह–ध्वनि ।
फनक घुमरी मारी घुंछ आनन्द फन्फनी ॥

६३

पुरानू विजय–स्तम्भ–रूप हाम्रो सुविस्तृत ।
यो दशैं–चाडमा मिल्छन् धेरै सिद्धान्त अङ्कित ॥

६४

जसरी पींग मच्चिन्छ हिन्दु–जाति उसै गरी ।
विश्वमा मच्चिदै घुंथ्यो जयका जमरा धरी ॥

६५

यै शरद्मा दशैं हाम्रो यसैमा दीप–मालिका ।
यसैमा धान्य–सम्पत्ति धन्य यो सुख–तालिका ॥

६६

माथमा जमरा माथी जमाई गुण–केशरी ।
नर–नारी जमेकाछन् विजयाऽऽनन्दमा परी ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

९७

मनुष्यको कुरा के छ पशु–पक्षी पनी सब ।
मनाउँछन् खुसी मानी मञ्जु मङ्गल उत्सव ॥

९८

आनन्दको ध्वजा–तुल्य ठड्याई दीर्घ पुच्छर ।
बाच्छा–बाच्छी सिंगारेका दौडन्छन् ती सवैतिर ॥

९९

यता–उती कतै केही नहेरी मस्त भै–कन ।
विजयी वीर झैं गर्वी थाले गोपति ढल्कन ॥

१००

योगीको मन झैं पानी बाटो वेद–पथै सरी ।
शुद्ध देखिन्छ सम्पूर्ण शरत्का सङ्गले गरी ॥

१०१

हुनत अति उज्यालो हो शरत्काल खास
तर अलि कवितामा कति नै भो प्रकाश ।
रसिक ! गरनु–होला तैपनी दृष्टि–पात
श्रम सब बुझि मेरो भन्छ यो 'लेखनाथ' ॥

इति शरद्विचार समाप्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ

हेमन्त–विचार.

१

गर्दा–गर्दै खुसी–साथ शरत्सौन्दर्य–वर्णन ।
हेमन्तले खिंची–हाल्यो कविको लेखनीकन ॥

२

भारी बोकेर जाडाको टाढाको बट्टुवा–सरी ।
हिम–दन्तुर हेमन्त आयो मैलो–पना धरी ॥

३

मैलो दुर्गुणको थैलो त्यो हेमन्त भयङ्कर ।
देखेर डरले भागी शरद्वाला दिगन्तर ॥

४

हेमन्त डाकिनी–तुल्य लोक ठाडै कठ्याउँछ ।
झल्कने हिम–दाऱ्हाले जो जो पायो अँठ्याउँछ ॥

५

घसी भस्म तुषाराको कुइराको लटा धरी ।
धुंमियेकोछ हेमन्त अवधूतै–बरावरी ॥

६

अठ्याउँने हिमै चिंटा मौकामा छन्छनाउँछ ।
जहाँ पनी धुवाँधार धुनी घोर जगाउँछ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

७

परालको नलै मैला उसको छ बगम्बर ।
माला कटकटाऽऽकार दन्तको फेर्छ सुन्दर ॥

८

गेरु–रङ्गी फलाऽऽनम्र सुन्तला कीपका रुख ।
फुल्ला हेमन्त बाबाका चेला झैं छन् ति संमुख ॥

९

नयनाऽऽनन्दका साथै रसनाऽऽनन्द–दायक ।
फल अर्को कुनै छैन सुन्तला–तुल्य लायक ॥

१०

सुन्तला छन् फिलिङ्गा झैं फुस्स हुस्सु धुवाँ सरी ।
विना आगो पनी झल्क्यो धुनीको दिव्य माधुरी ॥

११

कुइरो बढ्दै आयो शान्ति–शोभा सबै हरी ।
जीवका मनमा मानू भोगको तिर्सना–सरी ॥

१२

बिहानी–पखको रातो शीतको कुइरा–सित ।
अनौठाको मित्यारी छ रुने हास्ने क्रमै–सित ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१३

छुस्याई औलको सीमा काँठो लागी वरीपरी ।
पहिले कुइरो बस्छ तन्केको पगरी–सरी ॥

१४

त्यो देखी उसको मित्र शीत वैरिन थाल्दछ ।
तत्कालै कुइरो सोझैं फाँटमा फाल हाल्दछ ॥

१५

त्यो माथीबाट देखिन्छ सवेरै टम्म फाँटमा ।
फट्की राश लगायेको रुवाको दिव्य ठाँटमा ॥

१६

संतन्न भै निदायेको बडा आनन्दमा परी ।
औलाको प्रतिमा–तुल्य कुइरो हुन्छ त्यो घरी ॥

१७

बाल–सूर्य–प्रभाले त्यो फुस्स फुस्कन्छ सुस्तरी ।
व्युत्थान–कल्पना–द्वारा संयमीको मनै–सरी ॥

१८

विचार गर्दा उसको न रेखा छ न रङ्ग छ ।
ब्रह्ममा विश्व झैं खाली भ्रान्तिको त्यो तरङ्ग छ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१९

भित्र अत्यन्त निःसार फुस्स आकार बाहिर ।
माया–जञ्जाल झैं हुस्सू लटारिन्छ सबै–तिर ॥

२०

शीत–रेखा जमेकोछ उसमा भित्र बेसरी ।
संकल्प–शक्तिका साथ संसार–महिमा–सरी ॥

२१

चोटा कोठा सबै चाली पुग्छ सुस्तै सबै–तिर ।
हुस्सू भये पनी नाम काम हुस्सू कहाँ छ र ? ॥

२२

विचित्र जादूगरका जादूको शक्तिले सरी ।
एकै डल्लो गरी–दिन्छ उसले दृष्टि–माधुरी ॥

२३

कुइराको कडा पर्दा लर्कँदा त्यो सबैतिर ।
दृष्टिको ज्योति जादैन बित्ता–भर पनी पर ॥

२४

न पक्षीको कुनै शब्द न प्रभा दिननाथको ।
भेद छुट्याउनै गाह्रो रातको र प्रभातको ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२५

देवी प्रकृतिको दिव्य प्रातःकालीन गौरव ।
हुस्सू-रूप महामैला थैलामा बन्द भो सब ॥

२६

हुस्सू प्रकृतिको लामू गर्भाशय-समान छ ।
उसमा कर्म-बाधाको सबैको एक भान छ ॥

२७

दिशा यो विदिशा यो हो भन्ने भेद पनी गयो ।
मानू समसमाऽऽकार लय-लीला खडा भयो ॥

२८

सबेरै देव-कन्याले बढारी स्वर्ग-मन्दिर ।
फालेछन्कि यता मैलो हुस्सू-रूप कसिङ्गर ?॥

२९

न मेघ हो, न हो पानी, न धुवाँ हो, न वाफ हो ।
बिहानै डुस्सिने तेस्तो न जाने कुन पाप हो ? ॥

३०

मैलो विषय-तृष्णामा मुक्तिको महिमा-सरी ।
कुइरामा विपत्ता भो श्रीसूर्यदयको घरी ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३१

निद्राले चेतना जस्तै हुस्सूले दृष्टिको गति ।
सा‍ह्रै गुट्टुट्ट पार्‍यो देखिदैन यता–उती ॥

३२

कुइरामा कठै !! काग घुंछ्न अन्योलमा परी ।
मायाले मुक्तिको मार्ग बिर्सेका विषयी सरी ॥

३३

आधा हिलामा लत्रेको पद्मका फुलको सरी ।
कुइरामा दब्यो आधा दिनको कान्ति–माधुरी ॥

३४

हेमन्त–सिन्धुमा घुंदा कुइरो–रूप मन्दर ।
जगतै कछुवा बन्छ खुंच्याई अङ्ग जर्जर ॥

३५

तेही मन्थनका छिर्का तुषाराको स्वरूपमा ।
बर्बर सबै–तर्फ वर्षेका हुन्कि विश्वमा ? ॥

३६

कती भयो भने मैत्री शीतको कुइरा–सित ।
तुषारो जोरले हाँस्छ खितका छोडेर खित्खित ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३७

बेलुका सुतदा अर्कै रङ्गमा सब सृष्टि छ ।
बिहान उठदा अर्कै सेताम्मे हिम-वृष्टि छ ॥

३८

साना परालका छाना तुषारो थुम्दिा महाँ ।
सिङ्गमर्मरका जस्तै मजाका देखिने अहा! ॥

३९

छोपियेकी तुषाराले देखिन्छिन भूमि यो घरी ।
क्नै कपास झैं सेतै फुलेकी बुढिया सरी ॥

४०

ठराडीका डरले सेतो मराडीमा भै गुटूमुट्ट ।
नीदले पृथिवी देवी बनीछन्कि लुट्टपुट्ट ? ॥

४१

स्वात हो व: तुषाराको यद्वा दुःख-प्रपात हो ।
फुस्रा हेमन्तको यद्वा फुस्रो दुःसह लात हो ?॥

४२

तुषाराका तिखा सेता काँढा हान्दै पछिल्तिर ।
रात्रि-हुंसी घुस्यो यद्वा पश्चिमाऽद्रि-गुफा-तिर?॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४३

हेर्दा तुषारो राम्रो छ कुल्चदा र समाउँदा ।
कत्रक्क पारी तत्कालै सातो हर्दछ सर्वदा ॥

४४

काठियेर सदा रुन्छन् सारा वृक्ष–लताहरू !
शीतका रूपमा आँशु चुहायेर धुरूधुरू ॥

४५

लता–वृक्ष तुषाराले सब पार्‍यो थिलो–थिलो ।
जिङ्रिङ्ङ वन देखिन्छ शोभा–शून्य उराठिलो ॥

४६

पक्षी कठै ! पखेटाको तुषारो टक्टक्याउन ।
चाहन्छन्, काठियेका छन्, शक्तैनन् फट्फटाउन ॥

४७

न चराको कतै रङ्ग, न कतै पुष्प–पल्लव ।
तुषारामा डुब्यो सारा वनको महिमा सब ॥

४८

हरायो शीतका मारे वृक्षको बढ्ने गति ।
अँठ्याये पछि अर्काले कसको हुन्छ उन्नति ? ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४९

देखिये तुहिनाऽऽक्रान्त लता, वृक्ष, वनस्पति ।
आलस्यले अँध्यायेका जाति जस्तै हत-द्युति ॥

५०

जराले जीवको दिव्य यौवन-ज्योति झैं सब ।
दबायो शीत-धाराले शरत्को पुष्प-गौरव ॥

५१

घुंग्रो हालेर हुस्सूको शीत-धारा चुहाउँदै ।
बिहानमा अँध्यारी भै रुन्छिन प्रकृति नै सधैं ॥

५२

हात गोडा सबै बाँधी झोक्रिन्छ जगतै सब ।
हुस्सूका माझमा फुस्स हुन्छ कर्तव्य-गौरव ।

५३

दिन हेमन्तका सान्है खियेकाछन् कठैबरी ! ।
धर्म-भीरु, दयापूर्ण, निर्लोभी सज्जनै सरी ॥

५४

बारुलाले सरी हर्दं ठराडीले उग्र चिल्दछ ।
भाग्यले औषधी-तुल्य पाहार तर मिल्दछ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५५

गद्‌गदाऽऽकार भै वस्छ दुनियाँ सब घाममा ।
योगाऽऽरूढ महात्मा झैं दिव्य कैवल्य–धाममा ॥

५६

जस्तो पाहारमा प्रेम दुनियाँको छ हालमा ।
उत्तिको प्रेम के होला अन्त यो सृष्टि–जालमा ?॥

५७

पाहार–रूप यो दिव्य शीत–संहार–साधन ।
ठुला साना सबैलाई जीवनीको ठुलो धन ॥

५८

लिंदा–लिंदैमा स्वर्गीय शान्ति पाहारमा वसी ।
खडा हुन्छे कडा काली तत्कालै रात्रि–राक्षसी ॥

५९

निस्की कलमुखी रात्रि जहाँ शूर्पणखा सरी ।
जान–का पद्मिनीलाई वहाँ बाधा कठैबरी ॥

६०

रामाऽऽत्मा रविले रात्रि– राक्षसीको चुरी–फुरी ।
पाहार–खड्गले हर्दा चल्यो अर्कै कडा छुरी ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६१

फाँडिये कण्टक-प्राय बढेका खर-दूषण ।
पियारो भो-जनस्थान रह्यो अध-म-रा-वन ॥

६२

रात्रि-शूर्पणखा काली अँध्यारो मुख लाउँदै ।
हिम-रावणका साथ गर्छे मानू कुरा रुँदै ॥

६३

फिँजारेकी छ उसले जगल्टा अन्धकारका ।
शीतका रूपमा हर्दै खसाल्छे आँशुका ढिका ॥

६४

मेघ-नाद छँदैछैन पन्छाई-र-वि-भीषण ।
रात्रि-शूर्पणखाले त्यो जगाई हिम-रावण ॥

६५

पछारिदामा त्यो रात्रि-राक्षसी आयतोदरी ।
घेरै नै थिचिये राम्रा उज्याला दिनका घरी ॥

६६

देखिने-विचिकै भट्ट दबिन्छ दिन-माधुरी ।
दरिद्रको क्षण-स्थायी मनको मन्सुबा सरी ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६७

उनै सूर्य, उनै पृथ्वी, उही छ किरणाऽऽ वली ।
कालको गतिले गर्दा राप किन्तु अलीअली ॥

६८

फर्काउँछ सिधा पीठ दुनियाँ सूर्य—संमुख ।
हेरला को कठै !! मन्द गिरेका मित्रको मुख ? ॥

६९

तेजस्विता भयेदेखि सूर्यमा क्यै अलीकती ।
शीतले यसरी लोक काँपदोहो कहाँ यती? ॥

७०

परेछ शीत--सम्बन्धी सूर्यलाई पनी पिर ।
नत्र तेसरि सोफिन्थे किन अग्नि -भये--तिर ?॥

७१

राम झैं रवि जानाले कोल्टामा मन्द भै-कन ।
जान—की पद्मिनी हर्न खडा भो हिम--रावण ।

७२

विहोस भै ढली--ढाली पद्मिनी विकलाऽऽकृति ।
होसमा किन घुम्न्थी अर्काका काखमा सती ?॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

७३

दुष्टले पद्मिनी कान्ता हर्नाले विरहाऽऽतुर ।
दोस्रो राम सरी सूर्य बने मालिन्य–मन्दिर ॥

७४

समातेर धनूराशि राम–रूप–दिवाकर ।
शीताऽऽतुर हुँदै ज्यादा जाँदैछन्कि उँधो–तिर ? ॥

७५

एतावता बढ्यो जाडो, थाल्यो त्यो हिम वर्षन, ।
विलायो कमल–श्रेणि, पुगे श्रीसूर्य दक्खिन ॥

७६

दुःख दुर्भाग्यको धारो ठराडीका उग्र–रूपमा ।
खनिदो छ कठै!! राती लगातार गरीबमा ॥

७७

दुःखीका दुःखको थाद भये–देखी अलीकती ।
दैवले सब उल्टन्थ्यो तत्कालै सृष्टि–पद्धति ॥

७८

दुःखी गरीबका लेखा नख–देखी शिखातक ।
चर्चरी चिरने पापी हेमन्तै घोर नारक ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

७९

रातमा घुस्दा शीत दुःखीका भित्र आँतमा ।
दाँतको झगडा हुन्छ को जाने कुन बातमा? ॥

८०

कन्था विक्रामका भद्दा थाङ्नामा मस्त भैकन ।
हालका कविजीजस्तै लागे गरिब खुंचिन ॥

८१

कालो तरङ्ग–सङ्कीर्ण दह झैं पान्थको मन ।
फोरी नयनको बाँध लाग्यो सान्है छचल्किन ॥

८२

घडी–तुल्य पला लाग्छन् वर्ष–तुल्य घडी सब ।
दुःखी दान्हा किटी भोग्छन् रातको शीत–गौरव ॥

८३

खुंच्याउँछन् सबैलाई काला दीर्घ विभावरी ।
कठै!! घोर अविद्याका गन्हुङ्गा गठरी सरी ॥

८४

जुन रात–विषे हुन्छ दुःखीको प्राण–संशय ।
सुखीलाई उनै रात सुधाका लहरी–मय ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

८५

सुखीका सुखको साक्षी दुःखीको दुःख–वर्धन ।
झुल्कन्छ रातमा शुल्का फुलाई खूब गर्धन ॥

८६

दुःखी कौरव झैं खिन्न सुखी पाण्डव झैं वनी ।
हेर्दछन् द्रौपदी–चीर–तुल्य हेमन्त–यामिनी ॥

८७

पोखरीमा बिलायेकी देखी कुमुदिनीकन ।
लागे कुमुदिनी–नाथ करुणा–वश पग्लन ॥

८८

फिका देखिन्छ अत्यन्त पङ्कले शून्य पोखरी ।
जुवामा धन फालेका जुवाडेको मुखै–सरी ॥

८९

पङ्कका रसका प्रेमी मद–मत्त मधु–व्रत ।
घुंन थाले अँगेरीका फुलमा दुःख–कर्शित ॥

९०

कहाँ बेली, कहाँ चम्पा, कहाँ मन्दार–पाटल ।
कालले गनियो खाली फुलमा तुच्छ धुर्सुल ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

९१

शीतले फुलका साना बगैंचाका बुटाहरू ।
परलोक भये धेरै रुन्छन् थोरै धुरू–धुरु ॥

९२

रस–धारा चुसी सारा तुषाराले वन–स्थली ।
गरायो नीरसाऽऽकारा छैन केही झिली–मिली ॥

९३

पुष्प–पल्लवको शोभा नभयेको वनै सब ।
बन्यो स्वाऽऽधीनता–रत्न फालेको दास झैं अत्र ॥

९४

गलेकी हिम–वर्षाले, बलेकी तपले अति ॥
गौरी झैं कलिला साना प्याहुली छन् कताकती ॥

९५

देखिन्छ वनमा यौटा फुलेको लोध हालमा ।
सिद्धि–सम्पत्तिले पूर्ण योगी झैं विश्व–जालमा ॥

९६

लेकबाट झऱ्यो सारा विवेकी कौञ्चको गण ।
देश–कालज्ञले लिन्थ्यो कूप–मण्डूकता किन? ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

९७

खलामा धानको दाईं गर्न थाले धमाधम ।
दुःखीको पसिना—पूर्ण फल्यो सारा परिश्रम ॥

९८

त्यो वेला ती दयेंराको आनन्दी रङ्ग देखदा ।
चित्तले दङ्ग भै भन्छ यै हेमन्त रहोस् सदा ॥

९९

मिहेमा धानका झुप्पा, धुंदछन गोरु धानमा, ।
दयेंरा धान वैरन्छन, मस्त छन् सव धानमा ॥

१००

म भन्थें हिममा राम्रा बुट्टा मैं भर्दछू भनी ।
भित्र देखें महाबुट्टा वन्द भो टक्क लेखनी ॥

१०१

प्रथम ऋतु नराम्रै हुन्छ हेमन्त खास
अझ्फ उस ऋतु—माथी यो छ काव्योपहास ।
अव—गुण सव छानी गर्नुहोस् दृष्टि—पात
भनि सव सँग विन्ती गर्छु यो 'लेखनाथ' ॥

इति हेमन्तविचार समाप्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६ १/२ र. मूल्य

अथ

शिशिर-विचार.

१

हैमन्तको थियो जस्तो उस्तै शिशिरको छवि ।
दुर्लभै हुन्छ दोटाको भेद छुट्याउने कवि ॥

२

उही ठगडी, उही हुस्सु, हिम-वर्षा उही सब ।
अहो ! शिशिरले सारा हऱ्यो हेमन्त-वैभव ॥

३

हेमन्तको म हूँ भाई, हुन्छु दाई-बराबर ।
भन्ने शिशिरको भित्र पक्का छ मनमा सुर ॥

४

थपी हेमन्तको-भन्दा बढ्ता वात-संकट ।
सेक्यो शिशिरले साऱै लोकका ढुङ कण्टक ॥

५

दिनहूँ तल घर्कन्छ चुलियेको हिमाऽचल ।
बिहोसी अंशमा मस्त राष्ट्र झैं मद-संकुल ॥

६

सारा शरीरमा शीत फैलिदामा पनी सब ।
अहो ! कम्प-ज्वराऽऽक्रान्त रोगी झैं काँप्छन् अब ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

७

दुर्भाग्य–चक्रले तुल्य शरीरै चर्चरी चिरी ।
हवा शिशिरको धुंछ लगातार सिरीसिरी ॥

८

हिमका बहुतै साना परमाणु हवा–भरी ।
मिलेकाछन् करौंताका तीखा दन्त–शिखा सरी ॥

९

हुर्र–हुर्र चिसो हावा हुर्हुरायेर आउँछ ।
जुरुङ्ग भै सबै अङ्ग उसले जुर्जुराउँछ ॥

१०

रोमाञ्च शिशिरैमा झैं सर्वदा उठने–भये ।
सब मानिस दुंसी झैं काँटादार हुने–थिये ॥

११

कडा बतासले जाडो जागेकोछ घरी–घरी ॥
जन–सङ्गतिले कच्चा योगीको वासना सरी ॥

१२

भू–कम्प–कालको रङ्ग पापी शिशिर ल्याउँछ ।
वस्ता–वस्तै पनी तेसै देह यो डग्डगाउँछ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१३

हात अत्यन्त आत्तिन्छन्, खुट्टा हुन्छन् लुट्ट-पुट्ट, ।
अघीको आफ्नू चाल छोडी-दिन्छ कठै !! मुट्ट ।।

१४

घरैंका हिमका थुंका खस्छन् शब्द ठुलो गरी ।
भूकम्प-कालमा अग्ला कौसी बुर्जाहरू सरी ।।

१५

आयो शिशिर-भैंचालो कमाई लोक थर्थरी ।
सफा सु घरका गाला चिरिये सब चर्चरी? ।।

१६

अडिने साहसै छैन, चाहन्छन् सब पल्टनै,?।
खुला दो-कान को राख्छ गले-बन्द-भये कुनै ।।

१७

मानीस बाहिरै निस्के चौरको खोजनी गरी ।
मरी-यो कम्पले भन्दै देखिन्न पुर-मा-धुरी ।।

१८

वर्षे-को-हि-मले कोही भये पल्टेर सोतर ।
युद्धको संझना भैंगो उत्तिखेरै सबै-तिर ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१९

मैलो शिशिर यो नामी धामी झैं जंजमाउँछ ।
थोत्रो बादलको ढ्यांग्रो ढम्म ढम्म बजाउँछ ॥

२०

शीतका मन्त्रले मन्त्री हिमको भस्म छर्दछ ।
हुर्रहुर्र हवा-रूप फूँक त्यो खूप भर्दछ ॥

२१

बेढङ्गी चालले हर्दं दन्त-माला चलाउँछ ।
मानू धूप-धुवाँ फुस्स हुस्सको त्यो उडाउँछ ॥

२२

मसिना असिना-रूप अच्छता पनि छर्छरी ।
छर्छ त्यो कहिले-काहीं सातो सकलको हरी ॥

२३

श्यालको बहुतै लम्बे शब्द-द्वारा फलाक्दछ ।
ठग्डीको देवतालाई अनेक बलि माग्दछ ॥

२४

मन्त्रले तन्त्रले हो वा लोक सान्है कमाउँछ ।
जगाई भोकको भूत रोग-दासु धपाउँछ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२५

पानी कठै ! छुना–साथ असाध्य ठिहि्र्याउँछ ।
बिच्छीका डङ्कको भत्राला तालु–सम्म पुऱ्याउँछ ॥

२६

जीवका जीवनाऽऽधार सूर्य, अग्नि, हवा, उन ।
नपाये चारमा यौटा बन्छ निर्जीव जीवन ॥

२७

आकाश रूँदिदै आयो केही मैलो–पना धरी ।
भित्री कुकर्म–चिन्ताले सतायेको मनै–सरी ॥

२८

रूँदियेका दिनै सारा विकम्बा छन् कठैवरी ! ।
दुर्भाग्य–दोषले ज्यादा दबायेका गुणी–सरी ॥

२९

अँध्यारो रूँदले गर्दा अँध्यारामा बिते दिन ।
उज्यालो मुक्ति–चेष्टा झैं नष्ट भो सूर्य–दर्शन ॥

३०

रूँदका रूपमा यद्वा शीत–व्याकुल लोकको ।
आकाशमा गिऱ्यो लामू पर्दा मलिन शोकको? ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३१

हिमको तकिया तानी ओढी त्यो रूँद–सीरक।
आफैं शिशिर लेट्योकि पन्छाई रवि–दीपक ? ॥

३२

हटदैन बिना बूँद मैलो रूँद कसै गरी।
आँशु केही नवर्षाई शोक जान्थ्यो कहाँ टरी? ॥

३३

दिक्क गर्छ सबैलाई माघको सिंसिमे झरी।
ज्यादा कचकचे थाङ्ने घर–खोते बुढो सरी ॥

३४

खुलेर जलका धारा झर्दैनन् कहिल्यै पनी।
पानी अलीअली दिन्छ मेघ कञ्जूस झैं बनी ॥

३५

वर्षाको त्यो महादानी मेघको महिमा सब।
गरीबी–पनले होकि ? खुंचियेछ पुरा अब ॥

३६

नत पानी कतै वस्छ, न कतै भल चल्दछ।
प्राणीको शान्तिका साथ खाली जमिन गल्दछ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३७

वातले खुंचिनू–पर्ने अँध्यारो माघको झरी ।
बिताउनै बडो गाऱ्हो दुःखीको जीवनी–सरी ॥

३८

न ज्यादा जल वर्षन्छ नत आकाश खुल्दछ ।
दुःखको भोग झैं लम्वा झरी लंलष्ट चल्दछ ॥

३९

कर्म–जञ्जाल झैं मैलो झरीका वशमा परी ।
गुट्टमुट्ट भै खुंचिन्छ दुनियाँ गर्भमा सरी ॥

४०

धुनीमा सब धुंमिन्छन् श्रद्धा–साथ घरी–घरी ।
दुःखमा देवता जस्तै भगवान्को वरी–परी ॥

४१

कोही काख–विषे राखी अग्निले पूर्ण अट्टल ।
योगी झैं परमाऽऽनन्दी बन्छन् बाँधेर पट्टल ॥

४२

लामा लामा बिरालीको गोडामा ताँति लाग्दछ ।
तै पनी घरमा मूसो असाध्यसित जाग्दछ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४३

लुगामाथी लुगा खाप आगो ताप घरी घरी ।
'स्यू स्यू स्यू' न गरी तेसै के जाला माघको झरी?॥

४४

काम सातो लिने मात्र नाम सातो-दिने झरी ।
कति राम्रो मिलेकोछ बाहिरी शब्द-माधुरी ॥

४५

हिमानी वयले पूर्ण दिव्य पुत्री हिमालकी ।
झरीको झ्याल खोलेर हेर्दछिन् आडमा लुकी ॥

४६

तिर्सना-जाल झैं लम्बा पन्छिदा त्यो कडा झरी ।
कान्तिले दिन झल्कन्छ शान्ति-पूर्ण मनै-सरी ॥

४७

ठाडीका पिरले मानू हिम आफैं उँधो-तिर ।
वसाई वस्न आयोकि बनाई काँठमा घर ? ॥

४८

नगीचको रुखो डाँडो हिम पर्दा हिमालको ।
देखिन्छ फेटा बाँधेको मूर्ति झैं उग्र कालको ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४९

दान्हा–तुल्य चुचे ढुङ्गा, दराड झैं धूपिका रुख, ।
बायेको पहरा–रूप चौतर्फी गहिरा मुख ॥

५०

हिमाऽचल नदी–रूप पुत्रीलाई धपाधम ।
यथेच्छ दिन लाग्योकि पेवाको रूपमा हिम ? ॥

५१

सारा नद नदी सेतो ढाँटो सलिलमा परी ।
देखिन्छन् शुकिला राम्रा श्वं.शुक्ला गराडकी सरी ॥

५२

घर्केको हिम रेलिन्छ नदीका स्रोतमा सधैं ।
संसारी जीवको सारा बुद्धिमा भवितव्य झैं ॥

५३

हिमालका नदी–भित्र हिमको त्यो कडापन ।
भरिनाले सबै लागे हिम झैं गँगन्याउन ॥

५४

त्रिशूली, कौशिकी, कृष्णा गराडकीहरुले शिर ।
लुकाये हिमको घुंटो हाली टम्म उँभोतिर ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५५

थिचदैछ तुषाराले सारा कमलको वन ।
नयाँ विचार–धाराले धर्म–जस्तै सनातन ॥

५६

पद्म–पत्र सडे सारा हिलामा ती कठैबरी ! ।
गुणग्राही नपायेर मिल्कियेका गुणी सरी ॥

५७

उस्तो जन–मनोहारी भरिलो पद्म–संहति ।
डण्ठी–शेष हुनू आजै धिक्कार विधिको गति ॥

५८

नपारी बाहिरी ताप देखाई शीतलो–पन ।
कठै !! शिशिरले सार्है शुकायो रसिलो वन ॥

५९

खडा–खडै सबै सिठ्ठी बने तेसै वनस्पति ।
प्रमेह–रोग लागेका रोगी झैं दुर्भगाऽऽकृति ॥

६०

नता वृक्ष–विषे पात, नता झार कतै रती ।
जता हेर्‍यो उतै खाली उराठै लागने अति ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६१

हालमा नयनाऽऽनन्दी हरियो कान्ति–माधुरी ।
गहुँ–वारी सिवा अन्त छैन यो पृथिवी–भरी ॥

६२

गहुँका हरिया साना पातमा बिन्दु शीतका ।
पन्ना–माथी जडायेका मोति झैं देखिये निका ॥

६३

पापी शिशिरको सेतो शीतलो शीत–निर्मित ।
छाता झैं रातमा चन्द्र देखिन्छन् शैत्य–पूरित ॥

६४

उनै पूर्ण–कलाधारी सुखकारी सुधामय ।
इन्दुका चाँदनीबाट हुन थाल्यो सदा भय ॥

६५

धामी–तुल्य सबै लोक काँपेको देखि थर्थरी ।
चन्द्रले चाँदनी–रूप खित्का छोडेकि बेसरी ? ॥

६६

चीसो तपतपाऽऽकार चाँदनी–रूप चादर ।
ओढी उग्र तपस्यामा मस्त छन्कि निशाकर ? ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६७

हालमा चन्द्रको छैन सूर्यको झैं प्रशंसन ।
भला हुन्थ्यो सदाकाल कहाँ ज्यादा नरं–पन ॥

६८

भयेदेखी हिजो आज उनै माथी उनै मनी ।
सहसा शीत–बाधाले शकदैन छुनै पनी ॥

६९

बढालू रसिला सोझा जाति–जस्ता उखूकन ।
लोक लाग्यो विजेता झैं चूर्ण पारी चपाउन ॥

७०

मुस्कीलले घुमेकाछन् कोह्ल काई–कुई गरी ।
प्रारब्धको घचेटामा बिचरा सज्जनै सरी ॥

७१

प्रारब्ध–यन्त्र झैं कोह्ल उखू विषय कर्कश ।
कष्ट–साथ चलायेर झिक्नू–पर्छ सफा रस ॥

७२

समाती कोह्लको कात्री कष्ठ–साथ कठैवरी !।
रसलोभी घुमेकाछन् लखचौरासिमा सरी ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

७३

कोह हुँदै घर्चेटिन्छन्, अँचेटिन्छन् उखू सब ।
अन्तरैमा परी जान्छ सोझाको गुण–गौरव ॥

७४

धुलो पिठो भये सारा उखू त्यो कोहमा परी ।
कालका मुखमा मानू सृष्टिको महिमा सरी ॥

७५

हेमन्त–कान्ति कालिन्दी, वासन्ती कान्ति जाह्नवी ।
प्रयाग–तुल्य दोरङ्गा माझको शिशिर–च्छबि ॥

७६

वसन्त नगिचै आयो खुले केही दशै दिशा ।
अरुणोदय–वेलामा किन हुन्थ्यो महानिशा? ॥

७७

घटदै घटदै आयो छटा हेमन्तको सव ।
सङ्ग–माफिकको रङ्ग सबैको हुन्छ वास्तव ॥

७८

उता हेमन्तको रङ्ग, यता रङ्ग वसन्तको ।
अहो ! शिशिरको तेसै पाउने अब अन्तको ? ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

७९

राम्रो वसन्त झैं पुच्छ, मैलो हेमन्त झैं शिर ।
राख्यो शिशिरले खासा चोचो-मोचो दुवै-तिर ॥

८०

पद्मिनीको महावैरी हिमको महिमा गयो ।
मालिन्य-दोषले शून्य सूर्यको विम्ब देखियो ॥

८१

मिली अव सती प्यारी पद्मिनी यो भनीकन ।
राम झैं सूर्य लागेकि ? उत्तरै-तिर फर्कन ॥

८२

वसन्तको कडा कोही अगुवा दूत झैं गरी ।
मैलो सवै सफा गर्दै सवै-तर्फ चल्यो हुरी ॥

८३

विचरा पान्थका लेखा भ्रामरीकै दशा सरी ।
लागी-रहन्छ रस्तामा दुःखदायी चिसो हुरी ॥

८४

हावाको भुमरी-भित्र धुलाको छ उही गति ।
आफना कर्मका साथ जीवको हुन्छ जो गति ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

८५

माथीबाट झरे सारा पुराना पात वर्वरी।
शक्ति-शून्य निरुद्योगी भाग्यका भक्त झैं गरी ॥

८६

लागदा पश्चिमा हावा पुराना दलको स्थिति।
बदली वृक्षले केही देखाये सम्झने मति ॥

८७

झुत्रा पात थिये अस्ती, झरे आज तिनी सब।
पालुवा पर्सि देखिन्छ छैन केही असम्भव ॥

८८

उच्च, निश्चल, निष्पत्र, ठिङ्गा वृक्षहरु सबै।
देखिन्छन् भोगको तृष्णा त्यागेका अवधूत झैं ॥

८९

मरे-तुल्य बगैंचाको कुनाकानी अलीअली।
देखिये हृदयाऽऽनन्दी रसिला कुन्दका कलि ॥

९०

कमायें जगतैलाई भनी शिशिर पागल।
खिस्स हाँस्योकि देखाई दन्त झैं कुन्द-कुड्मल ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६१

दाउरा पातका निंती बन–भित्र पसीकन ।
ग्रामीण रमणी थाले 'शालैजू' गीद् गाउन ॥

६२

तुषाराले मरे–तुल्य बनायेको वनै सब ।
घनक्क घन्क्यो त्यै गीत–प्राण–सञ्चारले अब ॥

६३

पह्लाये दुइ–चारोटा कलिका फुलका कली ।
कृत्यको तत्व जानेका विज्ञ जस्तै अली अली ॥

६४

आरू र आलुचा, आलु–वखडा पुष्प–भूषित ।
मानू वसन्तका दिव्य दूत झैं छन् उपस्थित ॥

६५

लागू जस्तो महाऽऽनन्दी फागूको रङ्गमा परी ।
विलासीजनको वृन्द रमायेको छ वेसरी ॥

६६

काव्यो जगतले जाडो धैर्य–शस्त्र लिईकन ।
रङ्गका निँहुले रक्त वहन्थ्यो नत्र यो किन? ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

९७

उडेको छ जथाभावी अबीर पुरमा सब ।
लोकमा वीरकै हुन्छ प्रतिष्ठा, मान, गौरव ॥

९८

वसन्ती रङ्गका वस्त्र पहिरीकन अङ्गमा ।
क्या मजाले डुबेकोछ दुनियाँ रस–रङ्गमा ॥

९९

यो हो श्रीकृष्ण–लीलाको रश्मि यौटा पुरातन ।
प्रकाश जसको हामी लिंदैछौं अझ पावन ॥

१००

पूर्णिमा तिथि हो आज पूर्ण भो शिशिर–स्थिति ।
भोली अवश्य देखिन्छ वसन्त मधुराऽऽकृति ॥

१०१

सकल ऋतु–विचार प्रेमका साथ हेरी
गुण जति लिनु–होला दोषलाई नटेरी ।
भनि सकल गुणीका सामने भक्ति–साथ
अतिशय झुकि विन्ती गर्छ यो 'लेखनाथ' ॥

इति

पं. लेखनाथशर्मा पौड्यालयले विरचित 'ऋतु विचार'
समाप्त· शुभम्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वि[illegible] सूचना

ऋतुविचार	मूल्य ।५८	हिन्दुस्थानलाई	कं रु	॥
सत्यकलि सम्बाद	" ।५८।	"	" कं रु	।।
दुवै एकै जिल्दमा	१।४६	"	" कं रु	१

पञ्चतन्त्र, सु[illegible] र [illegible]सम्प्राप्ति दुई भाग (प्रेसमा छ)
लक्ष्मीपूजा वा जुवाजहर (समितिरा पास हुनगयेको छ)
अरू कितावहरू पनी यथासाध्य चाँडै नै क्रमशः पाठकवर्गका अगाडी उपस्थित गर्ने प्रयत्न गर्नेछु,

बिनीत. पं. लेखनाथशर्मा पौड[illegible].

पाइने ठेगाना

पुष्पाञ्जलिपुस्तकालय, मखनटोल नेपाल.
राम भगत [illegible], मोटा[illegible] नेपाल.
मानदा[illegible], [illegible] साइकल [illegible] असन नेपाल.
साहु धर्मराजको दोकान इन्द्रचोक नेपाल.
श्रीमलाद, देवप्रसाद साईकलष्टोर (क्यालिम्पोङ)
ग्रन्थकर्ता व्हील ८० नंबर नेपाल.

Jayatu Sanskritam, Kathmandu, Nepal